एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

# बत्तिसौं साधारण सभा

घोराही, दाङ

१५ र १६ मंसिर २०८० (१ र २ डिसेम्बर २०२३)

## दस्तावेज पुस्तिका

# दस्तावेज - सूची


१. साधारण सभाको कार्यसूची (एजेण्डा) क

२. अध्यक्षको सन्देश १

३. महासचिवद्वारा प्रस्तुत नेसनल बोर्डको वर्ष २०७९/२०८० को प्रतिवेदन ३

४. कोषाध्यक्षद्वारा प्रस्तुत एम्नेस्टी नेपालः शाखाको वर्ष २०७९/२०८० को आर्थिक प्रतिवेदन ११

५. वर्ष २०२४ को वार्षिक कार्ययोजना (Operational Plan 2024) ३०

६. वर्ष २०२४ को वार्षिक बजेट (Annual Budget 2024) ३५

७. एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र नियमावली संशोधनसम्बन्धी प्रस्ताव ३६

८. एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान ९४

९. एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली १११

१०. एम्नेस्टी नेपाल सदस्यहरूका लागि अचार संहिता १२०

# बत्तिसौं साधारण सभा

घोराही, दाङ

२०८० मंसिर १५ र १६

एम्नेस्टी इन्टरनेसनल नेपाल

## प्रस्तावित कार्यक्रम (एजेण्डा)

| | |
|---|---|
| **२०८० मङ्सिर १५ (१ डिसेम्बर २०२३) शुक्रबार** | |
| ०९:०० बजेदेखि १८:०० बजे सम्म | सहभागीहरूको आगमन र नाम दर्ता |
| ११:३० - १३:०० | दिवा खाना |
| १४:०० - १५:०० | चिया, नास्ता |
| १५:०० बजेदेखि १८:०० बजे सम्म | उद्घाटन सत्र |
| १९:३० देखि | बेलुकीको खाना |
| **२०८० मङ्सिर १६ (२ डिसेम्बर २०२३) शनिबार** | |
| ०७:३० - ०९:०० | नास्ता |
| ०९:०० - ०९:३० | ह्युमन राइट्स् याक्सन |
| ०९:३० देखि | बन्द सत्र प्रारम्भ |
| ०९:३० - ०९:४५ | • गणपुरक सङ्ख्याको जानकारी<br>• प्रस्तावित कार्यक्रम (एजेण्डा) अनुमोदन<br>• गणक (Tellers) र प्रतिवेदक (Rapporteur) को नियुक्ति अनुमोदन<br>• साधारण सभा कार्यक्रम र यसको सञ्चालन ढाँचा सम्बन्धमा जानकारी |
| ०९:४५ - १०:३० | आ.व. २०७९/८० को वार्षिक कार्यक्रम प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १०:३० - ११:०० | सन् २०२४ को कार्ययोजना र बजेट प्रस्तुत/छलफल र अनुमोदन |
| *११:०० - ११:३०* | ***चिया*** |
| ११:३० - १२:१० | नेसनल बोर्डको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १२:१० - १३:०० | आ.व. २०७९/८० को आर्थिक र लेखापरीक्षण प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| *१३:०० - १४:००* | ***खाना*** |
| १४:०० - १४:१५ | आ.व. २०८०/८१ को लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिसम्बन्धी प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १४:१५ - १६:१५ | एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र नियमावली संशोधन प्रस्ताव प्रस्तुत/छलफल र अनुमोदन |
| १६:१५ - १६:३० | प्रेपकम र नोमिनेसन कमिटिको सङ्क्रमणकालीन व्यवस्थासम्बन्धी प्रस्तावमाथि छलफल र अनुमोदन |
| १६:३० - १७:०० | समापन |
| १७:०० देखि | चियापान |
| १९:०० देखि | बेलुकीको खाना |

# बत्तिसौं साधारण सभा

घोराही, दाङ

२०८० मंसिर १५ र १६

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

## अध्यक्षको सन्देश

३० कार्तिक २०८०

यस सम्मानित सभाका प्रतिनिधिज्यूहरू,




एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३२ औं साधारण सभाको सङ्घारमा हामी आइपुगेका छौं र यो हामी सबैको लागि गौरवको क्षण हो। विश्वभरी मानवअधिकारको संरक्षण र प्रवर्धन गर्ने पुनित उद्देश्यका साथ अभियानरत एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको एउटा जीवन्त इतिहासलाई हामी अभियन्ता सबैले आत्मसात र मनन गर्नै पर्ने हुन्छ। म यति बेला एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको तीसौं साधारण सभाबाट यहाँहरूले मलाई यस संस्थाको नेतृत्व गर्ने जिम्मेवारी दिनु भएको पललाई स्मरण गरिरहेको छु। हामीले  नेतृत्व सम्हाल्दै गर्दाको समय भन्दा करिब करिब एक वर्ष पहिले अर्थात सन् २०२१ को मे ७ (२०७८ वैशाख २४) मा एम्नेस्टी नेपाल शाखाले अन्तर्राष्ट्रिय सचिवालयसँग एम्नेस्टी नेपाल शाखाभित्र रहे देखिएकाकेही सुशासनका गम्भीर समस्यालाई सम्बोधन गरी आवश्यक सुधारका कदमहरू कार्यान्वयन गर्ने रणनीतिक प्रतिबद्धताका रूपमा एउटा समझदारी पत्रमा(एमओयु) हस्ताक्षर गरेको थियो। सोही प्रतिबद्धताअनुरूप निवर्तमान नेसनल बोर्डकै समयदेखि सुरूआत भएको संस्थागत सुधारका कार्यहरूलाई म र मेरो नेतृत्वमा रहेको नेसनल बोर्डले ग्रहण गरी अन्तिम निष्कर्षमा पुर्याउने लक्ष्यसहित हामीले एमओयुअन्तर्गतका बाँकी जिम्मेवारीहरूको कार्यान्वयनका लागि स्पष्ट समयरेखा सहित एउटा मार्गचित्र यहाँहरू सामु गत वर्ष नवलपरासी पूर्व, गैंडाकोटमा सम्पन्न ३१ औं वार्षिक साधारण सभामा प्रस्तुत गरेका थियौं। जसलाई यहाँहरूले सर्वसम्मतिले अनुमोदन पनि गर्नुभएको थियो। यी सबै सुधारका प्रयत्नहरूको मूल उद्देश्य एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने संरचनाहरूको प्रभावकारितामा अभिवृद्धि गर्नु र प्रभावभमूलक, फलदायी तथा अर्थपूर्ण मानवअधिकारसम्बन्धी अभियानहरूको सृजना र सबलीकरण गर्नु रहेको थियो।

वर्तमान नेसनल बोर्डले २०७९ फाल्गुनमा एआई नेपालको विद्यमान गभर्नेन्स मोडेलको मूल्याङ्कन गरी बोर्डलाई ठोस सिफारिसहरू पेश गर्ने कार्यदिशसहित मेरो संयोजकत्वमा मेम्बरसिप अडिट एण्ड रिफर्म नामक एक समिति गठन गरेको थियो। उक्त समितिले सर्वेक्षण, अन्तर्वार्ता, विभिन्न चरणका परामर्श र बैठकहरूमा आधारित रहेर एम्नेस्टी नेपालको शासन संरचना र प्रक्रियाहरूको स्वतन्त्र समीक्षा गरी सुझाव सहितको रिपोर्ट नेसनल बोर्डलाई पेश गरेको थियो जसलाई नेसनल बोर्डले ग्रहण गरी उक्त प्रतिवेदनमा आधारित रहेर विधान र नियमावली संशोधनको मस्यौदा समिति गठन गरी आवश्यक संशोधन नेसनल बोर्डमा प्रस्तुत गर्ने जिम्मेवारी प्रदान गरेको थियो। सो समितिले मस्यौदा गरी बुझाएको संशोधन मस्यौदालाई नेसनल बोर्डले सर्वसम्मत रूपमा अनुमोदन गरी यस साधारण सभामा यहाँहरूको थप, विमर्श, छलफल र

अनुमोदनका लागि पेश गरेको कुरा उल्लेख गर्न चाहन्छु। विधान र नियमावली संशोधनका मस्यौदाहरू समूह र युथनेटवर्कहरूमा पठाइसकिएकोले यहाँहरू पक्कै सो बारेमा जानकार नै हुनुहुन्छ भन्ने विश्वास पनि लिएको छु।

यस वर्षको ३२ औं साधारण सभा हाम्रा लागि अति महत्त्वपूर्ण छ किनकि हामीले यस साधारण सभाबाट हाम्रो सदस्यता वितरण प्रणाली र सुशासनका लागि प्रस्ताव गरिएका केही महत्त्वपूर्ण, दुरगामी र ठूला परिवर्तनहरूको प्रस्तावमा निर्णय गर्दैछौं। यी परिवर्तनहरू साधारणसभाबाट पारित भएर कार्यान्वयनमा गएपछि नेपालमा एम्नेस्टी इन्टरनेसनलको आन्दोलन अझ बलियो, थप समावेशी, थप सहभागितामूलक, अझ बढी लोकतान्त्रिक र मानवअधिकारको प्रभावमा केन्द्रित हुने अपेक्षा गरिएको छ। एम्नेस्टी नेपालको संस्थागत सुधार र विकास तथा सङ्क्रमणकालीन चरणको अन्त्यका लागि हामीले एउटा इमान्दार प्रयास गरेका छौं। एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय आन्दोलन र अभियानको थप विश्वास, साथ र भरोसा जगेर्ना गरिराख्न तथा संस्थाको परिदृष्य, धेय र लक्ष्य प्राप्तिका लागि प्रस्तावित प्रावधानहरूलाई हामीले एकमतका साथ अनुमोदन गरी एउटा उदाहरण पेश गर्ने छौं भन्ने मैले दृढ आशा र विश्वास लिएको छु। अन्त्यमा, यस पुनित लक्ष्य प्राप्तिका लागि यहाँहरू सम्पूर्ण सदस्यहरूको पूर्ण सहयोग र साथ हुने कुरामा विश्वासको साथ यहाँहरूको सुखद् र आरामदायी यात्राको कामना गर्दछु।

धन्यवाद,

बिपिन बुढाथोकी
अध्यक्ष, नेसनल बोर्ड
एम्नेस्टी इन्टरनेसनल नेपाल

# बत्तिसौं साधारण सभा

घोराही, दाङ
२०८० मंसिर १५ र १६

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

## महासचिवद्वारा प्रस्तुत नेसनल बोर्ड २०७९/८० को वार्षिक प्रतिवेदन

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको बत्तिसौं साधारण सभाका सम्मानित अध्यक्षज्यू, एम्नेस्टी नेपालमा आबद्ध विभिन्न समूह र युथ नेटवर्कका प्रतिनिधिज्यूहरू, पर्यवेक्षकज्यूहरू, नेसनल बोर्ड तथा पुनरावेदन समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, अन्तर्राष्ट्रिय बोर्ड र सचिवालयका पर्यवेक्षकज्यूहरू, एम्नेस्टी इन्टरनेसनलका विभिन्न शाखाहरूबाट पाल्नुभएका अतिथिज्यूहरू, पूर्व अध्यक्षज्यूहरू तथा राष्ट्रिय सचिवालयका कर्मचारीहरू,

मानवअधिकारको विश्वव्यापी सिद्धान्त, मूल्य, मान्यता र यससम्बन्धी एम्नेस्टी इन्टरनेसनलले अवलम्वन गरेको नीति र *पोजिसन*हरूमा आधारित रहेर अन्तर्राष्ट्रिय अभियानको एउटा हिस्साको रूपमा कार्यरत यस एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको गरिमामय बत्तिसौं साधारण सभामा नेसनल बोर्डका तर्फबाट यो प्रतिवेदन पेश गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु।

सम्मानित सभाका अध्यक्षज्यू एवं सभासद्ज्यूहरू,

एक करोड भन्दा बढी सदस्य एवं समर्थक रही विश्वव्यापी कार्यक्षेत्र भएको एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको सदस्य हुनु आफैंमा एउटा गौरवको विषय हो। विभिन्न आरोह-अवरोह र उतार चढाव झेल्दै लामो अनुभवबाट खारिएर आजको यस बत्तिसौं साधारण सभासम्म आइपुग्दा एम्नेस्टी नेपालले आफ्नो गभर्नेन्सका सवालमा अग्रगामी, प्रगतिशील, समावेशी र एउटा स्पष्ट दिशावोधसहितको दिगो र चिरस्थायी मार्ग पहिल्याउने सवालमा अनेकन कोशेढुङ्गाहरू पार गर्दै अघि बढिरहेको छ। मानवअधिकारसम्बन्धी कार्यगत दक्षतामा पनि नयाँ खुड्किलाहरू पार गरी उद्देश्यसार्थक (fit-for-purpose) गतिविधिहरू सञ्चालनको तौर, तरिका, विधि र पद्धतिमा नयाँ सुरूवातहरू हुन थालेका छन्।

श्रोत र साधनको सीमितताका बाबजुत संस्थाको मूल आदर्श र कार्यक्षेत्रलाई आत्मसात गर्दै तपाईं हामी सबैले एम्नेस्टी नेपालअन्तर्गतका विभिन्न अभियानहरू सञ्चालन गर्ने तथा यस्ता अभियानहरूमा साथ, सहयोग र समर्थन गर्दै आइरहेकै छौं। स्थानीय समूह र युथनेटवर्कहरूमा आबद्ध रहनु भएका र व्यक्तिगत तवरमा एम्नेस्टीको मानवअधिकार अभियानबाट अभिप्रेरित भएर यस संस्थामा जोडिन आउनुभएका तमाम सदस्यहरूको क्रियाशीलता र सक्रियताले एम्नेस्टी नेपाल थप सशक्त र प्रभावकारी बन्दै गइरहेको छ। नेसनल बोर्डले आगामी दिनमा थप यस्तै क्रियाशीलताको अपेक्षा गरेको छ।

स्वयंसेवी रूपमा मानवअधिकार अभियान सञ्चालन गर्ने सवालमा धेरै चुनौतीहरू अवश्य छन्। मानवअधिकार रक्षाको कर्म सहज छैन। यसमा जोखिम, अभाव र कठिनाइहरू छन्। तथापि तपाईं हामी सबैले मानवअधिकारको मूल्य, मान्यता र सोबमोजिमको संस्कृति निर्माण गर्ने कुराको महत्त्वलाई बुझ्न आवश्यक छ। हामीले हाम्रो समाजलाई न्याय र समतामा आधारित, विधिको शासन र पद्धतिमा चलेको, आपसी सद्भाव, भाइचारा, भातृत्व र शान्तिपूर्ण सहअस्तित्वमा आधारित समुन्नत र सुसंस्कृत बनाउनु छ जहाँ हाम्रा भावी सन्ततिहरूले असल शासन र मानवअधिकारमैत्री व्यवहारको अनुभव गर्न सक्ने छन्। तपाईं हाम्रो यस स्वेच्छिक र स्वयंसेवी मानवअधिकार अभियानमार्फत हामीले विधिको शासनमा अडिएको र मानवीय मूल्य, मान्यता र दर्शनमा आधारित मानवअधिकारमैत्री समाज र व्यवस्थाका लागि अरू धेरै जनमानसलाई थप

उत्प्रेरित गर्नुपर्ने आवश्यकता रहेको छ। त्यसैले यस महाअभियानमा अविचलित नभई सम्पूर्ण निष्ठाका साथ "सेवा नै परम धर्म" हो भन्ने भावनाका साथ निरन्तर सक्रिय रूपमा क्रियाशील रहन यहाँहरू सबैमा नेसनल बोर्डको तर्फबाट पुनः अनुरोध गर्दछु।

आदरणीय सभासद्ज्यूहरू, यहाँहरूलाई विदितै छ यस नेसनल बोर्डले एम्नेस्टी नेपाल र अन्तर्राष्ट्रिय सचिवालयका बीच सन् २०२१ मा हस्ताक्षर भएको समझदारी पत्र (एमओयु) अनुरूप एम्नेस्टी नेपालको सदस्यता वितरण प्रणाली र सुशासन व्यवस्थामा सुधार गर्ने महत्त्वपूर्ण कार्यदिशका साथ काम गरिरहेको छ। सन् २०२२ अप्रिलमा निर्वाचित भएयता यस बोर्डद्वारा त्यस सन्दर्भमा महत्त्वपूर्ण कार्यहरू भएका छन् र यस साधारण सभाबाट संस्थालाई नयाँ दिशा र गति दिने उद्देश्यका साथ हजारौं सदस्य र अन्य साझेदारहरूसँगको लामो र सघन परामर्श र मन्थनमा आधारित रहेर प्रस्ताव गरिएका विधान र नियमावली संशोधनका महत्त्वपूर्ण प्रस्तावहरू सर्वसम्मतिले अनुमोदन भई कार्यान्वयनमा जाने कुरामा नेसनल बोर्ड पूर्ण विश्वस्त रहेको छ।

अध्यक्षज्यू एवं यस सभाका सम्मानित सभासदज्यूहरू,

गत आर्थिक वर्ष २०७९/८० मा नेनसल बोर्डले गरेका गभर्नेन्ससम्बन्धी गतिविधिहरूलाई समेटेर यो प्रतिवेदन तयार पारिएको छ। यस प्रतिवेदनमा **मिति २०७९ साल साउन १ देखि २०८० असार मसान्त** सम्म नेसनल बोर्डद्वारा भए गरिएका नीतिगत निर्णय लगायतका अन्य कार्यहरूको संक्षिप्त विवरणलाई समावेश गरिएको छ।



*एकतिसौं साधारण सभाको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि प्रतिनिधि सभाका नवनिर्वाचित सदस्य बद्रीप्रसाद पाण्डेज्यू*

## १. एकतिसौं साधारण सभा :

एम्नेस्टी इन्टरनेसनल नेपालले आफ्नो एकतिसौं साधारण सभा **२०७९ पौष २ गते (तदनुसार सन् २०२२ डिसेम्बर १७)** नवलपरासी जिल्ला (सुस्ता पूर्व)को गैंडाकोट नगरपालिकामा सम्पन्न गरेको थियो। उक्त साधारण सभामा एम्नेस्टी नेपालमा आबद्ध देशभरका **५५ समूह** र **४० युथनेटवर्कबाट** दुई दुई जना र समर्थक सदस्यको तर्फबाट दुईजनासमेत गरी **१७३ जना** मताधिकारसहितका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। त्यसैगरी एउटा निर्माणाधीन समूहबाट **दुई जना** पर्यवेक्षक, समूह र युथनेटवर्कबाट निर्धारित समयभन्दा पछि साधारण सभामा सहभागिताका लागि नाम सिफारिस प्राप्त भएकोमा नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा सहभागी गराइएका समूह र युथनेटवर्कका **११ जना पर्यवेक्षक**, नेसनल बोर्डका **१० जना** पदाधिकारी र सदस्य, पुनरावेदन समितिका संयोजक **(१ जना)**, एम्नेस्टी नेपाल शाखाका **पूर्व अध्यक्षहरू (५ जना)**, नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा आमन्त्रित विभिन्न समितिका संयोजक र सदस्यहरू **(१२ जना)**, एम्नेस्टी इन्टरनेसनलका इन्टरनेसनल




*एकतिसौं साधारण सभामा सम्बोधन गर्नुहुँदै अध्यक्ष बिपिन बुढाथोकीज्यू*

नोमिनेसन कमिटि सदस्य पासाङ शेर्पा **(१ जना)**, राष्ट्रिय सचिवालयका कर्मचारी **(१० जना)**, स्वयंसेवक **(५ जना)** र प्रमुख अतिथि र अन्य अतिथिहरू **(१७ जना)** गरी **२४७ जनाको** उक्त साधारण सभामा उपस्थिति रहेको थियो।

३१ औं साधारण सभाले आ.व. २०७८/२०७९ को वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदनका साथै सन् २०२३ को वार्षिक कार्ययोजना र बजेट पारित गर्नुका साथै मानवअधिकारसम्बन्धी विभिन्न विषयहरूमाथि छलफल चलाएको थियो।

साधारण सभाले संस्थाको आ.व. ०७८/०७९ को आर्थिक/लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने, आ.व. ०७९/०८० को लेखा परीक्षणका लागि लेखापरीक्षक नियुक्तिका लागि नेसनल बोर्डलाई जिम्मेवारी तोक्ने, नेसनल बोर्डद्वारा प्रस्तुत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको गभर्नेन्ससम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, निर्देशकद्वारा प्रस्तुत आ.व. ०७८/०७९ को कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, पुनरावेदन समितिका संयोजकद्वारा प्रस्तुत पुनरावेदन समितिको प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने निर्णय गरेको थियो।

त्यसैगरी यस साधारण सभाले सन् २०२३ का लागि निर्देशकद्वारा प्रस्तुत कार्यक्रम (वार्षिक कार्ययोजना) र बजेटमाथि छलफल गरी अनुमोदन गर्ने निर्णय पनि गरेको थियो। साधारण सभामा मुक्तिनाथ अधिकारीका ज्येष्ठ सुपुत्र सुमन अधिकारीलाई **मानवअधिकार रक्षक २०२२ सम्मान पत्रद्वारा** सम्मानित गरिएको थियो। साथै उहाँलाई एम्नेस्टी नेपालले रू. २१ हजार नगद राशिको सम्मान पनि प्रदान गरेको थियो। सम्मान कार्यक्रमपछि बोल्नुहुँदै अधिकारीले एम्नेस्टी नेपाललाई धन्यवाद व्यक्त गर्नुहुँदै न्यायको सङ्घर्षमा लागेको यति धेरै समय हुँदा पनि सरकारले बेवास्ता गरेको र पीडितलाई उपेक्षा गरी दण्डहीनताको संस्कृतिलाई बढाइरहेको सन्दर्भमा आफूले प्राप्त गरेको सम्मानप्रति पनि शङ्का जनाउनुहुँदै सरकारलाई पीडितको न्यायको अधिकारमा विचलन नल्याउन र औषधि उपचारसमेत नपाएर मरिरहेका पीडितका चित्कारको संबोधन गर्न माग गर्नुभएको थियो। साथै एम्नेस्टी नेपालसँग आगामी दिनमा विभिन्न गतिविधिहरूमा अझ थप सक्रियताका साथ सहकार्य गर्ने प्रतिबद्धता पनि जनाउनुभएको थियो।



*एकतिसौं साधारण सभामा मानवअधिकार रक्षक २०२२ सम्मान पत्र ग्रहण गर्नुहुँदै सुमन अधिकारीज्यू*

उक्त साधारण सभामा मिति २०५३ मंसिर ४ गतेदेखि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखामा नियुक्त भई विभिन्न भूमिकामा रहेर काम गर्नुभई अहिले मेम्बरसिप इन्चार्जको भूमिकामा रहनुभएका कर्मचारी चक्र कुमार प्रधानलाई रू. ५१ हजार पुरस्कारसहित कदर पत्र प्रदान गरिएको थियो।



*एकतिसौं साधारण सभामा कदर पत्र ग्रहण गर्नुहुँदै चक्र कुमार प्रधान*



*एकतिसौं साधारण सभाका सहभागी प्रतिनिधिहरू*




*एकतीसौं साधारण सभाको अन्त्यमा गरिएको "पेअप फिफा एण्ड कतार" लेखिएको ब्यानरसहित गरिएको ह्युमन राइटस् याक्सन*

### २. नेसनल बोर्डको बैठक :

आर्थिक वर्ष २०७९/८० को अवधिमा एम्नेस्टी नेपालको नेसनल बोर्डको जम्मा छपटक बैठक सम्पन्न भएका छन् । ती बैठकहरू निम्न मिति र स्थानमा बसेका थिए :

(१) २०७९ भाद्र ३ र ४ गते (१९ र २० अगस्ट २०२२) - राष्ट्रिय सचिवालय - नियमित
(२) २०७९ असोज ७ र ८ (२३ र २४ सेप्टेम्बर २०२२) - राष्ट्रिय सचिवालय - नियमित
(३) २०७९ मंसिर १५ र १६ (०१ र ०२ डिसेम्बर २०२२) - राष्ट्रिय सचिवालय - नियमित
(४) २०७९ पौष १ गते (१६ डिसेम्बर २०२२) - द नारायणी रिसोर्ट, गैंडाकोट - नियमित
(५) २०७९ फाल्गुन ९ र १० गते (२१ र २२ फेब्रुअरी २०२३) - राष्ट्रिय सचिवालय - नियमित
(६) २०८० जेठ १३ र १४ (२७ र २८ मे २०२३) - राष्ट्रिय सचिवालय - नियमित

उल्लिखित नेसनल बोर्ड बैठकमा विविध प्रकृतिका निर्णयहरू भएका छन् जसलाई नियमित रूपमा सदस्यहरूमाझ संप्रेषण गरिएको छ। यसमध्येको सबैभन्दा महत्त्वपूर्ण निर्णयहरूमा निर्णय नं १४५९ रहेको

थियो जसले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा र अन्तर्राष्ट्रिय सचिवालयबीच भएको समझदारी पत्र (MoU) अनुसार एम्नेस्टी नेपाल शाखाको सदस्यता प्रणालीको समीक्षा र मूल्याङ्कन गरी संस्थाको मानवअधिकार उद्देश्य सार्थक हुनेगरी सदस्यता प्रणालीको पुनर्संरचनालगायतका कार्य सम्पन्न गर्ने प्रयोजनका लागि अन्तर्राष्ट्रिय सचिवालयको एक जना विज्ञ सल्लाहाकार सम्मिलित देहायको पाँच सदस्यीय ***मेम्बरसिप अडिट एण्ड रिफर्म कमिटि*** गठन गरेको थियो।

तपसिल

१) नेसनल बोर्ड अध्यक्ष बिपिन बुढाथोकी, **संयोजक**

२) नेसनल बोर्ड सदस्य मञ्जु बिश्वकर्मा, **सदस्य**

३) नीति, रणनीति तथा योजना तर्जुमा सल्लाह समितिका संयोजक पार्वता आचार्य, **सदस्य**

४) संस्थागत विकास र सदस्यता परिचालन समितिका संयोजक सुमन बसौला, **सदस्य**

५) अन्तर्राष्ट्रिय सचिवालयले तोकेको सल्लाहकार

कमिटिमा अन्तर्राष्ट्रिय सचिवालयले मुभमेन्ट बिल्डिङ्ग टिमका उपनिर्देशक जेरी बर्नासलाई सल्लाहकारका रूपमा सिफारिस गरेको थियो। कमिटिले विभिन्न समयमा आवश्यकताअनुसारको बैठक बसी कार्ययोजना तय गरी आफ्नो कारबाहीलाई अगाडि बढाएको थियो। कमिटिले एम्नेस्टी नेपालका पूर्व अध्यक्षहरू, विभिन्न समितिका संयोजक र सदस्यहरू, कर्मचारी, समर्थक सदस्यका साथै विभिन्न ११ वटा क्षेत्रमा आयोजना गरेका ११ वटा क्षेत्रीय परामर्श बैठकमा सहभागी भएका समेत गरी एक हजार हाराहारीका सदस्यहरूको राय, धारणा, अपेक्षा, विचार, गुनासो र सुझावहरूलाई ग्रहण गर्दै सोही आधारमा नेपाल शाखाको सदस्यता वितरण र सुशासन प्रणालीको नयाँ स्वरूपको मार्गचित्र प्रस्तुत गर्दै नेसनल बोर्डलाई प्रतिवेदन पेश गरेको थियो।

सो प्रतिवेदनलाई नेसनल बोर्डको मिति २०८० असोज १९ गते बसेको बैठकले ग्रहण गरी अध्यक्ष बिपिन बुढाथोकीको संयोजकत्वमा निर्देशक निराजन थपलियासम्मिलित दुई सदस्यीय विधान संशोधन समिति गठन गरी उक्त प्रतिवेदनको सिफारिसको आधारमा विधान र नियमावली संशोधन मस्यौदा गरी नेसनल बोर्डमा पेश गर्न जिम्मेवारी दिएको थियो। विधान संशोधन समितिले पेश गरेको एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र सम्बन्धित नियावलीहरूको संशोधन मस्यौदालाई मिति २०८० कार्तिक १४ र १५ गते बसेको नेसनल बोर्डको बैठकले सर्वसम्मतिले अनुमोदन गरी ३२ औं साधारण सभामा पेश गर्ने निर्णय गरेको थियो।

## ३. ग्लोबल गभर्नेन्समा सहभागिता

### *एसिया प्यासिफिक रिजनल फोरम*

सन् २०२३ को एसिया प्रशान्त क्षेत्रीय बैठक अप्रिल २७ देखि ३० सम्म अस्ट्रेलियाको सिड्नीमा आयोजना गरिएको थियो। रिजनल फोरममा नेपाल लगायत एसिया प्रशान्त क्षेत्रका अन्य ११ शाखाहरू (इन्डोनेसिया, थाइल्याण्ड, ताइवान, हङकङ, मङ्गोलिया, फिलिपिन्स, मलेसिया, न्युजिल्याण्ड, अस्ट्रेलिया, जापान र दक्षिण कोरिया)को सहभागिता रहेको थियो। इन्टरनेसनल बोर्डका सदस्यद्वय क्रिस्टोफ अल्बर्ट्स् र फाबिओला आर्स का साथै अन्तर्राष्ट्रिय सचिवालयबाट महासचिव आग्नेस कलामार, सिनियर डाइरेक्टर डिप्रोस मुचेना, दक्षिण एसिया क्षेत्रीय कार्यालय निर्देशक यामिनि मिश्र, प्रेपकम सदस्य रोसलिन नुनान्, इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य मारियल बेलेस्की लगायतको उक्त फोरममा सहभागिता रहेको थियो। नेपाल शाखाको प्रतिनिधित्व गर्दै अध्यक्ष बिपनि बुढाथोकी, बोर्ड सदस्य गरिमा पाण्डेय र मेरो सहभागिता रहेको थियो।

यस कार्यक्रमको उद्घाटन सत्र रोचक रहेको थियो। अस्ट्रेलियाको भूमि त्यहाँका आदिवासीहरूको रहेको र सार्वभौमसत्ता उनीहरूबाट कहिल्यै नछिनिएको तथा उनीहरूको भूमि विगत, वर्तमान र भविष्यमा पनि आदिवासी भूमि रहनेछ ("This land belongs to the Gadigal people, and sovereignty was never ceded to them. This land was, is, and will always be aboriginal land.") भन्ने स्वीकारोक्तिका साथ एम्नेस्टी अस्ट्रेलियाका अध्यक्ष मारियो र निर्देशक सामद्वारा उद्घाटन गरिएको कार्यक्रममा आदिवासीहरूले "खराब आत्मा (bad spirit)"लाई धपाउन, शुभेच्छा प्रकट गर्न र आध्यात्मिक भावका लागि गर्ने स्मोकिङ् सेरमोनी (smoking ceremony)को पनि आयोजना गरिएको थियो। यसका लागि एकजना आदिवासी अभियन्ताले सहभागिता जनाउनुभएको थियो। अर्को रोचक कुरा भने के रहेको थियो भने प्रत्येक नयाँ सत्रमा अस्ट्रेलियन शाखाका प्रतिनिधिहरूले आदिवासीहरूको भूमि उनीहरूकै नै रहेको कुराको स्वीकारीक्तलाई दोहोराइराखेका थिए। यसले सहभागीहरूमा एउटा अजिब अनुभूति (surreal feeling) हुने गर्दथ्यो।

त्यसपछि एम्नेस्टीको चालु ग्लोबल स्ट्राटिजिक फ्रेमवर्कको "डेलिभरी"का सवालमा "रिफ्लेक्सन" भएको थियो। वर्ल्ड क्याफे स्टाइलमा गरिएको उक्त सेसनमा एम्नेस्टी नेपालको "इम्प्याक्ट स्टोरी" पनि सेयर गरिएको थियो। यस सवालमा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूको आवासको अधिकार प्राप्तिमा एम्नेस्टी नेपालले गरेका केही कदमहरू (सार्वजनिक सरोकार मुद्दा दर्ता गर्नमा सहयोग आदि) का बारेमा चर्चा गरिएको थियो। त्यसपछि इन्टरनेसनल नोमिनेसन कमिटिले विभिन्न अन्तर्राष्ट्रिय भूमिकाहरूमा रिक्त रहेका स्थानहरूमा आवेदन माग गरिएको र सोको प्रकृयाका बारेमा जानकारी गराएको थियो। त्यसपछि डाइरेक्टर, चेयर, युथ डेलिगेट र अन्य डेलिगेटहरूको ब्रेकआउट सेसनहरू भएका थिए। युथ डेलिगेटहरूले एम्नेस्टी अस्ट्रेलियाको कार्यालयमा गएर भर्चुअल छलफल गरेका थिए। उक्त छलफललाई यहाँ https://drive.google.com/file/d/1jN-3PjqgajzRmbGuunRYmabw1fJebk91/ हेर्न सकिन्छ।



*रिजनल फोरममा सहभागीहरूको सामूहिक तस्वीर*

दोश्रो दिनको सत्र एम्नेस्टी इन्टरनेसनलकी महासचिव आग्नेस कालामारसँगको संवादबाट सुरू भएको थियो जसमा शाखाका प्रतिनिधिहरूले एम्नेस्टीको अबको कार्यशैली, लक्ष्य, चुनौती लगायत एसिया प्यासिफिक र अन्य क्षेत्रका मानवअधिकारका सवालमा अन्तर्क्रिया गरेका थिए। त्यसपछि डेप्रोस मुचेनाले *"अथोरिटेरियन्ज् टुलकिट (Authoritarian's toolkit)"* शीर्षकमा प्रस्तुती राख्दै एम्नेस्टी इन्टरनेसनल तथा खासगरी मानवअधिकार र न्यायका सवालमा आवाज उठाउने अन्य नागरिक संस्थाहरूले खेप्दै आइरहेका

"एक्जिस्टेन्सियल थ्रेट"हरूका बारेमा विमर्श गरेका थिए। यस्तो सन्दर्भमा एम्नेस्टी हङकङलाई जसरी भर्चुअल शाखाका रूपमा अघि बढाउने प्रयत्न गरिराखिएको छ अन्य सन्दर्भमा पनि त्यसलाई "रेप्लिकेट" गर्नुपर्ने हुन सक्ने विषयमा छलफलहरू भएका थिए। त्यसपछि *एन्टिरेसिज्म*सम्बन्धी सत्र सञ्चालन भएको थियो जुन निकै सशक्त र प्रभावकारी रहेको थियो। तेश्रो दिनको सबैभन्दा चाखलाग्दो छलफल सत्रमा "लुमेन" नाम दिइएको ग्लोबल गभर्नेन्स रिफर्मसम्बन्धी छलफल रहेको थियो। एम्नेस्टी इन्टरनेनसलको अहिलेको स्वरूपलाई मूल्याङ्कन गरी संस्थाको "मोडल"का बारेमा "रिइम्याजिन" गर्न इन्टरनेसनल बोर्डले परिकल्पना गरेको संस्थागत सुधार परियोजनाका रूपमा यसलाई ब्याख्या गरिएको छ। अगस्टमा आयोजित ग्लोबल असेम्ब्लीमा पनि यससम्बन्धी सत्र सञ्चालन गरिएको थियो। सन् २०२४ को ग्लोबल असेम्ब्लीमा एम्नेस्टी इन्टरनेसनलेको गभर्नेन्ससम्बन्धी नयाँ अवधारणा निर्णयार्थ प्रस्तुत गर्ने परियोजनाको रोडम्याप रहेको बताएको छ।

उपरोक्त सत्रहरूको अलावा रिजनल फोरममा कनेक्सन र नेटवर्कको राम्रो अवसर प्राप्त भएको थियो। महासचिव आग्नेस कलामारसँग नेपाल शाखाका डेलिगेट्स् टोलीले छोटो भलाकुसारी गर्ने अवसर पनि पाएको थिए। उहाँले एम्नेस्टी नेपालको उपलब्धिमा प्रशन्नता व्यक्त गर्दै नेपाल शाखामा जारी रहेको रिफर्मको यात्राका बारेमा केही जिज्ञासाहरू राखुभएको थियो। उहाँले सन् २०२४ मा आफूले नेपाल भ्रमण गर्न चाहेको पनि बताउनुभएको छ।

***ग्लोबल असेम्ब्लीमा एम्नेस्टी नेपाल शाखाको सहभागिता***




सन् २०२३ को अगस्ट ३ देखि ६ सम्म बेल्जियको ब्रसेल्समा चार वर्षपछि आयोजना गरिएको भौतिक उपस्थिति सहितको ग्लोबल असेम्ब्लीमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको सहभागिता रह्यो। अध्यक्ष बिपिन बुढाथोकी, महासचिव शचिता कुईंकेल र निर्देशक निराजन थपलियाले उक्त असेम्ब्लीमा सहभागिता जनाएका थिए। यस वर्षको असेम्ब्ली मोसन फ्रि भएकोले एजेण्डाहरू प्रायशः नेटवर्किङ्ग, रणनीतिक छलफल, गभर्नेन्स रिफर्मअन्तर्गतको लुमेन कार्यक्रम, मानवअधिकारका विश्वव्यापी चुनौती र प्राथमिकताका विषयहरू, विश्वव्यापी घोषणापत्र जारी भएको ७५ वर्षको सन्दर्भमा आयोजना गरिन लागेका कार्यक्रमहरू, वार्षिक प्रतिवदेनमाथि छलफल र अनुमोदन तथा बजेटमा छलफल र अनुमोदन आदिमा केन्द्रित थिए। साथै यस वर्षको असेम्ब्लीले विभिन्न पदहरूमा निर्वाचन पनि सम्पन्न गरेको थियो।

## ४. भौतिक सम्परीक्षण प्रतिवेदनः

एम्नेस्टी नेपालमा रहेका भौतिक सम्पत्तिहरूको सम्परीक्षण गर्ने काम राष्ट्रिय सचिवालयबाट सम्पन्न भएको छ। निर्देशकद्वारा प्रस्तुत भौतिक सम्परीक्षण प्रतिवेदन २०७९/८० लाई बोर्डले ग्रहण गरी एम्नेस्टी

नेपालमा भएका सम्पूर्ण भौतिक सम्पत्ति/वस्तु तथा जिन्सी रेकर्ड रूजु निरीक्षण समेत गरी सो भौतिक सम्पत्तिको प्रतिवेदन स्वीकृत गरिएको छ ।

**५. लेखापरीक्षणः**

३१ औं साधारण सभामा नेसनल बोर्डद्वारा प्रस्तुत लेखापरीक्षक नियुक्तिको प्रस्तावमा आवेदक विभिन्न लेखापरीक्षकहरूमध्ये कुनै एकबाट लेखापरीक्षण गराउन नेसनल बोर्डलाई अधिकार प्रत्यायोजन भएबमोजिम प्रस्तावितमध्येकै एक लेखापरीक्षक खतिवडा दिपेश एण्ड एसोसिएट्स् कम्पनीद्वारा आ.व. २०७९/८० को लेखापरीक्षण गराउने काम सम्पन्न गरिएको छ। लेखापरीक्षण प्रतिवेदन सबै समूहहरूमा प्रेषित गरिसकिएको हुँदा त्यसबाट संस्थाको आयव्ययको अवस्थाका बारेमा यस सभाका सभासदज्यूहरूले जानकारी हाँसिल गर्नु भएकै छ ।

**सम्मानित यस सभाका अध्यक्षज्यू एवं सभासदज्यूहरू,**

मानवअधिकार अभियानमा दृढ भइ विश्वव्यापी रूपमा कार्यरत एम्नेस्टी इन्टरनेसनल परिवारका हामी सबै अभियन्ताहरू अगाडि आइपर्ने चुनौतीहरूको सामना गर्दै निरन्तर अघि बढि नै रहनेछौं भन्ने दृढ विश्वास लिएको छु । एम्नेस्टी नेपालको नेसनल बोर्ड यस यात्रामा सदैव आफ्ना सम्पूर्ण सदस्य र शुभचिन्तकहरूलाई साथ र सहयोग प्रदान गर्न सदा तत्पर रहेको कुरा यहाँ पुनः दोहोऱ्याउन चाहन्छु ।

धन्यवाद ।

शचिता कुइँकेल
महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल
२०८० कार्तिक १४

## कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को आर्थिक प्रतिवेदन

**अध्यक्ष महोदय तथा सभासदज्यूहरू,**

यस सम्मानित साधारण सभामा आर्थिक वर्ष २०७९/०८० को आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु। एम्नेस्टी इन्टरनेसनल नेपालको यस आर्थिक विवरणले आर्थिक वर्ष २०७९/०८० को २०७९ साउन १ गते (१७ जुलाई २०२२) देखि २०८० असार मसान्त (१६ जुलाई २०२३) सम्मको आय व्यय विवरणलाई समेटेको छ।

### एम्नेस्टी नेपाल एक अभियानमुखी संस्था

एम्नेस्टी इन्टरनेसनल नेपाल एक अभियानमुखी संस्था हो। एम्नेस्टी नेपालमा आबद्ध सदस्यहरू यसले सञ्चालन गर्ने अभियानमा स्वयंसेवी र निस्वार्थ रूपमा मानवअधिकारको रक्षार्थ योगदानरत हुनुहुन्छ।

### एम्नेस्टी इन्टरनेसनलको आर्थिक स्रोत

एम्नेस्टी इन्टरनेसनलले स्वतन्त्रता र निष्पक्षता कायम राख्न अभियान सञ्चालन र अनुसन्धानका कामका लागि कुनै पनि सरकार र राजनीतिक दलबाट आर्थिक अनुदान लिँदैन। यसका शुभेच्छुक र समर्थकबाट प्राप्त हुने आर्थिक सहयोग, अर्थ सङ्कलनका विभिन्न कार्यक्रमबाट प्राप्त रकम, सदस्यता शुल्क तथा विभिन्न देशमा रहेका राष्ट्रिय शाखाहरूले प्रत्येक वर्ष अनिवार्य बुझाउने रकम नै यसको प्रमुख आर्थिक स्रोत हो ।

### एम्नेस्टी नेपालको आर्थिक स्रोत

एम्नेस्टी नेपालको नियमित श्रोतअन्तर्गत सदस्यता शुल्क, समूह/वार्षिक साधारण सभा दर्ता शुल्क, अर्थ सङ्कलन कार्यक्रमहरू, प्रकाशन एवं उत्पादित अन्य सामग्रीको बिक्रीबाट प्राप्त रकम आदि रहेका छन् भने अभियान सञ्चालन, प्रकाशन तथा कार्यालय सञ्चालन खर्चका लागि आर्थिक स्रोतको ठूलो हिस्सा हालसम्म एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयद्वारा व्यवस्थित गरेको "र्याम"बाट प्राप्त भइआएको छ ।

### स्वतन्त्र, निष्पक्ष, पारदर्शी संस्था र आर्थिक पारदर्शिता

संस्थाले देशका कुनैपनि राजनीतिक दल वा सरकारबाट कुनैपनि किसिमको आर्थिक सहयोग लिँदैन तसर्थ यो आफैंमा स्वतन्त्र संस्था हो। विगतका वर्षहरूमा झैं यस वर्ष पनि आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन नेसनल बोर्ड बैठकले पारित गरेपश्चात संस्थामा आबद्ध समूहहरू मार्फत सदस्यहरूलाई नियमित सर्कुलर गराइ पेश गरिनेछ। यसका साथै सार्वजनिक दस्तावेजको रूपमा वितरण गर्न तयार गरिएको यस संस्थाको वार्षिक प्रतिवेदन र साधारण सभाको दस्तावेज पुस्तिकामा लेखापरीक्षण प्रतिवेदनलाई अनिवार्य रूपमा समावेश गरिने गरिन्छ। साधारण सभाका सबै समूह/युथ नेटवर्कका प्रतिनिधि र साधारण सभाका सहभागीहरूलाई उपलव्ध गराई छलफल गरिन्छ।

साधारण सभाले लेखापरीक्षण प्रतिवेदन पारित गरे लगत्तै पत्रकार सम्मेलन आयोजना गरी अघिल्लो आ.व.मा के कस्ता कामहरू गरिए र कहाँबाट कति रकम प्राप्त भई के के काममा कति कति रकम खर्च भयो भनी सार्वजनिक गरी सामाजिक लेखापरीक्षण समेत गर्ने गरिएको छ।

साधारण सभाबाट लेखापरीक्षण प्रतिवेदन पारित भएपछि सो प्रतिवेदन जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषद, एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालय लगायतका निकायहरूमा पेश गरिनेछ। यसका अलावा कुनै पनि व्यक्ति वा संस्थाले यस संस्थाको लेखापरीक्षण प्रतिवेदन वा आर्थिक कारोबारको सम्बन्धमा सूचना माग गरेमा तुरुन्त उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

## आयव्यय विवरण

यस संस्थाको आ.व. २०७९/०८० मा आम्दानी तर्फ रु. २,९८,५०,६९७।०० (दुई करोड अन्ठानब्बे लाख पचास हजार छ सय सन्तानब्बे रूपैया) रहेको छ भने खर्च तर्फ रु. ३,३२,५९,११४।०० (तीन करोड बत्तिस लाख उनान्साठी हजार एक सय चौध रूपैया) रहेको छ।

### क) आय विवरण

आ.व. २०७९/०८० को आम्दानी तर्फको रु. २,९८,५०,६९७/०० (दुई करोड अन्ठानब्बे लाख पचास हजार छ सय सन्तानब्बे रूपैयाँ) मा अन्तर्राष्ट्रिय सचिवालयबाट Resource Allocation Mechanism (RAM Grant) अन्तर्गत प्राप्त रकम रु २,७२,३७,९९०/०० (दुई करोड बहत्तर लाख सैंतिस हजार नौ सय नब्बे रूपैयाँ) सदस्यता शुल्क बापत प्राप्त रकम रु. ९,६५,९२०/०० (नौ लाख पैंसट्ठी हजार नौ सय बिस रूपैयाँ) र अन्य रु. १६,४६,७८७/०० (सोह्र लाख छयालिस हजार सात सय सतासी रूपैयाँ) समावेश गरिएको छ।

कुन कुन शीर्षकमा कति कति आम्दानी भए भन्ने विस्तृत विवरण लेखापरीक्षण प्रतिवेदनको अनुसूची ५ मा उल्लेख गरिएको छ।

आ.व. २०७९/०८० को खर्चतर्फ रु. ३,३२,५९,११४/०० (तीन करोड बत्तिस लाख उनान्साठी हजार एक सय चौध रूपैयाँ) मा **कार्यक्रमतर्फ** रु. १,७८,०१,४८४/०० (एक करोड अठहत्तर लाख एक हजार चार सय चौरासी रूपैयाँ) र **प्रशासनतर्फ** रु. १,४५,३१,८१७/०० (एक करोड पैंतालिस लाख एकतिस हजार आठ सय सत्र रूपैयाँ) समावेश छ।

कुन कुन शीर्षकमा कति कति खर्च भए भन्ने विस्तृत विवरण लेखापरीक्षण प्रतिवेदनको अनुसूची ६ मा उल्लेख गरिएको छ।

### ख) बैङ्क मौज्दात, पेश्की, अग्रिम भुक्तानी र दायित्व विवरण

आ.व. २०७९/०८० आषाढ मसान्तसम्म कुल रु.२,३०,५७,११०/०० (दुई करोड तीस लाख सन्ताउन्न हजार एक सय दस रूपैयाँ) बैङ्क मौज्दात रहेको छ।

आ.व. २०७९/०८० आषाढ मसान्तसम्म संस्थाको पेश्की र अग्रिम भुक्तानी बापतको रकम रु. २५,२०,६८६ (पच्चिस लाख बीस हजार छ सय छयासी रूपैयाँ) रहेको छ।

आ.व. २०७९/०८० आषाढ मसान्तसम्म संस्थागत दायित्वको रूपमा रु. ४९,३६,६५५ (उनन्चास लाख छत्तिस हजार छ सय पचपन्न रूपैयाँ) रहेको छ।

आ.व. २०७९/०८० आषाढ मसान्त सम्मको बैङ्क मौज्दात, पेश्की, अग्रिम भुक्तानी र दायित्व विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ।

### ग) ह्रास कट्टी विवरण

आ.व. २०७९/०८० आषाढ मसान्तसम्म संस्थामा रहेका सम्पूर्ण ह्रास कट्टी योग्य सम्पतिहरूको आयकर ऐन २०५८ ले प्रत्यायोजन गरेबमोजिम रु.९,२५,८१३ (नौ लाख पच्चिस हजार आठ सय तेह्र रूपैयाँ) ह्रास कट्टी गरिएको छ।

### घ) स्रोतमा करकट्टी रकम दाखिला

आ.व. २०७९/०८० आषाढ मसान्त सम्म संस्थाले रु. १५,१९,२३४/४१ (पन्ध्र लाख उन्नाइस हजार दुई सय चौतिस रूपैयाँ र एकचालिस पैसा) स्रोतमा करकट्टी बापतको रकम नेपाल सरकार करदाता सेवा कार्यालय बालाजु मार्फत् कर दाखिला गरेको छ।

### ङ) आर्थिक प्रतिवेदन चार्टमा









**अध्यक्ष महोदय,**

एम्नेस्टीको नीतिभित्र रही अन्तर्राष्ट्रिय सचिवालयलाई गर्नुपर्ने रिपोर्टिङ गर्दै अन्तर्राष्ट्रिय सचिवालयको प्रत्यक्ष निर्देशनमा नेपाल सरकारले तोकेको करसम्बन्धी प्रचलित नियमलाई समेत परिपालना गर्दै एम्नेस्टी नेपालको आर्थिक कारोबारहरू भएका छन्।

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको आर्थिक अवस्था विगतमा झैं यसवर्ष पनि सन्तोषजनक रहेको छ। एम्नेस्टी नेपाल शाखालाई विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने शुभचिन्तक, कार्यक्रम र विभिन्न अभियानहरूमा सहयोग पुर्याउनु हुने समूह, निर्माणाधीन समूह तथा युथ नेटवर्क र अन्तर्राष्ट्रिय सचिवालयप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि यहाँहरूको निरन्तर र सक्रिय सहयोगको अपेक्षा राख्दछु।

धन्यवाद ।

रोशन बजगाईं
कोषाध्यक्ष
मितिः २०८० कार्तिक १४

## Amnesty International Nepal

## Audit Report

**For**

**For the Period 17 July 2022 to 16 July 2023**

**Fiscal Year: - 2079-80**

**Submitted by:**

## Khatiwada Dipesh & Associates

**Chartered Accountants**

**Kathmandu, Nepal**

## INDEPENDENT AUDITOR'S REPORT

**To the members of Amnesty International Nepal**

**Opinion**

We have audited the financial statements of **Amnesty International Nepal** (herein after mentioned as **"AIN") for the year ended 31 Ashad 2080** (16 July 2023) which comprise of the Balance Sheet, Statement of Income and Expenditure and Cash Flow Statement for the year ended and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the financial position of AIN as at 31 Ashad 2080 (corresponding to 16 July 2023) and its financial performance and cash flows for the year then ended in accordance with the accounting policies described in Note 1 of Schedule 7 of these financial statements.

**Basis for opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of AIN in accordance with the handbook of code of ethics for professional accountants issued by Institute of Chartered Accountants of Nepal (ICAN), and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Responsibilities of Management for the Financial Statements**

The management is responsible for the preparation of financial statements that give a true and fair view in accordance with generally accepted accounting principles, and for such internal control as the management determine is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, the management is responsible for assessing the organization's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless the management either intend to liquidate the organization or to cease operations, or have no realistic alternative but to do so.

**Emphasis of Matter**

We would like to draw attention to Note 1.4 of Schedule 7 of this financial statement which describes the accounting polcy for recognition of Income. The income is recognized on cash basis, which is different from Generally Accepted Accounting Principles. Management has determined that the cash basis of accounting as described above is an acceptable basis for the preparation of the financial statements in the circumstances.

These circumstances have not caused us to modify our opinion.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our

Khatiwada Dipesh & Associates Chartered Accountants

opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in aggregate, they could reasonably be expected to influence the economic decisions of users taken based on these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control;

- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the organization's internal control;

- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by the organization;

- Conclude on the appropriateness of the managements' use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the organization's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the organization to cease to continue as a going concern; and

- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

For and on behalf of Khatiwada Dipesh & Associates;
Chartered Accountants

Khatiwada Dipesh & Associates Chartered Accountants

Dipesh Khatiwada, CA
Principal

Date: 3 September 2023
Place: Kathmandu, Nepal
UDIN: 230903CA01360xWwsE

# Amnesty International Nepal
## Balaju, Kathmandu
## Balance Sheet
### As at 31 Ashad 2080

| Particulars | Schedule | Current Year (NPR) | Previous Year (NPR) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non Current Assets** | | | |
| Fixed Assets | 3 | 8,469,887 | 8,719,790 |
| **Total Non Current Assets (A)** | | **8,469,887** | **8,719,790** |
| **Current Assets** | | | |
| Advance, Deposit & Receivables | 1 | 2,520,686 | 551,096 |
| Cash & Cash Equivalents | 2 | 23,057,110 | 27,717,427 |
| **Total Current Assets (B)** | | **25,577,795** | **28,268,523** |
| **TOTAL ASSETS (A+B)** | | **34,047,682** | **36,988,313** |
| **FUND BALANCE & LIABILITIES** | | | |
| **Fund Balance** | | | |
| Opening Fund Balance | | 32,519,442 | 26,675,787 |
| Fund Balance Transfer from Income Statement | | (3,408,416) | 5,843,656 |
| **Total Fund Balance (C)** | | **29,111,026** | **32,519,442** |
| **Current Liabilities** | | | |
| Payables | 4 | 4,936,655 | 4,468,869 |
| **Total Current Liabilities (D)** | | **4,936,655** | **4,468,869** |
| **TOTAL FUND BALANCE & LIABILITIES (C+D)** | | **34,047,682** | **36,988,313** |
| Significant Accounting Polices and Notes to Account | 7 | | |

Note: Schedule 1 to 7 form integral part of Statement of Financial Position

As per our report of even date

Bipin Budhathoki
Chairperson

Shachita Kuikel
General Secretary

Keshab Pokharel
Vice Chairperson

Dipesh Khatiwada
Principal
Khatiwada Dipesh & Associates
Chartered Accountants

Hom Bahadur Adhikari
Deputy General Secretary

Roshan Bajagai
Treasurer

Nikhil Pokharel
Member

Bimala Wagle
Member

Devendra Kumar Sejuwal
Member

Manju Bishwokarma
Member

Garima Pandey
Member

Barun Kuinkel
Member

Niranjan Thapaliya
Director

Alina Gautam
Finance & Admin Manager

Location: Kathmandu, Nepal
Date: 1 September 2023

## Amnesty International Nepal

**Balaju, Kathmandu**

## Statement of Income and Expenditure

**For the period from 1 Shrawan 2079 to 31 Ashad 2080**

| Particulars | Schedule | Current Year (NPR) | Previous Year (NPR) |
|---|---|---|---|
| **Income** | | | |
| Grant Income | 5 | 27,237,990 | 30,254,327 |
| Other Income | 5 | 2,612,707 | 3,359,253 |
| **Total Income** | | **29,850,697** | **33,613,580** |
| **Expenses** | | | |
| Project-1: Advancing ESCR in Nepal [P.4.1] | 6 | 494,855 | 316,228 |
| Project-2: Human Rights Education Programme | 6 | 1,099,967 | 152,550 |
| Project-3: Human Rights Education Programme | 6 | 3,188,979 | 1,107,492 |
| Project-4: Campaign on Truth, Justice and Reparation | 6 | 431,075 | 524,493 |
| Project 5: Campaigns and Communications | 6 | 2,338,411 | 2,047,223 |
| Project-6: Strengthening Growth | 6 | 384,200 | 929,717 |
| Project-7: Governing Effectively | 6 | 2,395,981 | 1,480,700 |
| Project-8: Strengthening Growth /Local Language Program | 6 | 1,888,148 | 222,526 |
| Project-9: Enhancing Governance | 6 | 5,579,867 | 6,250,197 |
| Administration Expenses | 6 | 14,531,817 | 14,115,301 |
| Depreciation | 3 | 925,813 | 623,497 |
| **Total Expenses** | | **33,259,114** | **27,769,925** |
| **Surplus/(Deficit) Income Over Expenditure** | | **(3,408,416)** | **5,843,656** |

Significant Accounting Polices and Notes to Account 7

Note: Schedule 1 to 7 form integral part of Statement of Income and Expenditure

As per our report of even date

Bipin Budhathoki
Chairperson

Shachita Kuikel
General Secretary

Keshab Pokharel
Vice Chairperson

Dipesh Khatiwada
Principal
Khatiwada Dipesh & Associates
Chartered Accountants

Hom Bahadur Adhikari
Deputy General Secretary

Roshan Bajagai
Treasurer

Nikhil Pokharel
Member

Bimala Wagle
Member

Devendra Kumar Sejuwal
Member

Manju Bishwokarma
Member

Garima Pandey
Member

Barun Kuinkel
Member

Nirajan Thapaliya
Director

Alina Gautam
Finance & Admin Manager

Location: Kathmandu, Nepal

Date: 1 September 2023

# Amnesty International Nepal
## Balaju, Kathmandu
## Cash Flow Statement
### For the period from 1 Shrawan 2079 to 31 Ashad 2080

| Description | Current Year (NPR) | Previous Year (NPR) |
|---|---|---|
| **Cash Flow from Operating Activities** | | |
| Surplus/(Deficit) during the year | (3,408,416) | 5,843,656 |
| Adjustment for depreciation on fixed assets | 925,813 | 623,497 |
| Loss on Sale of Assets | | |
| **Operating Deficit before Working Capital Changes** | **(2,482,603)** | **6,467,152** |
| Decrease/ (Increase) in Receivables | (1,969,590) | (126,879) |
| Increase/ (Decrease) in Payables | 467,786 | 1,340,424 |
| **Cash Flows from Operating Activities (A)** | **(3,984,407)** | **7,680,698** |
| **Cash Flows from Investing Activities** | | |
| Purchase of Fixed Assets | (675,910) | (4,758,683) |
| Sale of Fixed Assets | - | - |
| **Cash Flows from Investment Activities (B)** | **(675,910)** | **(4,758,683)** |
| **Net Increase/ Decrease in Cash (A+B)** | **(4,660,316)** | **2,922,015** |
| Cash and Cash Equivalent at the beginning of the year | 27,717,427 | 24,795,412 |
| **Cash and Cash Equivalent at the end of the year** | **23,057,110** | **27,717,427** |

Note: Significant Accounting Polices and Notes to Account form integral part of Statement of Cash Flows

As per our report of even date

Bipin Budhathoki
Chairperson

Shachita Kuikel
General Secretary

Keshab Pokharel
Vice Chairperson

Dipesh Khatiwada
Principal
Khatiwada Dipesh & Associates
Chartered Accountants

Hom Bahadur Adhikari
Deputy General Secretary

Roshan Bajagai
Treasurer

Nikhil Pokharel
Member

Bimala Wagle
Member

Devendra Kumar Sejuwal
Member

Manju Bishwokarma
Member

Garima Pandey
Member

Barun Kuinkel
Member

Niranjan Thapaliya
Director

Alina Gautam
Finance & Admin Manager

Location: Kathmandu, Nepal
Date: 1 September 2023

**Amnesty International Nepal**
**Balaju, Kathmandu**
**Schedules to Financial Statements for Fiscal Year 2079/80**

**Schedule 1 :**
**Advance, Deposit & Receivables**

| Particular | Current Year (NPR) | Previous Year (NPR) |
|---|---|---|
| Advance to International Secretariat- London [A00001] | 1,233,263 | 240,524 |
| Advance to Third Party | 1,162,888 | 170,971 |
| Deposit | 1,500 | 1,500 |
| Prepaid Insurance Premium [P00001] | 103,515.00 | 102,097 |
| Telephone Deposit [T00001] | 19,519.65 | 17,520 |
| Insurance Receivables | - | 18,483 |
| **Total** | **2,520,686** | **551,096** |

**Schedule 2 :**
**Cash and Bank Balance**

| Particular | Current Year (NPR) | Previous Year (NPR) |
|---|---|---|
| Cash In Hand | - | - |
| ***Bank Accounts*** | | |
| Bank of Kathmandu - 5134 (Global IME Bank) | 120,871 | 120,871 |
| Nabil Bank Ltd. | 6,902,824 | 5,616,840 |
| Rastriya Banijya Bank | 597,500 | 487,300 |
| NIC Asia - Current Accoount | 308,291 | 2,364,792 |
| NIC Aisa Bank (0134302432852401) | 127,624 | 2,127,624 |
| ***Short Term Fixed Deposits*** | | |
| Nabil Fixed Deposit Account | 5,000,000 | 7,000,000 |
| Nic Asia Fixed deposit [N00010] | 10,000,000 | 10,000,000 |
| **Total** | **23,057,110** | **27,717,427** |

AMNESTY INTERNATIONAL NEPAL SECTION

Khatiwada Dipesh & Associates Chartered Accountants

इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

**Amnesty International Nepal**
**Balaju, Kathmandu**
**Schedules to Financial Statements for Fiscal Year 2079/80**

**Schedule 3: Fixed Assets**

*Amount (NPR)*

| S.N. | Particulars | Gross Block | | | Depreciation Rate | Accumulated Depreciation | | | Net Book Value As at 31.03.2080 | Net Book Value As at 32.03.2079 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Opening Balance (At Cost Price) | Addition During the Year | Total Assets at Cost Price (A) | | Depreciation Up to Last Year | Depreciation for the Year | Total Depreciation (B) | | |
| A | **Land** | 870,132 | - | 870,132 | - | - | - | - | 870,132.00 | 870,132.00 |
| B | **Building** | 7,914,454 | | 7,914,454 | 5% | 3,208,793.36 | 235,283.04 | 3,444,076.40 | 4,470,377.76 | 4,705,660.79 |
| C | **Office Equipememt ( Computer & Accessories )** | | | | | | | | | |
| 1 | Computer | 2,375,122 | 398,000 | 2,773,122 | 25% | 1,995,231.50 | 151,098.71 | 2,146,330.22 | 626,792.04 | 379,890.75 |
| 2 | Printer | 111,949 | 54,805 | 166,754 | 25% | 80,463.42 | 15,679.26 | 96,142.67 | 70,611.43 | 31,485.68 |
| 3 | Office Equipment | 4,235,329 | | 4,235,329 | 25% | 3,363,283.90 | 218,011.38 | 3,581,295.28 | 654,034.15 | 872,045.53 |
| 4 | Projector | 53,500 | | 53,500 | 25% | 38,453.13 | 3,761.72 | 42,214.84 | 11,285.16 | 15,046.88 |
| 5 | TV | 400,000 | | 400,000 | | 2,191.78 | - | 2,191.78 | 397,808.22 | 397,808.22 |
| 6 | Video Conferencing | 582,000 | | 582,000 | 15% | 4,384.93 | 86,642.26 | 91,027.19 | 490,972.81 | 577,615.07 |
| | **Total (C)** | 7,757,901 | 452,805 | 8,210,706 | 25% | 5,484,008.66 | 475,193.33 | 5,959,201.99 | 2,251,503.80 | 2,273,892.12 |
| D | **Furniture & Others** | | | | | | | | | |
| 1 | Furniture | 1,493,403 | - | 1,493,403 | 25% | 998,682.96 | 123,680.12 | 1,122,363.09 | 371,040.37 | 494,720.50 |
| | **Total (D)** | 1,493,403 | - | 1,493,403 | 25% | 998,682.96 | 123,680.12 | 1,122,363.09 | 371,040.37 | 494,720.50 |
| E | **Vehicles** | | | | | | | | | |
| 1 | Vehicle | 2,371 | - | 2,371 | 20% | 2,371.43 | - | 2,371.43 | - | - |
| 2 | Scooter | 190,900 | - | 190,900 | 20% | 117,594.40 | 14,661.12 | 132,255.52 | 58,644.48 | 73,305.60 |
| | **Total ( E)** | 193,271 | - | 193,271 | 20% | 119,965.83 | 14,661.12 | 134,626.95 | 58,644.48 | 73,305.60 |
| F | **Other Assets** | | | | | | | | | |
| 1 | Generator and Misc. | 285,150 | 223,105 | 508,254 | 15% | 113,246.31 | 50,960.43 | 164,206.74 | 344,047.50 | 171,903.19 |
| | **Total ( F)** | 285,150 | 223,105 | 508,254 | 15% | 113,246.31 | 50,960.43 | 164,206.74 | 344,047.50 | 171,903.19 |
| G | **Intangible Assets** | | | | | | | | | |
| | Software | 339,000 | | 339,000 | 20% | 208,824.00 | 26,035.20 | 234,859.20 | 104,140.80 | 130,176.00 |
| | **Total ( G)** | 339,000 | - | 339,000 | 20% | 208,824.00 | 26,035.20 | 234,859.20 | 104,140.80 | 130,176.00 |
| | **Grand Total** | 18,853,311 | 675,910 | 19,529,221 | | 10,133,521.12 | 925,813.25 | 11,059,334.37 | 8,469,886.71 | 8,719,790.20 |

AMNESTY INTERNATIONAL NEPAL SECTION

Khatiwada Dipesh & Associates Chartered Accountants

**Amnesty International Nepal**
**Balaju, Kathmandu**
**Schedules to Financial Statements for Fiscal Year 2079/80**

**Schedule 6:**
**Expenditure**

| Particular | Current Year (NPR) | Previous Year (NPR) |
|---|---|---|
| **Project-1: Advancing ESCR in Nepal [P.4.1]** | | |
| 2332.1.9.Advocay and campaigns on the rights of the children [200009] | 55,200 | - |
| 2334.1.4.Workshop with mediapersons on reporting ESCR related issues [200004] | 95,559 | - |
| 2356.1.3.Sensitization workshop/training on climate justice, gender justice, intersectional justice to actvisits and AI Nepal members [200003] | 215,876 | - |
| 2365.1.6.National and provincial level advocacy and interactive forums on accountablity and compenesation to the families of the migrant workers who have died in destination countries [200006] | 128,220 | - |
| Reactive campaigns on ESCR issues as and when needed [4.1.vi] | - | 24,706 |
| Workshop on Climate Justice to Amnesty Nepal members [4.1.iii] | - | 291,522 |
| **Sub Total** | **494,855** | **316,228** |
| | | |
| **Project-2: Strengthening the Rights to Truth, Justice and Reparations in Nepal** | | |
| 2412.2.1.Organize public programs as per need and feasibility engaging with stakeholders on the following days: [H00007] | 162,430 | - |
| 2415.2.2.Stakeholder dialogue (including with legislative and executive) and campaigns on the prospective draft TJ amendment law [200010] | 263,792 | - |
| 2418.2.3.Reactive works depending on the development of the context. [200011] | 176,545 | - |
| Media engagements (PSAs, op-eds, podcasts, radio talk shows) lobby missions, reactive campaigns, petitions and other interventions as required [P.4.2.3] | 497,200 | - |
| Defending Rights of Migrant Workers [P.4.2] | - | 152,550 |
| **Sub Total** | **1,099,967** | **152,550** |
| | | |
| **Project-3: Human Rights Education Programme** | | |
| 2073.4.4.HRE outreaching to local communities, schools and colleges [200025] | 29,030 | - |
| 2336.4.9.Launch the Nepali version of the HRE course on Descent-based Discrimination [200030] | 31,299 | - |
| २३. | दफा ७ को उपदा (१) को ग) | **(ग) युवा सदस्यता :** एम्नेस्टी इन्टरनेसनल नेपालको विधानको पालना गर्दै यसको परिदृष्य र उद्देश्यहरू प्राप्ति गर्ने अभियानमा सहयोग पुर्याउन र सहभागी हुन चाहने १४ देखि २५ वर्षसम्मका कुनै पनि व्यक्तिले निर्धारित शुल्क तिरी आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषा वा अन्य कुनै आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न सक्नेछन्। युथ नेटवर्कमार्फत बनेका सदस्यहरू सम्बन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागी हुन सक्नेछन्। | **(ग) युथ नेटवर्क सदस्यता :** एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको पालना गर्दै यसको परिदृष्य र उद्देश्यहरू प्राप्ति गर्ने अभियानमा सहयोग पुर्याउन र सहभागी हुन चाहने १६ देखि २५ वर्ष उमेर समूहका कुनै पनि व्यक्तिले निर्धारित शुल्क तिरी आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषा वा अन्य कुनै आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा एम्नेस्टी नेपाल शाखाको युथ नेटवर्क सदस्यता प्राप्त गर्न सक्नेछन्। यस्ता सदस्यहरूलाई सम्बन्धित युथ नेटवर्कमा र सम्बन्धित युथ नेटवर्कमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ। | १४ वर्षको उमेरलाई १६ वर्ष बनाई समूह र युथ नेटवर्कको एउटै हैसियत भएअनुरूप भाषा मिलान गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | उनीहरूले राष्ट्रिय सचिवालयबाट समर्थक सदस्यता पनि लिन सक्ने छन्। यस्ता सदस्यहरूलाई सम्बन्धित युथ नेटवर्कमा र सम्बन्धित युथ नेटवर्कमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ। | | |
| २४. | दफा ७ को उदफा ३ | **७.३.सदस्यताका लागि आवश्यक योग्यताः**<br>एम्नेस्टी नेपालको सदस्यता प्राप्त गर्नका लागि आवश्यक प्रावधानहरू निम्नानुसार रहेका छन्:<br>(क) एम्नेस्टी नेपालको विधान र उद्देश्यहरू पालनाको प्रतिबद्धता।<br>(ख) एम्नेस्टी नेपालबाट निर्धारित शुल्कको भुक्तानी।<br>(ग) मानसिक सन्तुलन नगुमाएको।<br>(घ) भ्रष्टाचारमा दोषी नठहरिएको।<br>(ङ) मानवअधिकार ज्यादती र उल्लङ्घन हुने खालका कुनै कार्यमा संलग्न नरहेको। | **७.३.सदस्यताका लागि आवश्यक योग्यताः**<br>एम्नेस्टी नेपालको सदस्यता प्राप्त गर्नका लागि आवश्यक प्रावधानहरू निम्नानुसार रहेका छन्:<br>(क) एम्नेस्टी नेपालको विधान र उद्देश्यहरू पालनाको प्रतिबद्धता।<br>(ख) एम्नेस्टी नेपालबाट निर्धारित शुल्कको भुक्तानी।<br>(ग) मानसिक सन्तुलन नगुमाएको।<br>(घ) भ्रष्टाचारमा दोषी नठहरिएको।<br>(ङ) यौन हिंसा, महिला हिंसा, बाल हिंसा, दुराचार, जालसाजी र छलकपटजन्य कुनै पनि गतिविधिमा संलग्न नरहेको।<br>(च) मानवअधिकार ज्यादती र उल्लङ्घन हुने खालका कुनै कार्यमा संलग्न नरहेको। | खण्ड (ङ) को प्रावधान थप गर्न वाञ्छनीय भएकोले सोअनुरूप थप गरी मिलाइएको। |
| २५. | दफा ७ को उपदफा ४ (क) | (क) हरेक सदस्यले आफ्नो सदस्यता समाप्त भएको छ महिनाभित्र आफ्नो सदस्यता नवीकरण गराउनु पर्ने छ। तोकिएको समय भुक्तान भइसकेपछि नवीकरण गरिने छैन, तर नयाँ सदस्यता प्राप्तिका प्रकृयाका लागि बाधा भने पुग्ने छैन। | (क) हरेक सदस्यले आफ्नो सदस्यता समाप्त भएको तीन महिनाभित्र आफ्नो सदस्यता नवीकरण गराउनु पर्ने छ। तोकिएको समय भुक्तान भइसकेपछि नवीकरण गरिने छैन, तर नयाँ सदस्यता प्राप्तिका प्रकृयाका लागि बाधा भने पुग्ने छैन। | छ महिना समय लामो भएकोले तीन महिना बनाइएको। |
| २६. | दफा ७ को उपदफा ४ (ग) | (ग) नेसनल बोर्डले सदस्यता नवीकरण नगर्ने निर्णय गरिएका व्यक्तिलाई पुनरावेदन गर्ने अधिकार भने हुनेछ। | (ग) नेसनल बोर्डले सदस्यता नवीकरण नगर्ने निर्णय गरिएका व्यक्तिलाई पुनरावेदन गर्ने अधिकार हुनेछ। | भाषा मिलाइएको। |
| २७. | दफा ८ को उपदफा (३) | (३) समर्थक सदस्यको सदस्यता समाप्तिसम्बन्धी निर्णय नेसनल बोर्डले गर्नेछ। | (३) व्यक्तिगत सदस्यको सदस्यता समाप्तिसम्बन्धी निर्णय नेसनल बोर्डले गर्नेछ। | "समर्थक शब्दलाई "व्यक्तिगत" सदस्य |

| | | | | |
|---|---|---|---|---|
| | | | | बनाइएकोले सोहीअनुसार गरिएको। |
| २८. | दफा ९ उपदफा (१) | **९.१. साधारणसभाको स्वरूपः**<br>वर्षमा एकपटक आयोजना गरिने साधारण सभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। साधारण सभाले हरेक दुई/दुई वर्षमा नेसनल बोर्ड र पुनरावेदन समितिको नियमित निर्वाचन गर्नेछ। साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ। | **९.१. साधारणसभाको स्वरूपः**<br>साधारण सभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। साधारण सभाले नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिको पदाधिकारी तथा सदस्यहरूको नियमित निर्वाचन गर्नेछ। साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ। | भाषा मिलाइएको। |
| २९. | दफा ९. को उपदफा ३ | **९.३. (१) साधारण सभाको गठनः**<br>साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :<br>(क) नेसनल बोर्डका पदाधिकारीहरू,<br>(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,<br>(ग) मान्यता प्राप्त समूहबाट अनिवार्य एक जना महिलासहित दुई जना प्रतिनिधि,<br>(घ) मान्यता प्राप्त युथ नेटवर्कबाट अनिवार्य एक जना महिलासहित दुई जना प्रतिनिधि,<br>(ङ) समर्थक सदस्यहरूमध्येबाट अनिवार्य एक जना महिलासहित दुई जना प्रतिनिधि,<br>(च) निमार्णाधिन समूहबाट अनिवार्य एक जना महिलासहित दुई जना पर्यवेक्षक,<br>(छ) निमार्णाधिन युथ नेटवर्कबाट अनिवार्य एक जना महिलासहित दुई जना पर्यवेक्षक,<br>(ज) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,<br>(झ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू, | **९.३. साधारण सभाको गठनः**<br>(१) साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :<br>(क) नेसनल बोर्डका पदाधिकारीहरू,<br>(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,<br>(ग) एम्नेस्टी नेपालमा आवद्ध कूल वैध सदस्य (valid members) सङ्ख्या बराबर १०० जनाको अनुपातमा दफा १० (१) बमोजिम निर्धारित प्रत्येक क्षेत्रमा विद्यमान कूल वैध सदस्यहरूको आधारमा हुन आउने सङ्ख्या बराबर एम्नेस्टी इन्टरनेसनल नेपालको क्षेत्रीय भेलाबाट दफा १० (४) बमोजिम चयन गरिएका कूल १०० जना प्रतिनिधिहरू।<br>(घ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,<br>(ङ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,<br>(च)अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू,<br>(छ) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू।<br>(२) **मताधिकारः** | एम्नेस्टी नेपाल शाखाको सुशासन प्रणाली र प्रजातान्त्रिक अभ्यासलाई विकेन्द्रिकरण गरी चुस्त, छरितो र प्रभाकारी साधारण सभाको व्यवस्था गर्ने उद्देश्यअनुरूप संशोधन गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | (ञ) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू,<br>(ट) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू।<br>**(२) मताधिकारः**<br>एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त समूह र युथ नेटवर्कका दुई/दुई जना प्रतिनिधि र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई जना प्रतिनिधिहरूमा मताधिकार रहनेछ। | उपदफा (१) को (ग) बमोजिम क्षेत्रीय भेलाबाट चयन भई सहभागी हुन आएका प्रतिनिधिहरूमा एक व्यक्ति एक मतका आधारमा मताधिकार रहनेछ। | |
| ३०. | | **९.६. साधारणसभाको बैठक :**<br>(क) साधारणसभाको बैठक प्रत्येक वर्ष नेसनल बोर्डबाट निर्धारण भएको मिति, समय र स्थानमा हुनेछ र एम्नेस्टी नेपालअन्तर्गतका सबै समूह, युथ नेटवर्क, समर्थक सदस्य, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कहरूलाई यस्तो बैठकको सूचना ४५ दिन अगावै गरिने छ।<br>(ख) साधारणसभाको अध्यक्षता नेसनल बोर्डले तोकेको व्यक्तिले गर्ने छ।<br>(ग) साधारणसभाको गणपूरक सङ्ख्या दुई तिहाई (६७ प्रतिशत) हुनेछ। तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ।<br>(घ) साधारणसभामा कुनै विषयउपर मतभेद भई निर्णय गर्नुपरेमा एक व्यक्ति एक मतका आधारमा बहुमतबाट गरिने छ।<br>(ङ) साधारणसभामा कुनै विषयउपर विवाद भई पक्ष | **९.६. साधारणसभाको बैठक :**<br>(क) साधारणसभाको बैठक प्रत्येक वर्ष प्रेपकमको सल्लाहमा नेसनल बोर्डबाट निर्धारण भएको मिति, समय र स्थानमा हुनेछ। भौतिक उपस्थितिमा साधारणसभा आयोजना गर्न कठिन, असंभव वा असहज हुने परिस्थितिमा अनलाइन माध्यमबाट पनि साधारणसभा आयोजना गर्न सकिनेछ। साधारणसभाको मिति र स्थानसम्बन्धी जानकारी एम्नेस्टी नेपालअन्तर्गतका सबै समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूलाई ७५ दिन अगावै उपलव्ध गराउनु पर्नेछ।<br>(ख) साधारणसभाको अध्यक्षता नेसनल बोर्डका अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुवै जनाको अनुपस्थितिमा नेसनल बोर्डले तोकेको नेसनल बोर्ड सदस्यले गर्नेछ।<br>(ग) साधारणसभाको गणपूरक सङ्ख्याका लागि यस विधानको दफा १० को उपदफा (१) अन्तर्गतका क्षेत्रीय भेलाबाट दफा १० उपदफा (४) बमोजिम निर्धारित भई तोकिएका प्रतिनिधिहरूमध्ये प्रत्येक क्षेत्रबाट कम्तिमा सामान्य बहुमत प्रतिनिधिहरूको उपस्थिति आवश्यक हुनेछ। तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा | |

| | | | | |
|---|---|---|---|---|
| | | विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन्। | गरी पुनः सञ्चालन गरिनेछ।<br>(घ) साधारणसभामा कुनै विषयउपर निर्णय गर्नुपरेमा एक व्यक्ति एक मतका आधारमा सामान्य बहुमतबाट गरिने छ।<br>(ङ) साधारणसभामा कुनै विषयउपर विवाद भई पक्ष विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन्। | |
| ३१. | दफा ९ को उपदफा (७) (ग) | (ग) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचन गर्ने, | (ग) नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसनल कमिटि तथा पुनरावेदन समितिको निर्वाचन गर्ने, | प्रेपकप र नोमिनेसन कमिटिको प्रावधान थप गरिएकोले सोही अनुसार राखिएको। |
| ३२. | . . . | | **१०. सदस्यहरूको क्षेत्रीय भेला**<br>(१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा हुनुभन्दा कम्तिमा एक महिना अघि सदस्यहरूको क्षेत्रीय भेला हुनेछ। सामान्यतया क्षेत्रीय भेला भौतिक उपस्थितिमा हुनेछ। विषम परिस्थितिमा प्रेपकमको निर्णयअनुसार क्षेत्रीय भेलालाई अनलाइन माध्यमबाट पनि गर्न सकिनेछ। नेपाललाई देहायका जिल्ला सम्मिलित कूल आठ क्षेत्रमा विभाजन गरी उक्त जिल्लाहरूमा रहेका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूको उपदफा (२) बमोजिमका प्रतिनिधिहरू सम्मिलित क्षेत्रीय भेलाहरू आयोजना गरिनेछ।<br>क) कोशी क्षेत्रीय भेलाः ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, भोजपुर, मोरङ, सुनसरी,धनकुटा, सोलुखुम्बु, खोटाङ, सङ्खुवासभा, उदयपुर, ओखलढुङ्गा<br>ख) मधेश क्षेत्रीय भेलाः सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट<br>ग) बागमती क्षेत्रीय भेलाः रामेछाप, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रे, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन | विद्यमान दफा नं ९ पछि नयाँ प्रावधान सहितको दफा नं. १० को व्यवस्था गरिएको र विद्यमान दफा १० र सोपछिका दफाहरूको दफा नं. क्रमशः सोहीअनुरूप परिवर्तन गरिएको। |

घ) काठमाडौं उपत्यका क्षेत्रीय भेलाः काठमाण्डौं, भक्तपुर, ललितपुर

ङ) गण्डकी क्षेत्रीय भेलाः नवलपरासी पूर्व, गोरखा, लमजुङ, स्याङ्जा, कास्की, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ,

च) लुम्बिनी क्षेत्रीय भेलाः नवलपरासी पश्चिम, रूपन्देही, कपिलबस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, प्युठान, रूकुम पूर्व, रोल्पा, बाँके, बर्दिया

छ) कर्णाली क्षेत्रीय भेलाः रूकुम पश्चिम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, सुर्खेत, दैलेख, जाजरकोट

ज) सुदूर पश्चिम क्षेत्रीय भेलाः कैलाली, कञ्चनपुर, डँडेलधुरा, डोटी, अछाम, बाजुरा, बैतडी, बझाङ, दार्चुला।

**(२) सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता**

सदस्यहरूको क्षेत्रीय भेलामा निम्नबमोजिमको सहभागिता रहने छः

१. क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य ठहरिएका सम्बन्धित क्षेत्रका समूह, युथनेटवर्क र व्यक्तिगत सदसस्यहरूबाट देहायबमोजिमका प्रतिनिधिहरूः

क) प्रत्येक समूह र युथनेटवर्कबाट उक्त समूह तथा युथनेटवर्कमा रहेका कूल सदस्य सङ्ख्याको आधारमा देहायबमोजिम न्यूनतम ५० प्रतिशत महिलाको सहभागिता हुने गरी सम्बन्धित समूह तथा युथनेटवर्कको साधारण सभाद्वारा तोकिएका प्रतिनिधिहरू :

- न्यूनतम ३५ सदस्य रहेको समूह तथा

युथनेटवर्कबाट २ जना

- न्यूनतम १०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ३ जना
- न्यूनतम २०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ४ जना
- न्यूनतम ३५० वा सो भन्दा बढी सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ५ जना।

नोटः क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य समूह र युथनेटवर्क भन्नाले यस विधान बमोजिम न्यूनतम सदस्यता सङ्ख्या कायम राखी वर्षमा कम्तिमा चारवटा मानवअधिकार अभियानका गतिविधिहरू सम्पन्न गरी क्षेत्रीय भेला हुने मितिभन्दा एक महिना अघि नै आफ्नो साधारण सभा सम्पन्न गरी सोको लिखित प्रतिवेदन निर्धारित समयभित्र राष्ट्रिय सचिवालयमा पेश गरेका समूह र युनथेटवर्कलाई बुझाउँछ।

ख) सम्बन्धित क्षेत्रअन्तर्गत रहेका व्यक्तिगत सदस्यहरूमध्येबाट कम्तिमा ५० प्रतिशत महिला र ४० प्रतिशत युवाको प्रतिनिधित्व हुने गरी कूल व्यक्तिगत सदस्यहरूमध्येबाट तोकिएको प्रकृया पूरा गरी प्रेपकमद्वारा सिफारिस गरिएका देहायको सङ्ख्याका व्यक्तिगत सदस्यहरू :

- १०० वा सोभन्दा कम व्यक्तिगत सदस्यको हकमा २ जना
- न्यूनतम ३५० व्यक्तिगत सदस्यहरूको

हकमा ४ जना

- न्यूनतम ४५० र सोभन्दा बढी जतिसुकै सङ्ख्याको व्यक्तिगत सदस्यको हकमा ५ जना।

नोटः यस उपदफामा उल्लिखित "युवा" सदस्यले व्यक्तिगत युवा सदस्य भन्ने बुझाउँछ जो १६ वर्षदेखि २५ वर्ष पूरा नभएको उमेर समूहमा रहेका हुन्छन्।

२. प्रेपकमका संयोजक र/वा निजले तोकेका प्रेपकम सदस्य(हरू)।
३. प्रेपकम संयोजकद्वारा आमन्त्रित अतिथि पर्यवेक्षकहरू।
४. नेसनल बोर्डबाट तोकि खटाइएका नेसनल बोर्ड सदस्य(हरू)।
५. निदर्शकद्वारा तोकी खटाइएका राष्ट्रिय सचिवालयका कर्मचारीहरू।

**(३) सदस्यहरूको क्षेत्रीय भेला बैठक सञ्चालन**

सदस्यहरूको क्षेत्रीय भेला बैठकको अध्यक्षता प्रेपकमकका संयोजक वा निजले तोकेको व्यक्तिले गर्नेछ। प्रत्येक क्षेत्रीय भेलाले एम्नेस्टी नेपाल शाखाको केन्द्रीय साधारण सभाका लागि प्रतिनिधि चयन गर्नुका साथै शाखाले सञ्चालन गरिरहेको मानवअधिकार अभियानका विषयमा छलफल र विमर्शका साथै कार्यक्रम तयारी र तर्जुमाका बारेमा छलफल गर्ने छ। क्षेत्रीय भेलाका अध्यक्षले नेपाल शाखाको केन्द्रीय साधारण सभामा सहभागी हुने प्रतिनिधिहरूको चयन उपदफा (४) बमोजिम प्रजातान्त्रिक विधिबाट सम्पन्न गर्नेछन् र यसमा उनको निर्णय अन्तिम हुनेछ।

**(४) सदस्यहरूको क्षेत्रीय भेलाबाट एम्नेस्टी नेपाल शाखाको**

साधारण सभाका लागि प्रतिनिधि चयन गर्ने विधि

१) एम्नेस्टी नेपाल शाखाको केन्द्रीय साधारण सभामा सहभागिताका लागि क्षेत्रीय भेलाबाट उपदफा (२) को १.(क) र (ख) का प्रतिनिधिहरूमध्येबाट प्रतिनिधि चयन गर्नुपर्ने छ। यसरी प्रतिनिधि चयन गर्दा एम्नेस्टी नेपाल शाखामा आबद्ध कूल वैध सदस्यहरू (valid members) को सङ्ख्या बराबर १०० जनाको अनुपातमा उपदफा (१) अनुसार निर्धारण गरिएका क्षेत्रहरूमा रहेका कूल वैध सदस्यहरूको आधारमा चयन गरिनेछ। उदाहरणका लागि यदि एम्नेस्टी नेपाल शाखाको कुल वैध सदस्य सङ्ख्या ५,००० रहेछ भने र कोशी प्रदेशमा यदि कूल ७०० वैध सदस्यहरू रहेछन् भने त्यस प्रदेशबाट (१००x७००)/५००० = १४ सदस्यले एम्नेस्टी नेपाल शाखाको साधारण सभामा सहभागिता जनाउनेछन्।

२) माथि (१) बमोजिम प्रतिनिधिहरू चयन गर्दा कम्तिमा ५० प्रतिशत महिला, ४० प्रतिशत युवा र कम्तिमा एक जना व्यक्तिगत सदस्यको चयन गर्नुपर्नेछ।

नोटः यस उपदफाअन्तर्गत "युवा" भन्नाले एम्नेस्टी नेपाल शाखामा आबद्ध युथनेटवर्कका १६ वर्षदेखि २५ वर्ष उमेर समूहका सदस्यहरूलाई बुझ्नुपर्दछ।

**(५) सदस्यहरूको क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार**

क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार देहायएबमोजिम

| | | | | |
|---|---|---|---|---|
| | | | हुनेछः<br>१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभामा सहभागी हुने प्रतिनिधिहरूको चयन गर्ने,<br>२) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभामा छलफल गर्नु पर्ने मानवअधिकारका मुद्दा र विषयहरूमा छलफल र बहस गर्ने,<br>३) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको रणनीतिक लक्ष र सो अनुरूको कार्ययोजना तय गर्ने लगायत विषयमा साधारण सभामा निर्णयका लागि आवश्यक तयारी छलफलहरू गर्ने,<br>४) एम्नेस्टी नेपाल शाखाको संस्थागत विकास र अभियान सबलीकरणका सामयिक विषय र मुद्दामा छलफल गर्ने। | |
| ३३. | दफा १०.१ (क) | **१०.१ नेसनल बोर्ड**<br>**(क) नेसनल बोर्ड (National Board) को गठनः**<br>. . .<br>(क) अध्यक्षः १ | **११. नेसनल बोर्ड**<br>**(१) नेसनल बोर्ड (National Board) को गठनः**<br>. . .<br>(क) अध्यक्षः १ जना | नंवर मिलाइएको |
| ३४. | दफा १०.१ (ख) | **(ख) नेसनल बोर्डको निर्वाचन**<br>(१)साधारण सभाबाट निम्नानुसारका पदाधिकारीहरूको निर्वाचन हुने छ ।<br>(क) अध्यक्षः १ जना<br>(ख) कोषाध्यक्षको १ जना<br>(ग) सदस्य ९ जना (कम्तीमा ३ जना महिला र दुई जना युवा सदस्य जसमा एकजना अनिवार्य महिला)। | **२) नेसनल बोर्डको निर्वाचन**<br>(१) साधारण सभाबाट निम्नानुसारका पदाधिकारीहरूको निर्वाचन हुने छ ।<br>(क) अध्यक्ष : १ जना<br>(ख) कोषाध्यक्ष : १ जना<br>(ग) सदस्यहरू : ९ जना (कम्तिमा तीन जना महिला र दुई जना युवा सदस्य जसमा एकजना अनिवार्य महिला)।<br>नोटः यस उपखण्डको प्रयोजनका लागि मतदानको अधिकार दफा | नंवर र भाषा मिलाइएको |

| | | | | |
|---|---|---|---|---|
| | | नोटः यस उपखण्डको प्रयोजनका लागि मतदानको अधिकार एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त समूह, युथ नेटवर्क र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई/दुई जना प्रतिनिधिहरूलाई रहनेछ।<br>(२) ✂ ✂ ✂<br>(३)यसरी विधानको भाग ४, दफा १०.१ (ख) (१) अनुसारका अध्यक्ष, कोषाध्यक्ष र सदस्यहरूको पहिलो बैठकबाट दफा १०.१ (क) को बाँकी पदाधिकारीहरू (उपाध्यक्ष, महासचिव र उपमहासचिव) को नियुक्ति हुनेछ।<br>(४)निर्वाचन प्रयोजनका लागि नेसनल बोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा निर्वाचन समिति गठन गर्ने छ। निर्वाचन समिति तोकिए बमोजिम हुनेछ।<br>(५)निर्वाचनसम्बन्धी कार्यविधि अन्यथा तोकिएकामा बाहेक संयोजक वा निर्वाचन समितिले तोकेबमोजिम हुने छ।<br>(६)नेसनल बोर्डको पदावधि निर्वाचित भएको मितिबाट दुई वर्षको हुनेछ।<br>(७)अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्षले लगातार दुई कार्यकालसम्म निर्वाचित भइसकेपछि पुनः तेश्रो कार्यकालका लागि सोही पदमा उम्मेदवारी दिन पाउने छैन भने नेसनल बोर्डमा एउटै व्यक्तिले लगातार छ वर्षभन्दा बढी कार्यकालका लागि उम्मेदवारी दिन सक्ने छैन । | ९.३. (१) (ग) बमोजिम एम्नेस्टी नेपालको साधारण सभामा सहभागिता जनाएका प्रतिनिधिहरूलाई रहनेछ।<br>(२) ✂ ✂ ✂<br>(३)यसरी विधानको भाग ४, दफा ११ (१) (ख) अनुसारका अध्यक्ष, कोषाध्यक्ष र सदस्यहरूको पहिलो बैठकबाट दफा ११ (क) को बाँकी पदाधिकारीहरू (उपाध्यक्ष, महासचिव र उपमहासचिव) को नियुक्ति हुनेछ।<br>(४)नेसनल बोर्डका पदाधिकारी र सदस्यहरूको निर्वाचन प्रयोजनका लागि नेसनल बोर्डले प्रेपकमसँगको परामर्श र राय सुझावमा उपयुक्त समयमा निर्वाचन समिति गठन गर्ने छ। निर्वाचन समिति तोकिएबमोजिम हुनेछ।<br>(५)निर्वाचनसम्बन्धी कार्यविधि अन्यथा तोकिएकामा बाहेक संयोजक वा निर्वाचन समितिले तोकेबमोजिम हुनेछ।<br>(६)नेसनल बोर्डको पदावधि निर्वाचित भएको मितिबाट तीन वर्षको हुनेछ।<br>(७)अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्षले लगातार दुई कार्यकालसम्म निर्वाचित भइसकेपछि पुनः तेश्रो कार्यकालका लागि सोही पदमा उम्मेदवारी दिन पाउने छैन भने नेसनल बोर्डमा एउटै व्यक्तिले लगातार एउटै पदमा तीन कार्यकाल भन्दा बढीका लागि उम्मेदवारी दिन सक्ने छैन। | |
| ३५. | दफा १०.१ (ग) | **(ग) नोमिनेसन कमिटि**<br>(१) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा | ✂ ✂ ✂ | नोमिनेसन कमिटिसम्बन्धी अर्को दफामा अलग्गै |

| | | | | |
|---|---|---|---|---|
| | | उम्मेदवारी दिने व्यक्तिको क्षमता तथा दक्षता मूल्याङ्कन गर्न नेसनल बोर्डले एक नोमिनेसन कमिटि गठन गर्नेछ । जसमा संयोजक र दुई जना सदस्य रहनेछन् ।<br>(२)यस कमिटिले एम्नेस्टी इन्टरनेसनलको परिदृश्य, उद्देश्य र मूल आदर्श बुझेका एवं एम्नेस्टी नेपालको बोर्डमा रही कार्य गर्न दक्षता हाँसिल गरेका व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई नेसनल बोर्डको निर्वाचनमा उम्मेदवारी दिन प्रोत्साहित र आमन्त्रित गर्न सक्नेछ ।<br>(३)नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिन चाहने एम्नेस्टी नेपाल समूह, युथ नेटवर्क र समर्थक सदस्यहरूले सम्बन्धित पदमा कार्य गर्नका लागि आफूसँग भएको योग्यता र क्षमता लगायतका विषय उल्लेख गरी तोकिएबमोजिमको चाहनापत्र कमिटिसमक्ष पेश गर्नु पर्नेछ ।<br>(४)कमिटीमा प्राप्त हुन आएका चाहनापत्रहरूको आधारमा सम्बन्धित पदमा नीजको योग्यता र क्षमता पुगे नपुगेको विषयमा तोकिएको कार्यक्षमता ढाँचा (competency framework) का आधारमा मूल्याङ्कन गरी उक्त उम्मेदवारीका सम्बन्धमा नोमिनेसन कमिटिले सिफारिश गर्न सक्नेछ । उम्मेदवारी दिनु अगावै उक्त व्यक्तिले एम्नेस्टी नेपालको सदस्यता भने लिएको हुनुपर्दछ ।<br>(५) कमिटिको गठन एवं काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ। | | व्यवस्था गरिएकोले यहाँबाट हटाइएको। |
| ३६. | दफा १०.२. (क) | **१०.२. उम्मेदवारको योग्यता तथा अयोग्यता**<br>(क) एम्नेस्टी नेपालको साधारण सभामा हुने | **(२) उम्मेदवारको योग्यता तथा अयोग्यता**<br>(क) एम्नेस्टी नेपालको साधारण सभामा हुने नेसनल बोर्ड, | दफा ११ को उपदफा (२) बनाई भाषा मिलान |

| | | | | |
|---|---|---|---|---|
| | | नेसनल बोर्ड वा पुनरावेदन समितिको निर्वाचनमा एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कका सदस्य, समर्थक सदस्य र नोमिनेसन कमिटिले आमन्त्रित सदस्यले मात्र उम्मेदवारी दिन पाउने छन्। | प्रेसिडेन्टेरी कमिटि, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको निर्वाचनमा एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कका सदस्य, व्यक्तिगत सदस्य र नोमिनेसन कमिटिद्वारा आमन्त्रित व्यक्तिहरूले मात्र उम्मेदवारी दिन पाउने छन्। | गरिएको। |
| ३७. | दफा १०.३. | **१०.३. नेसनल बोर्डको काम, कर्तव्य र अधिकार**<br>. . .<br>(छ) संस्थाका लागि आवश्यक सल्लाह र सुझाव लिने उद्देश्यका साथ नेसनल बोर्डले बढीमा तीन जना (एकजना अनिवार्य महिला) सल्लाहकार नियुक्त गर्न सक्नेछ।<br>(ज) एम्नेस्टी इन्टरनेसनल नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम, उपनियम तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,<br>(झ) कुनै सदस्यको सदस्यता, निर्माणाधिन तथा मान्यता प्राप्त समूह, युथ नेटवर्क वा नेसनल बोर्डका पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावलीअनुरूप निलम्बन, निष्कासन वा खारेज गर्ने,<br>(ञ) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी इन्टरनेसनल नेपालको नीति एवं विधानअनुरूपको कार्यमा सदस्य, समूह एवं युथ नेटवर्कलाई सक्रिय बनाउन आवश्यक निर्देशिका एवं कार्यविधि(हरू) निर्माण गरी लागू गर्ने र<br>(ट) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने। | **(३) नेसनल बोर्डको काम, कर्तव्य र अधिकार**<br>. . .<br>× × ×<br>(छ) एम्नेस्टी इन्टरनेसनल नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम, उपनियम तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,<br>(ज) कुनै सदस्यको सदस्यता, निर्माणाधिन तथा मान्यता प्राप्त समूह, युथ नेटवर्क वा नेसनल बोर्डका पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावलीअनुरूप निलम्वन, निष्कासन वा खारेज गर्ने,<br>(झ) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी इन्टरनेसनल नेपालको नीति एवं विधानअनुरूपको कार्यमा सदस्य, समूह एवं युथ नेटवर्कलाई सक्रिय बनाउन आवश्यक निर्देशिका एवं कार्यविधि(हरू) निर्माण गरी लागू गर्ने र<br>(ञ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने। | साविकको खण्ड (छ) को प्रावधान हटाई अन्यमा नंवर मिलान गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| ३८. | दफा १०.४. | **१०.४. नेसनल बोर्ड पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार** | **(४) नेसनल बोर्ड पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार** | दफा ११ को उपदफा (४) बनाइएको |
| ३९. | दफा १०.५. | **१०.५. नेसनल बोर्डको बैठक** | **(५) नेसनल बोर्डको बैठक** | दफा ११ को उपदफा (५) बनाइएको |
| ४०. | दफा १०.६. | **१०.६. पदरिक्तता** | **(६) पदरिक्तता** | दफा ११ को उपदफा (६) बनाइएको |
| ४१. | दफा १०.७. | **१०.७. रिक्त पदको पूर्ति** | **(७) रिक्त पदको पूर्ति** | दफा ११ को उपदफा (७) बनाइएको |
| ४२. | | | **१२. नोमिनेसन कमिटि**<br>(१) नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिका रिक्त पदहरूमा निर्वाचनका लागि उपयुक्त, सक्षम, क्षमतावान तथा संस्थाभित्रको सिप अभाव (skills gap) समेतको पूर्ति हुनेगरी संभावित उम्मेदवारहरूको सूची तयार गरी निर्वाचन समितिमा पेश गर्ने प्रयोजनका लागि देहायको पाँच सदस्यीय नोमिनेसन कमिटि रहनेछ।<br>(क) साधारण सभाबाट निर्वाचित संयोजक १ जना,<br>(ख) साधारण सभाबाट निर्वाचित कम्तिम एक जना महिला समेत दुई सदस्य<br>(ग) निर्देशक वा निजले तोकेको राष्ट्रिय सचिवालयका कर्मचारी, १ जना<br>(घ) नेसनल बोर्डले सिफारिस गरी पठाएको एक जना पर्यवेक्षक<br>(२) उपदफा (१) बमोजिमको नोमिनेसन कमिटिको पदावधि तीन वर्षको हुनेछ र बढीमा लगातार तीन कार्यकालसम्म | साविकको दफा १०.१. (ग) को प्रावधानलाई थप विस्तृत बनाउँदै अलग्गै दफा (१२) मा व्यवस्था गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्वाचित हुन मिल्नेछ। एउटै व्यक्ति बढीमा लगातार दुई कार्यकाल भन्दा संयोजक हुन मिल्नेछैन।<br>(३) यस कमिटिले एम्नेस्टी इन्टरनेसनलको परिदृश्य, उद्देश्य र मूल आदर्श बुझेका एवं एम्नेस्टी नेपालको बोर्डमा रही कार्य गर्न दक्षता हाँसिल गरेका व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिका पदहरूको निर्वाचनमा उम्मेदवारी दिन प्रोत्साहित र आमन्त्रित गर्न सक्नेछ।<br>(४) नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिका पदहरूको निर्वाचनमा उम्मेदवारी दिन चाहने एम्नेस्टी नेपाल समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूले सम्बन्धित पदमा कार्य गर्नका लागि आफूसँग भएको योग्यता र क्षमता लगायतका विषय उल्लेख गरी तोकिएबमोजिमको चाहनापत्र कमिटिसमक्ष पेश गर्नु पर्नेछ ।<br>(५) कमिटिमा प्राप्त हुन आएका चाहनापत्रहरूको आधारमा सम्बन्धित पदमा नीजको योग्यता र क्षमता पुगे नपुगेको विषयमा तोकिएको कार्यक्षमता ढाँचा (competency framework) का आधारमा मूल्याङ्कन गरी उक्त उम्मेदवारीका सम्बन्धमा नोमिनेसन कमिटिले सिफारिश गर्न सक्नेछ । उम्मेदवारी दिनु अगावै उक्त व्यक्तिले एम्नेस्टी नेपालको सदस्यता भने लिएको हुनुपर्दछ। | |
| ४३. | दफा ११ | **११. पुनरावेदन समिति**<br>(१) साधारण सभाले नेसनल बोर्डको निर्वाचनसँगै एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह वा | **१३. पुनरावेदन समिति**<br>(१) समूह र युथनेटवर्क विघटन तथा सदस्यता खारेजी एवं सदस्यता नविकरण नगर्ने नेसनल बोर्डको निर्णयसम्बन्धी | दफा नंवर परिवर्तन गरी भाषा मिलाइएको। |

| | | | | |
|---|---|---|---|---|
| | | युथनेटवर्कका सदस्यहरूमध्येबाट एक संयोजक र एक जना महिला सदस्यसहित दुई जना सदस्य रहेको कुल तीन सदस्यीय पुनरावेदन समितिको निर्वाचन गर्ने छ जसले समूह, युथनेटवर्क विघटन तथा सदस्यता खारेजी एवं सदस्यता नविकरण नगर्ने नेसनल बोर्डको निर्णयसम्बन्धी विषयहरूउपर पुनरावेदन सुन्ने छ। पुनरावेदन समितिका संयोजक एवं सदस्यहरूको कार्यकाल नेसनल बोर्डसरह हुने छ।<br>(२) पुनरावेदन समितिको कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुने छ।<br>(३) पुनरावेदन समितिले आफूलाई प्राप्त पुनरावेदनमा सामान्यतया तीन महिना भित्रमा निर्णय दिनेछ र यसको निर्णय अन्तिम हुनेछ।<br>(४) पुनरावेदन समितिले आवश्यकतानुसार विवादित विषयका सम्बन्धमा जाँचबुझ गर्ने, प्रमाण सङ्कलन गर्ने तथा सम्बद्ध व्यक्तिहरूसँग सोधपुछ गर्न सक्नेछ। समितिलाई सहयोग गर्नु सम्बद्ध व्यक्ति तथा पक्षहरूको कर्तव्य हुनेछ। समिति प्रतिको असहयोगलाई त्यस्ता व्यक्ति वा पक्षहरूविरुद्धको प्रमाणका रूपमा मात्र सकिने छ।<br>(५) यस समितिको संयोजक र सदस्य पदमा उम्मेदवारी दिनका लागि तोकिएबमोजिम योग्यता पुगेको हुनु पर्ने छ। | विषयहरूउपर पुनरावेदन सुन्ने प्रयोजनका लागि साधारण सभाले नेसनल बोर्डको निर्वाचनसँगै एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह, युथनेटवर्क वा व्यक्तिगत सदस्यहरूमध्येबाट एकजना संयोजक र एक जना महिला सदस्यसहित दुई जना सदस्य रहेको कुल तीन सदस्यीय पुनरावेदन समितिको निर्वाचन गर्ने छ। पुनरावेदन समितिका संयोजक एवं सदस्यहरूको कार्यकाल नेसनल बोर्डसरह हुनेछ।<br>(२) पुनरावेदन समितिको कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।<br>(३) पुनरावेदन समितिले आफूलाई प्राप्त पुनरावेदनमा सामान्यतया तीन महिना भित्रमा निर्णय दिनेछ र यसको निर्णय नै अन्तिम निर्णय हुनेछ।<br>(४) पुनरावेदन समितिले आवश्यकतानुसार विवादित विषयका सम्बन्धमा जाँचबुझ गर्ने, प्रमाण सङ्कलन गर्ने तथा सम्बद्ध व्यक्तिहरूसँग सोधपुछ गर्न सक्नेछ। समितिलाई सहयोग गर्नु सम्बद्ध व्यक्ति तथा पक्षहरूको कर्तव्य हुनेछ। समिति प्रतिको असहयोगलाई त्यस्ता व्यक्ति वा पक्षहरूविरुद्धको प्रमाणका रूपमा लिन सकिने छ।<br>(५) यस समितिको संयोजक र सदस्य पदमा उम्मेदवारी दिनका लागि तोकिएबमोजिम योग्यता पुगेको हुनु पर्नेछ। | |
| ४४. | | | **१४. प्रेपरेटोरी कमिटि (प्रेपकम)**<br>(१) एम्नेस्टी नेपालको प्रत्येक वर्ष आयोजना गरिने क्षेत्रीय भेला र साधारण सभाको योजना, संयोजन, तयारी, व्यवस्थापन र | दफा १४ मा प्रेपकमसम्बन्धी नयाँ व्यवस्था गरी सोहीअनुसार |

| | | | | |
|---|---|---|---|---|
| | | | संपादनका लागि नेसनल बोर्डको अध्यक्षको संयोजकत्वमा देहायबमोजिमको एक पाँच सदस्यीय प्रेपरेटोरी कमिटि (प्रेपकम) रहने छ।<br>क) संयोजक: नेसनल बोर्ड अध्यक्ष<br>ख) साधारण सभाबाट निर्वाचित कम्तिमा एक जना महिलासहित दुई सदस्य<br>ग) नेसनल बोर्डले तोकेको एक जना सदस्य<br>घ) निर्देशक वा निजले तोकेको राष्ट्रिय सचिवालयका एकजना कर्मचारी<br>(२) प्रेपकमको सदस्य पदमा उम्मेदवारी दिनका लागि तोकिएबमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।<br>(३) प्रेपकमले आफ्ना गतिविधिहरू नेसनल बोर्डले निर्धारण गरेको गभर्नेन्स क्यालेन्डरलाई आधारमा लिई गर्नेछ।<br>(४) प्रेपकमले आवश्यकताअनुसार अनलाइन वा भौतिक उपस्थितमा आफ्नो बैठक बसी यस विधान बमोजिमको सदस्यहरूको क्षेत्रीय भेला र साधारण सभाको आयोजनाका लागि योजना र तयारीका आवश्यक निर्णय लिने र सो निर्णयअनुरूका कार्यहरू गर्ने गराउने छन्। | त्यसपछिको दफाहरूको नंवर मिलाइएको। |
| ४५. | दफा १२. | **१२. राष्ट्रिय सचिवालय** | **१५. राष्ट्रिय सचिवालय** | नंवर मिलाइएको |
| ४६. | दफा १३. | **१३. समूह, युथनेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्क**<br><br>**१३.१ निर्माणाधिन समूहको गठन**<br>नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ५०[1] जना सदस्यहरूले एम्नेस्टी नेपालको निर्माणाधिन समूह गठन गर्न आवेदन दिएमा नेसनल बोर्डले स्वीकृति दिन सक्ने | **१६. समूह र युथनेटवर्कसम्बन्धी व्यवस्था**<br>**(१) निर्माणाधिन समूहको गठन (Group-in-Formation)**<br>नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ३५ जनाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र नियमावलीको मातहतमा रहने गरी निर्माणाधिन समूह गठन गरी सोअन्तर्गत रहने गरी सदस्यतासमेतका लागि आवेदन दिएमा यसरी आवेदन दिने व्यक्तिहरूको पृष्ठभूमिको अनुसन्धान र विश्लेषण | समूह र युथनेटवर्क तथा निर्माणाधीन समूह र निर्माधीन युथनेटवर्कका लागि आवश्यक न्यूनतम सदस्य सङ्ख्या सवालमा समसामयिक परिवर्तन गर्न आवश्यक देखिएकोले |

[1] पाँचौं संशोधन २०७४ द्वारा संशोधित। सो अघि ". . . २५ . . ." रहेको।

| | | | | |
|---|---|---|---|---|
| | | छ। निर्माणाधिन समूहको मान्यताका लागि -<br>(क) निर्माणाधिन समूहको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ।<br>(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ।<br>(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।<br><br>**१३.२ समूहको आबद्धता**<br>एम्नेस्टी नेपालका निर्माणाधिन समूहहरू नेसनल बोर्डको निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टीको समूहका रूपमा आबद्ध हुन सक्ने छन्। एम्नेस्टी नेपालमा आबद्ध समूहलाई समूह नम्बर प्रदान गरिने छ। यसरी समूहका रूपमा आबद्धता प्राप्त गर्न:<br>(क) तोकिए बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ।<br>(ख) न्यूनतम ५० जना[2] सदस्य आबद्ध रहेको हुनुपर्ने छ।<br>(ग) न्यूनतम छ महिना निर्माणाधिन समूहको रूपमा कार्य गरिसकेको हुनुपर्ने छ।<br>(घ) तोकिएको ढाँचामा समूहको विनियम समूह साधारणसभाबाट पारित गराई स्वीकृतिका लागि नेसनल बोर्डमा पेस गरिसकेको हुनुपर्ने छ।<br>(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ। | नेसनल बोर्डले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको आवश्यकता र सदस्यता अभिमुखिकरण तथा प्रशिक्षणका लागि विद्यमान क्षमता, श्रोत, साधन तथा उक्त स्थानमा प्रस्तावित निर्माणाधीन समूह स्वायत्त ढङ्गमा दिगो तवरमा स्वसञ्चालनमा रहन सक्ने वा नसक्ने लगायतका पारिस्थिक मूल्याङ्कन र वस्तुगत विश्लेषणका आधारमा निर्माणाधीन समूहको रूपमा स्वीकृति दिन सक्ने छ। निर्माणाधिन समूहको मान्यताका लागि -<br>(क) निर्माणाधिन समूहको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ।<br>(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ।<br>(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।<br><br>(२) **समूहको आबद्धता**<br>उपदफा (१) बमोजिम गठित निर्माणाधिन समूहहरू नेसनल बोर्डको निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूहका रूपमा आबद्ध हुन सक्ने छन्। एम्नेस्टी नेपालमा आबद्ध समूहलाई समूह नम्बर प्रदान गरिने छ। यसरी समूहका रूपमा आबद्धता प्राप्त गर्न:<br>(क) तोकिए बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ।<br>(ख) न्यूनतम ३५ जना सदस्य आबद्ध रहेको हुनुपर्ने छ।<br>(ग) न्यूनतम एक वर्ष निर्माणाधिन समूहको रूपमा कार्य | सोही बमोजिमका परिवर्तनहरू गरी दफा नंबरहरू मिलान गरिएको। |

2 पाँचौं संशोधन २०७४ द्वारा संशोधित। सो अघि "... २५ ..." रहेको।

| | | | | |
|---|---|---|---|---|
| | | (च) समूहको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा दुई वर्ष भित्रमा निर्णय दिनुपर्ने छ।<br><br>**१३.३ निर्माणाधीन युथनेटवर्क (Youth Network in Formation)**<br>नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ५० जना १४ वर्षदेखि २५ वर्ष उमेर समूहका सदस्यहरूले एम्नेस्टी नेपालको निर्माणाधीन युथ नेटवर्क गठन गर्न आवेदन दिएमा नेसनल बोर्डले स्वीकृति दिन सक्ने छ। निर्माणाधीन युथ नेटवर्कको मान्यताका लागि -<br>(क) निर्माणाधीन युथ नेटवर्कको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ।<br>(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ।<br>(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।<br><br>**१३.४ युथ नेटवर्कको आबद्धता**<br>एम्नेस्टी नेपालका निर्माणाधीन युथ नेटवर्कहरू नेसनल बोर्डको निर्णय र अन्तर्राष्ट्रिय<br>सचिवालयको समर्थनमा एम्नेस्टीको युथ नेटवर्कका रूपमा आवद्ध हुन सक्ने छन् । यसरी युथ नेटवर्कका रूपमा आबद्धता प्राप्त गर्न:<br>(क) तोकिए बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ।<br>(ख) न्यूनतम ५० जना सदस्य आबद्ध रहेको हुनुपर्ने छ। | गरेको हुनुपर्ने छ।<br>(घ) तोकिएको ढाँचामा समूहको विनियम समूह साधारणसभाबाट पारित गराई स्वीकृतिका लागि नेसनल बोर्डमा पेस गरिसकेको हुनुपर्नेछ।<br>(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्नेछ।<br>(च) समूहको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा दुई वर्ष भित्रमा निर्णय दिनुपर्ने छ।<br><br>**(३) निर्माणाधीन युथनेटवर्क (Youth Network-in-Formation)**<br>नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ३५ जना १६ वर्षदेखि २५ वर्ष उमेर समूहका व्यक्तिहरूले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र नियमावलीको मातहतमा रहने गरी एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्माणाधीन युथ नेटवर्क गठन गरी सो मातहत आफूहरू एम्नेस्टी नेपाल शाखाको मानवअधिकार अभियानमा सक्रिय हुने अभिप्राय उल्लेख गर्दै आवेदन दिएमा नेसनल बोर्डले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको आवश्यकता र सदस्यता अभिमूखिकरण तथा प्रशिक्षणका लागि विद्यमान क्षमता, श्रोत, साधन तथा उक्त स्थानमा प्रस्तावित निर्माणाधीन युथनेटवर्क स्वायत्त ढङ्गमा दिगो तवरमा स्वसञ्चालनमा रहन सक्ने वा नसक्ने लगायतका पारिस्थिक मूल्याङ्कन र वस्तुगत विश्लेषणका आधारमा निर्माणाधीन युथनेटवर्कका रूपमा स्वीकृति दिन सक्ने छ। निर्माणाधीन युथ नेटवर्कको मान्यताका लागि -<br>(क) निर्माणाधीन युथ नेटवर्कको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ।<br>(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ। | |

(ग) न्यूनतम छ महिना निर्माणाधीन युथ नेटवर्कको रूपमा कार्य गरिसकेको हुनुपर्ने छ।

(घ) तोकिएको ढाँचामा युथ नेटवर्कको विनियम, युथ नेटवर्क साधारण सभाबाट पारित गराई स्वीकृतिका लागि नेसनल बोर्डमा पेस गरिसकेको हुनुपर्ने छ।

(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।

(च) युथ नेटवर्कको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा दुई वर्ष भित्रमा निर्णय दिनुपर्ने छ।

**१३.५ समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्क कार्यसमिति**

(क) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणाधीन युथनेटवर्कहरूले प्रत्येक वर्ष तोकिएबमोजिम साधारणसभा सम्पन्न गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नयाँ कार्यसमिति चयन गर्नुपर्नेछ।

(ख) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्कहरूलेआफ्नो अनुकुलताअनुसार ७ देखि ११ सदस्यीय कार्यसमिति गठन गर्न सक्नेछन्। त्यस्तो कार्यसमितिसमूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्कहरूको साधारणसभाबाट निर्वाचित गरिनेछ।

(ग) कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने छ।

(घ) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र

(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।

**(४) युथ नेटवर्कको आबद्धता**

उपदफा (३) बमोजिम एम्नेस्टी नेपालका निर्माणाधीन युथ नेटवर्कहरू नेसनल बोर्डको निर्णय र अन्तर्राष्ट्रियसचिवालयको समर्थनमा एम्नेस्टी नेपाल शाखाको युथ नेटवर्कका रूपमा आबद्ध हुन सक्ने छन् । यसरी युथ नेटवर्कका रूपमा आबद्धता प्राप्त गर्न:

(क) तोकिए बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ।

(ख) न्यूनतम ३५ जना सदस्य आबद्ध रहेको हुनुपर्ने छ।

(ग) न्यूनतम एक वर्ष निर्माणाधीन युथ नेटवर्कको रूपमा कार्य गरिसकेको हुनुपर्ने छ।

(घ) तोकिएको ढाँचामा युथ नेटवर्कको विनियम, युथ नेटवर्क साधारण सभाबाट पारित गराई स्वीकृतिका लागि नेसनल बोर्डमा पेस गरिसकेको हुनुपर्ने छ।

(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।

(च) युथ नेटवर्कको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा दुई वर्ष भित्रमा निर्णय दिनुपर्ने छ।

**(५) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्क कार्यसमिति**

(क) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणाधीन युथनेटवर्कहरूले प्रत्येक वर्ष तोकिएबमोजिम साधारणसभा सम्पन्न गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नयाँ कार्यसमिति

निर्माणधिन युथनेटवर्क कार्य समितिको पदावधि दुई वर्षको हुने छ।

**१३.६ समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कका काम, कर्तव्य तथा अधिकारहरू**

(१) प्रत्येक समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले ६-६ महिनामा आफ्नो सदस्यता, गतिविधिका विवरण, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरूसम्बन्धी तोकिएबमोजिमको विवरण राष्ट्रिय सचिवालयलाई उपलब्ध गराउनुपर्ने छ।

(२) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको कार्यसमितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नु पर्नेछ।

(३) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको साधारणसभा प्रत्येक वर्ष बस्नुपर्ने छ।

(४) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कहरूले एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजना तथा एम्नेस्टीको नीतिको परिधिभित्र रही वार्षिक न्यूनतम तिन ओटा सार्वजनिक कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(५) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले आफ्नो नियमित लेखा राख्नुपर्ने छ।

(६) आफ्ना क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्नका लागि समूह, युथ नेटवर्क, निर्माणधिन गर्नुपर्नेछ।

(ख) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्कहरूले आफ्नो अनुकुलताअनुसार ७ देखि ९ सदस्यीय कार्यसमिति गठन गर्न सक्नेछन्। त्यस्तो कार्यसमिति समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्कहरूको साधारणसभाबाट निर्वाचित गरिनेछ।

(ग) कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने छ।

(घ) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्क कार्य समितिको पदावधि दुई वर्षको हुने छ।

**(६) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कका काम, कर्तव्य तथा अधिकारहरू**

(क) प्रत्येक समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले ६-६ महिनामा आफ्नो सदस्यता, गतिविधिका विवरण, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरूसम्बन्धी तोकिएबमोजिमको विवरण राष्ट्रिय सचिवालयलाई उपलब्ध गराउनुपर्ने छ।

(ख) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको कार्यसमितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नु पर्नेछ।

(ग) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको साधारणसभा प्रत्येक वर्ष बस्नुपर्ने छ।

(घ) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कहरूले एम्नेस्टी नेपाल शाखाको राष्ट्रिय रणनीतिक योजना तथा एम्नेस्टी इन्टरनेसनलको नीतिको परिधिभित्र रही वार्षिक न्यूनतम तीन ओटा

| | | | | |
|---|---|---|---|---|
| | | निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले तोकिएको ढाँचाको विनियम तयार गर्नुपर्ने छ जुन नेसनल बोर्डबाट अनुमोदन भएपछि लागू हुने छ।<br>(७) सदस्यता वृद्धि गर्नुपर्ने छ।<br>(८) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्क सञ्चालन र अभियानका लागि आवश्यक अर्थ सङ्कलन गर्नु पर्नेछ। अर्थसङ्कलन गर्दा एम्नेस्टीको आर्थिक एवं अर्थसङ्कलनसम्बन्धी नीति पालना गर्नु पर्नेछ।<br><br>**१३.७.** समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउन र समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले लिएको अनुदान वा ऋण भुक्तान गर्न नेसनल बोर्ड जिम्मेवार हुने छैन।<br><br>**१३.८ समूह र युथ नेटवर्क विघठन :**<br>(क) एम्नेस्टीको समूह र युथनेटवर्कका रूपमा आबद्धताको मान्यता रहिरहनका लागि तोकिएबमोजिका आधार र प्रक्रिया पुरा नगरेका समूह र युथनेटवर्कहरूलाई प्रक्रिया पूरा गरी नेसनल बोर्डले समूह र युथनेटवर्क विघटनसम्बन्धी निर्णय गर्न सक्नेछ।<br>(ख) आधार र प्रक्रिया पूरा गर्न नसकेको कुनै समूह वा समूहहरू र युथ नेटवर्क वा युथनेटवर्कहरूबाट मर्जरको लागि माग भै आएमा नेसनल बोर्डले तोकिएअनुसार स्वीकृती दिन सक्ने | मानवअधिकार अभियानसम्बन्धी सार्वजनिक कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।<br>(ङ) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले आफ्नो नियमित लेखा राख्नुपर्ने छ।<br>(च) आफ्ना क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्नका लागि समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले तोकिएको ढाँचाको विनियम तयार गर्नुपर्ने छ जुन नेसनल बोर्डबाट अनुमोदन भएपछि लागू हुनेछ।<br>(छ) सदस्यता वृद्धि गर्नुपर्ने छ।<br>(ज) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्क सञ्चालन र अभियानका लागि आवश्यक अर्थ सङ्कलन गर्नु पर्नेछ। अर्थसङ्कलन गर्दा एम्नेस्टीको आर्थिक एवं अर्थसङ्कलनसम्बन्धी नीति पालना गर्नु पर्नेछ।<br><br>(७) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउन र समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले लिएको अनुदान वा ऋण भुक्तान गर्न नेसनल बोर्ड जिम्मेवार हुने छैन।<br><br>(८) **समूह र युथ नेटवर्क विघठन :**<br>(क) एम्नेस्टीको समूह र युथनेटवर्कका रूपमा आबद्धताको मान्यता रहिरहनका लागि तोकिएबमोजिका आधार र प्रक्रिया पुरा नगरेका समूह र युथनेटवर्कहरूलाई प्रक्रिया पूरा गरी नेसनल बोर्डले समूह र युथनेटवर्क विघटनसम्बन्धी निर्णय गर्न सक्नेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | छ। | (५) आधार र प्रक्रिया पूरा गर्न नसकेको कुनै समूह वा समूहहरू र युथ नेटवर्क वा युथनेटवर्कहरूबाट मर्जरको लागि माग भै आएमा नेसनल बोर्डले तोकिएअनुसार स्वीकृती दिन सक्ने छ। | |
| ४७. | दफा १५ | **१५. संस्थाको कोष** | **१७. संस्थाको कोष** | नंवर मिलाइएको |
| ४८. | दफा १६ | **१६. संस्थाको कोषको सञ्चालन प्रक्रिया** | **१८. संस्थाको कोषको सञ्चालन प्रक्रिया** | नंवर मिलाइएको |
| ४९. | दफा १७ | **१७. लेखापरीक्षण** | **१९. लेखापरीक्षण** | नंवर मिलाइएको |
| ५०. | दफा १८ | **१८. विधान संशोधन**<br>(१) नेसनल बोर्डले आवश्यक सम्झेमा वा एम्नेस्टी नेपालको कुनै समूह वा युथनेटवर्कले आफ्नो निर्णयसाथ नेसनल बोर्डसमक्ष संशोधन प्रस्ताव पेस गरेमा नेसनल बोर्डले त्यस्तो विधान संशोधन प्रस्ताव साधारणसभामा पेस गर्न सक्नेछ।<br>. . .<br>(४) यसरी दर्ता हुन आएको विधान संशोधनसम्बन्धी प्रस्ताव सचिवालयले साधारणसभा सुरु हुनुभन्दा २१ दिन अगावै सम्पूर्ण समूहहरूमा पठाउनुपर्ने छ।<br>. . .<br>(६) उल्लिखित विधान संशोधनसम्बन्धी वा सो प्रस्तावलाई संशोधन गर्नेसम्बन्धी दुवै प्रस्ताव साधारणसभामा छलफलमा ल्याइने छ। | **२०. विधान संशोधन**<br>(१) नेसनल बोर्डले आवश्यक सम्झेमा वा एम्नेस्टी नेपालको कुनै समूह वा युथनेटवर्क वा कूल व्यक्तिगत सदस्यहरूको एक तिहाई सदस्यले आफ्नो निर्णयसाथ नेसनल बोर्डसमक्ष संशोधन प्रस्ताव पेस गरेमा नेसनल वोर्डले त्यस्तो विधान संशोधन प्रस्ताव साधारणसभामा पेस गर्न सक्नेछ।<br>. . .<br>(४) यसरी दर्ता हुन आएको विधान संशोधनसम्बन्धी प्रस्ताव सचिवालयले साधारणसभा सुरु हुनुभन्दा २१ दिन अगावै सम्पूर्ण समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूमा पठाउनुपर्ने छ।<br>. . .<br>(६) उल्लिखित विधान संशोधन प्रस्ताव वा सो प्रस्तावलाई संशोधन गर्नेसम्बन्धी प्रस्ताव दुवैलाई साधारणसभामा छलफलमा ल्याइने छ। | भाषा र दफा नंवर मिलाइएको। |

| | | | | |
|---|---|---|---|---|
| ५१. | दफा १९ | **१९. अविश्वासको प्रस्ताव**<br>(१) देहायको अवस्थामा एम्नेस्टी नेपालको सम्पूर्ण समूह वा युथ नेटवर्क वा समर्थक सदस्यको २५ प्रतिशतले आफ्नो समूहहरूको कार्य समितिको निर्णयका साथ संयुक्त रूपमा नेसनल बोर्ड वा पुनरावेदन समितिका पदाधिकारीविरुद्ध एम्नेस्टी नेपालको सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन्। | **२१. अविश्वासको प्रस्ताव**<br>(१) देहायको अवस्थामा एम्नेस्टी नेपालको सम्पूर्ण समूह वा युथ नेटवर्कहरूको २५ प्रतिशतले आफ्नो समूह वा युथनेटवर्कको कार्य समितिको निर्णयका साथ संयुक्त रूपमा नेसनल बोर्ड वा पुनरावेदन समितिका पदाधिकारीविरुद्ध एम्नेस्टी नेपालको सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन्। | यस प्रावधानका समालमा समर्थक सदस्यको सान्दर्भिकता नभएकोले हटाइएको र नंवर परिवर्तन गरिएको। |
| ५२. | | २०. यस विधानमा जुनसुकै . . . | २२. यस विधानमा जुनसुकै . . . | दफा नंवर मिलाइएको। |
| ५३. | | **२१. संस्थाको विघटनः**<br>(१) एम्नेस्टी नेपालको विघटनको सिफारिस एम्नेस्टी नेपाल साधारण सभा सदस्यहरूको दुई तिहाई बहुमतले मात्र गर्न सक्ने छ। . . . ✂ | **२३. संस्थाको विघटनः**<br>(१) एम्नेस्टी नेपालको विघटनको सिफारिस एम्नेस्टी नेपालको साधारण सभा बैठकमा उपस्थित प्रतिनिधिहरूको दुई तिहाई बहुमतले मात्र गर्न सक्ने छ। . . . ✂ | दफा नंवर मिलाइएको। |
| ५४. | | **२२. विधानको व्याख्या** | **२४. विधानको व्याख्या** | दफा नंवर मिलाइएको। |
| ५५. | | **२३. खारेजी तथा बचाऊ** | **२५. खारेजी तथा बचाऊ** | दफा नंवर मिलाइएको। |

## एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली २०६२ (सन् २००५) को छैठौं संशोधन प्रस्तावसम्बन्धी तीन महले दस्तावेज

| क. सं | विद्यमान नियम | विद्यमान प्रावधान | संशोधन प्रस्ताव | कारण |
|---|---|---|---|---|
| १. | **प्रस्तावना** | एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा व्यवस्थित र नियमित रुपमा सञ्चालन गर्नका लागि एम्नेस्टी नेपालको विधान अनुरूप नेसनल बोर्डले यो नियमावली बनाई लागू गरेको छ। | एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभालाई सुव्यवस्थित, मर्यादित, नियमित र प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानअनुरूप नेसनल बोर्डले यो नियमावली बनाई लागू गरेको छ। | भाषा मिलान गरिएको। |
| २. | **नियम १. संक्षिप्त नाम र प्रारम्भ** | (क) यस नियमावलीको नाम "एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली २०६२ (२००५) को पाँचौं संशोधन २०७८ (सन् २०२१) रहनेछ। | (क) यस नियमावलीको नाम "एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली, २०६२ (सन् २००५) को छैठौं संशोधन, २०८० (सन् २०२३) रहनेछ। | छैठौं संशोधन भएकोले सोही अनुसार गरिएको। |
| ३. | **नियम २. परिभाषा** | (ङ) "नेसनल वोर्ड" भन्नाले साधारणसभबाटवाट निर्वाचित एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (२००१) को सातौं संशोधन २०२१ को भाग ४ दफा १०.१ (क) बमोजिमको नेसनल बोर्डलाई जनाउनेछ। | (ङ) "नेसनल बोर्ड" भन्नाले साधारणसभाबाट निर्वाचित एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन, २०८० (सन् २०२३) को भाग ४ दफा ११ (१) बमोजिमको नेसनल बोर्डलाई जनाउनेछ। | भाषा मिलान गरिएको। |
| | | (ज) "पर्यवेक्षक" भन्नाले एम्नेस्टी नेपालमा आबद्ध निर्माणाधीन समूह, निर्माणाधिन युथ नेटवर्क र नेसनल बोर्डबाट तोकिएका साधारण सभामा प्रतिनिधित्व गर्ने व्यक्तिहरूलाई बुझाउनेछ। | (ज) "पर्यवेक्षक" भन्नाले एम्नेस्टी नेपालमा आबद्ध निर्माणाधीन समूह, निर्माणाधिन युथ नेटवर्कलाई प्रतिनिधित्व गर्ने सदस्यहरू, प्रेपकम र नोमिनेसन कमिटिका संयोजक र सदस्य तथा नेसनल बोर्डद्वारा पर्यवेक्षकको रूपमा तोकिएका व्यक्तिहरूलाई बुझाउनेछ। | विधानको संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको। |
| | | (झ) "प्रतिनिधि" भन्नाले एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त गरेका समूह र युथ नेटवर्कका कम्तिमा एकजना महिलासहितका दुई/दुई जना प्रतिनिधि र समथर्क सदस्यहरूको प्रतिनिधित्व गर्ने कम्तिमा एकजना महिलासहितका दुईजना प्रतिनिधिहरूलाई जनाउने छ जसले एम्नेस्टी नेपालको साधारण सभामा मताधिकारको प्रयोग गर्ने छन्। | (झ) "प्रतिनिधि" भन्नाले एम्नेस्टी इन्टरनेसन नेपाल शाखाको विधानको दफा १० (४) बमोजिम सदस्यहरूको क्षेत्रीय भेलाबाट चयन भई साधारण सभामा सहभागिता जनाएका सदस्यहरूलाई जनाउने छ जसले एम्नेस्टी नेपालको साधारण सभामा मताधिकारको प्रयोग गर्ने छन्। | विधानको संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | (ञ) "निर्वाचन अधिकृत" भन्नाले नेसनल बोर्ड र पुनरावेदन समितिको निर्वाचनका लागि नियुक्त निर्वाचन अधिकृतलाई बुझाउनेछ। | (ञ) "निर्वाचन अधिकृत" भन्नाले नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि (प्रेपकम), नोमिनेसन कमिटि र पुनरावेदन समितिको निर्वाचनका लागि नियुक्त निर्वाचन अधिकृतलाई बुझाउनेछ। | भाषा मिलान गरिएको। |
| | | (ट) "कर्मचारी" भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयमा करारमा कार्यरत निर्देशक समेतका कर्मचारीहरूलाई बुझाउनेछ। | (ट) "कर्मचारी" भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयमा कार्यरत निर्देशक समेतका कर्मचारीहरूलाई बुझाउनेछ। | भाषा मिलान गरिएको। |
| | | (ठ) "नोमिनेशन कमिटी" भन्नाले नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिने व्यक्तिको क्षमता तथा दक्षता मूल्याङ्कन गर्न नेसनल बोर्डले गठन गरेको एक कमिटिलाई बुझाउने छ। | (ठ) "नोमिनेसन कमिटि" भन्नाले नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि तथा पुनरावेदन समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचनका लागि उम्मेदवारीको आह्वान गरी दक्ष, योग्य र संस्थामा विद्यमान सीपको अभाव समेतलाई पूर्ति गर्ने गरी सक्षम र योग्य नेतृत्व चयनका लागि उम्मेदवारीको आवेदन दिएका व्यक्तिहरूको क्षमता र दक्षता मूल्याङ्कन गरी प्राप्त उम्मेदवारीको योग्यता तथा अयोग्ता निर्धारण गर्ने प्रयोजनका लागि एम्नेस्टी नेपाल शाखाको विधानको दफा १२ बमोजिमको कमिटिलाई बुझाउने छ। | विधानको संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको। |
| | | | (ड) "प्रेपरेटोरी कमिटि" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको दफा १४ बमोजिमको कमिटिलाई जनाउनेछ। यसलाई छोटकरीमा प्रेपकम (PrepCom) पनि भनेर बुझिनेछ। | विधानको संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको। |
| | | | (ढ) "सदस्यहरूको क्षेत्रीय भेला (Members' Regional Forum)" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको दफा १० मा व्यवस्था गरिएबमोजिमको भेलालाई जनाउनेछ। यसलाई छोटकरीमा क्षेत्रीय भेला (Regional Forum) पनि भनिनेछ। | |
| ४. | **नियम ३: साधारणसभा र गणपूरक संख्या उपनियम** | ३.१ साधारणसभा<br>हरेक वर्ष आयोजना गरिने साधारण सभा एम्नेस्टी इन्टरनेसनल नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। साधारण सभाले प्रत्येक दुई वर्षको अन्तरालमा नेसनल बोर्ड र पुनरावेदन समितिको नियमित निर्वाचन गर्नेछ। साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत | ३.१ साधारणसभा<br>हरेक वर्ष आयोजना गरिने साधारण सभा एम्नेस्टी इन्टरनेसनल नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। साधारण सभाले नेसनल बोर्ड, नोमिनेसन कमिटि, प्रेपकम र पुनरावेदन समितिको नियमित निर्वाचन गर्नेछ। साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना | विधानको संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ । | अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ । | |
| | | ३.२ गणपूरक संख्या<br>साधारणसभाको गणपूरक संख्या ६७ प्रतिशत (दुई तिहाई) हुनेछ । | ३.२ गणपूरक संख्या<br>साधारणसभाको गणपूरक संख्या एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको दफा १० को उपदफा (१) अन्तर्गतका क्षेत्रीय भेलाबाट दफा १० उपदफा (४) बमोजिम निर्धारित भई तोकिएका प्रतिनिधिहरूमध्ये प्रत्येक क्षेत्रबाट कम्तिमा सामान्य बहुमत प्रतिनिधिहरूको उपस्थिति आवश्यक हुनेछ । उल्लिखित गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई साधारण सभाका अध्यक्षले निश्चित समय वा मितिसम्मका लागि सभा स्थगन गर्नेछन् । स्थगित सभालाई साधारणसभाका अध्यक्षले तय गरेको विधि र प्रकृयाबाट पुन: सञ्चालन गरिनेछ । | विधानको संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको । |
| ५. | **नियम ४. (१) साधारणसभाको गठन** | (ग) मान्यता प्राप्त समूहबाट कम्तिमा एक जना महिलासहित दुई जना प्रतिनिधि, | (ग) एम्नेस्टी नेपालमा आबद्ध कूल वैध सदस्य (valid members) सङ्ख्या बराबर १०० जनाको अनुपातमा एम्नेस्टी नेपाल शाखाको विधानको दफा १० (१) बमोजिम निर्धारित प्रत्येक क्षेत्रमा विद्यमान कूल वैध सदस्यहरूको आधारमा हुन आउने सङ्ख्या बराबर एम्नेस्टी इन्टरनेसनल नेपालको क्षेत्रीय भेलाबाट एम्नेस्टी नेपाल शाखाको विधानको दफा १० (४) बमोजिम चयन गरिएका कूल १०० जना प्रतिनिधिहरू । | विधानको संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको । |
| ६. | **नियम ४. (१) साधारणसभाको गठन** | (घ) मान्यता प्राप्त युथ नेटवर्कबाट कम्तिमा एक जना महिलासहित दुई जना प्रतिनिधि | ✂ ✂ ✂ | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप अनावश्यक भएकोले हटाइएको । |
| | | (ङ) समर्थक सदस्यहरूमध्येबाट कम्तिमा एक जना महिलासहित दुई जना प्रतिनिधि | ✂ ✂ ✂ | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप अनावश्यक भएकोले हटाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | | (च) निमाणाधिन समूहबाट कम्तिमा एक जना महिलासहित दुई जना पर्यवेक्षक | ✂ ✂ ✂ | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप अनावश्यक भएकोले हटाइएको । |
| | | (छ) निमार्णाधिन युथ नेटवर्कबाट कम्तिमा एक जना महिलासहित दुई जना पर्यवेक्षक | ✂ ✂ ✂ | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप अनावश्यक भएकोले हटाइएको । |
| | | (ज) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू, | (घ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू, | क्रमाङ्ग नम्बरमा फेरबदल हुन गएको । |
| | | (झ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू, | (ङ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू, | क्रमाङ्ग नम्बरमा फेरबदल हुन गएको । |
| | | (ञ) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू | (च) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू | क्रमाङ्ग नम्बरमा फेरबदल हुन गएको । |
| | | (ट) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू | (छ) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू | क्रमाङ्ग नम्बरमा फेरबदल हुन गएको । |
| ७. | **नियम ४. (२) मताधिकार** | एम्नेस्टी नेपालमा आवद्धताको मान्यता प्राप्त समूह र युथ नेटवर्कका दुई/दुई जना प्रतिनिधि र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई जना प्रतिनिधिहरूमा मताधिकार रहनेछ । | उल्लिखित नियम १ (ग) बमोजिम क्षेत्रीय भेलाबाट चयन भई सहभागी हुन आएका प्रतिनिधिहरूमा एक व्यक्ति एक मतका आधारमा मताधिकार रहनेछ । | विधानको संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको । |
| ८. | **नियम ५.** | ✂ | ✂ | |
| ९. | **नियम ६.** | एम्नेस्टी नेपाल शाखाको वार्षिक साधारणसभा हुनुभन्दा दुई महिना अघिसम्म आफ्नो वार्षिक साधारणसभा सम्पन्न नगर्ने समूह वा निर्माणाधीन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटबर्कबाट साधारणसभामा प्रतिनिधित्व हुने छैन । | ✂ ✂ ✂ | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप अनावश्यक भएकोले हटाइएको । |
| १०. | **नियम ७.** | साधारणसभामा सहभागी सदस्यहरूमध्ये एम्नेस्टी नेपालमा आवद्धताको मान्यता प्राप्त गरेका समूह र युथनेटवर्कका दुई/दुई जना प्रतिनिधि र समथर्क | ✂ ✂ ✂ | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप |

| | | | | |
|---|---|---|---|---|
| | | सदस्यहरूको तर्फबाट सहभागी दुई जना प्रतिनिधिहरूमा मताधिकार हुनेछ । निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कबाट सहभागी पर्यवेक्षकहरूले भने साधारण सभाका अजेण्डामा आफ्नो प्रश्न राख्न र छलफलमा सहभागी हुन मात्र पाउनेछन् । | | अनावश्यक भएकोले हटाइएको । |
| ११. | **नियम ८.** | ✂ | ✂ | |
| १२. | **नियम ९. विशेष साधारणसभा** | **नियम ९. विशेष साधारणसभा** | **नियम ५. विशेष साधारणसभा** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको । |
| १३. | **नियम १०. साधारणसभाको बैठक** | **नियम १०. साधारणसभाको बैठक** | **नियम ६. साधारणसभाको बैठक** | क्रमाङ्क नम्बरमा फेरवदल हुन गएको । |
| | | (क) एम्नेस्टी नेपालको साधारणसभा हरेक वर्ष नेसनल बोर्डले तोकेको स्थान, मिति र समयमा बस्नेछ । | (क) एम्नेस्टी नेपालको साधारणसभा हरेक बर्ष नेसनल बोर्डले प्रेपकमसँगको परामर्शमा तोकेको स्थान, मिति र समयमा बस्नेछ । भौतिक उपस्थितिमा साधारण सभा आयोजना गर्न कठिन, असंभव वा असहज हुने परिस्थितिमा अनलाइन माध्यमबाट पनि साधारण सभा आयोजना गर्न सकिनेछ । | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप मिलाइएको । |
| | | (ख) साधारणसभा हुने मिति र स्थानको जानकारी प्रत्येक समूह तथा निर्माणाधीन समूहलाई ४५ दिन अगावै दिनुपर्नेछ । | (ख) साधारणसभाको मिति र स्थानसम्बन्धी जानकारी एम्नेस्टी नेपालअन्तर्गतका सबै समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूलाई ७५ दिन अगावै उपलब्ध गराउनुपर्नेछ । | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप मिलाइएको । |
| | | (ग) कुनै पनि समूह निर्माणाधीन समूह, युथ नेटवर्क वा निर्माणाधीन युथनेटवर्कले साधारणसभामा भाग लिन तोकिएबमोजिमको शुल्क भुक्तानी गरी नवीकरण गरेको हुनु पर्नेछ । | ✂ ✂ ✂ | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप अनावश्यक भएकोले हटाइएको । |
| | | (घ)साधारणसभाका प्रतिनिधि तथा पर्यवेक्षकहरूको नाम सभा हुनुभन्दा कम्तिमा १५ दिन पूर्व एम्नेस्टी नेपाल राष्ट्रिय सचिवालयमा विधिवत दर्ता भइसकेको हुनुपर्नेछ र कम्तिमा १५ दिन अगावै त्यस्ता प्रतिनिधि तथा पर्यवेक्षकहरूले एम्नेस्टी | ✂ ✂ ✂ | विधानमा प्रस्तावित संशोधन व्यवस्थाअनुरुप अनावश्यक भएकोले हटाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | | नेपालको सदस्यता ग्रहण वा नवीकरण गरेको हुनुपर्नेछ ।<br>तर पहिला दर्ता गराइएको नाम अनुरूपको व्यक्ति उपस्थित हुन नसकेमा उचित कारण खोली समूहले निवेदन दिएमा नेसनल बोर्ड अध्यक्ष वा निजले तोकेको नेसनल बोर्ड पदाधिकारीको सिफारिशमा सभामा भाग लिन पाउन सक्नेछ । | | |
| १४. | **नियम ११. साधारण सभाको अध्यक्षता र सभा सञ्चालन** | **नियम ११. साधारण सभाको अध्यक्षता र सभा सञ्चालन** | **नियम ७. साधारण सभाको अध्यक्षता र सभा सञ्चालन** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको । |
| | | (क) साधारणसभाको अध्यक्षता नेसनल बोर्डले तोकेको व्यक्तिले गर्नेछन् । | (क) साधारणसभाको अध्यक्षता नेसनल बोर्डका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुवै जनाको अनुपस्थितिमा नेसनल बोर्डले तोकेको नेसनल बोर्ड सदस्यले गर्नेछ । | विधानमा प्रस्तावित संशोधन मुताविक भाषा मिलान गरिएको । |
| | | (ग) साधारणसभाको प्रतिवेदन तयार गर्न अध्यक्षले ३ जनासम्म प्रतिवेदक (Rapporteurs) नियुक्त गर्नेछन् । | (ग) साधारणसभाको प्रतिवेदन तयार गर्न अध्यक्षले तीन जनासम्म प्रतिवेदक (Rapporteurs) नियुक्त गर्न सक्नेछन् । | भाषा मिलान गरिएको । |
| | | (ङ) नेसनल बोर्डको सिफारिसमा साधारण सभाले दुई जना गणक (Tellers) नियुक्त गर्नेछ । | (ङ) नेसनल बोर्डको सिफारिसमा साधारण सभाले चार जना गणक (Tellers) नियुक्त गर्नेछ । | |
| | | (ठ) अध्यक्षले कुनै पनि समय छलफलका विषयहरू (Agenda) को कुनै खास विषयमा समयावधि सिमित गर्ने वा समयावधि समाप्त भएको घोषणा गरी विपयलाई मत (Vote) का लागि लैजान वा छलफल वन्द गर्ने प्रस्ताव गर्न सक्नेछन् । | (ठ) अध्यक्षले कुनै पनि समय छलफलका विषयहरू (Agenda) को कुनै खास विषयमा समयावधि सीमित गर्ने वा समयावधि समाप्त भएको घोषणा गरी विपयलाई मतदान (Vote) का लागि लैजान वा छलफल वन्द गर्ने प्रस्ताव गर्न सक्नेछन् । | भाषा मिलान गरिएको । |
| १५. | **नियम १२. छलफलका विषयहरू (Agenda)** | **नियम १२. छलफलका विषयहरू (Agenda)** | **नियम ८. छलफलका विषयहरू (Agenda)** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको । |
| | | (क) साधारणसभामा छलफलका लागि कुनै पनि विषय समावेश गर्नको लागि नेसनल बोर्ड वा | (क) साधारणसभामा छलफलका लागि कुनै पनि विषय समावेश गर्नको लागि नेसनल बोर्ड वा समूह वा युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूबाट मात्र प्रस्ताव प्रस्तुत गर्न सकिनेछ । | समर्थक सदस्यहरूको प्रावधान राखिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | समूह वा युथ नेटवर्क र समथर्क सदस्यहरूबाट मात्र प्रस्ताव प्रस्तुत गर्न सकिनेछ । | | |
| | | (ख) नेसनल बोर्डका महासचिव र निर्देशकले अध्यक्षसँग परामर्श गरी साधारणसभामा छलफल हुने विपयहरू (Agenda) तयार गरी साधारणसभा शुरु हुनु १५ दिन अगावै समूह, युथ नेटवर्क, निर्माणाधिन समूह, निर्माणाधिन युथ नेटवर्क र समथर्क सदस्यहरूमा पठाउनु पर्नेछ, जसलाई साधारणसभामा पेश गरिनु अगावै नेसनल बोर्डको बैठकबाट अनुमोदन गराउनु पर्नेछ । | (ख) नेसनल बोर्डका महासचिव र निर्देशकले अध्यक्षसँग परामर्श गरी साधारणसभामा छलफल हुने विषयहरू (Agenda) तयार गरी साधारणसभा शुरु हुनु १५ दिन अगावै एम्नेस्टी नेपालका सम्पूर्ण सदस्य तथा साधारण सभाका प्रतिनिधिहरूलाई पठाउनु पर्नेछ, जसलाई साधारणसभामा पेश गरिनु अगावै नेसनल बोर्डको बैठकबाट अनुमोदन गराउनु पर्नेछ । | भाषा मिलान गरिएको । |
| | | (च) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएपनि अत्यन्त जरूरी विषयका सम्बन्धमा बैठकमा छलफल हुन आवश्यक देखिएमा त्यस्तो विषयमा जरूरी प्रस्ताव (Emergency Resolution) का रूपमा साधारणसभा प्रारम्भ हुनुभन्दा १२ घण्टा पहिले नेसनल वोर्डले सचिवालयमा दर्ता गर्न सक्नेछ । | (च) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएपनि अत्यन्त जरूरी विषयका सम्बन्धमा बैठकमा छलफल हुन आवश्यक देखिएमा त्यस्तो विषयमा जरूरी प्रस्ताव (Emergency Resolution) का रूपमा साधारणसभा प्रारम्भ हुनुभन्दा १२ घण्टा पहिले नेसनल बोर्डले राष्ट्रिय सचिवालयमा दर्ता गर्न सक्नेछ । | भाषा मिलान गरिएको । |
| | | (ज) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि एम्नेस्टीको कार्यसँग असम्बन्धित र संस्थाको मर्यादामा आँच आउने खालका कुनै पनि प्रस्तावलाई नेसनल बोर्डले साधारणसभाको छलफलको विषयको रूपमा समावेश गर्ने छैन । | (ज) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि एम्नेस्टी इन्टरनेसनलको कार्यसँग असम्बन्धित र संस्थाको मर्यादामा आँच आउने खालका कुनै पनि प्रस्तावलाई नेसनल बोर्डले साधारणसभाको छलफलको विषयको रूपमा समावेश गर्ने छैन । | भाषा मिलान गरिएको । |
| १६. | **नियम १३. देहाय बमोजिमका प्रतिवेदनहरू देहाय बमोजिमका व्यक्तिहरूले तयार गरी प्रस्तुत गर्नु पर्नेछ** | **नियम १३. देहाय बमोजिमका प्रतिवेदनहरू देहाय बमोजिमका व्यक्तिहरूले तयार गरी प्रस्तुत गर्नु पर्नेछ** | **नियम ९. देहाय बमोजिमका प्रतिवेदनहरू देहाय बमोजिमका व्यक्तिहरूले तयार गरी प्रस्तुत गर्नु पर्नेछ** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको । |
| | | (क) एम्नेस्टी नेपालको Operational Plan अन्तर्गत सञ्चालन भएका गतिविधिहरूको वार्षिक प्रतिवेदन निर्देशक वा निजको अनुपस्थितिमा निजको जिम्मेवारी सम्हालेका वा नेसनल बोर्डले | (क) एम्नेस्टी नेपालको अपरेसनल प्लान (Operational Plan) अन्तर्गत सञ्चालन भएका गतिविधिहरूको वार्षिक प्रतिवेदन निर्देशक वा निजको अनुपस्थितिमा निजको जिम्मेवारी सम्हालेका वा नेसनल बोर्डले तोकेको व्यक्तिले प्रस्तुत गर्नेछन् । त्यस्तो | भाषा मिलान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | तोकेको व्यक्ति ले प्रस्तुत गर्नेछन् । त्यस्तो प्रतिवेदनमा एम्नेस्टी नेपालले गत साल सम्पन्न गरेका र आगामी साल गर्ने लक्ष्य राखिएका विभिन्न कार्यक्रम समावेश हुनेछन् । | प्रतिवेदनमा एम्नेस्टी नेपालले गत साल सम्पन्न गरेका र आगामी साल गर्ने लक्ष्य राखिएका विभिन्न कार्यक्रम समावेश हुनेछन् । | |
| | | (घ) एम्नेस्टी इन्टरनेसनलको एकीकृत रणनीतिक योजनामा आधारित भई नेसनल बोर्डले तयार गरेको National Strategic Plan नेसनल बोर्डद्वारा तोकिएको पदाधिकारीले प्रस्तुत गर्नेछ । | (घ) एम्नेस्टी इन्टरनेसनलको रणनीतिक लक्ष्यमा आधारित भई नेसनल बोर्डले तयार गरेको National Strategic Plan नेसनल बोर्डद्वारा तोकिएको पदाधिकारीले प्रस्तुत गर्नेछ । | भाष मिलान गरिएको । |
| १७. | **नियम १४. छलफलको प्रक्रिया** | **नियम १४. छलफलको प्रक्रिया** | **नियम १०. छलफलको प्रक्रिया** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको । |
| | | (ख) समूहका तर्फबाट प्रस्तुत प्रस्ताव सम्बन्धित समूहका प्रतिनिधिले पेश गर्नेछन्<br>तर त्यसरी समूहका तर्फबाट प्रस्ताव प्रस्तुत गर्दा प्रस्तुतकर्ताले समूहबाट निर्णय भई आएको लिखित विवरण मात्र प्रस्तुत गर्नु पर्नेछ । | (ख) समूहका तर्फबाट प्रस्तुत प्रस्ताव सम्वन्धित समूह अवस्थित रहेको क्षेत्रबाट क्षेत्रीय प्रतिनिधिको रूपमा एम्नेस्टी नेपालको विधानको दफा १० (४) बमोजिम चयन भई सहभागी हुन आएका कोही एकजना प्रतिनिधिले पेश गर्नेछन् ।<br>तर त्यसरी समूहका तर्फबाट प्रस्ताव प्रस्तुत गर्दा प्रस्तुतकर्ताले समूहबाट निर्णय भई आएको लिखित विवरण मात्र प्रस्तुत गर्नु पर्नेछ । | संशोधनका लागि विधानमा प्रस्ताव गरिएको व्यवस्थाअनुसार मिलान गरिएको । |
| | | (ग) त्यसरी समूहबाट प्रस्तुत प्रस्तावमा साधारणसभाको कुनै सदस्यले संशोधन प्रस्ताव पेश गर्न चाहेमा एकजना सदस्यको समर्थन सहित संशोधन प्रस्ताव पेश गर्न सक्नेछन् ।<br>तर त्यस्तो संशोधन प्रस्तावले मूल प्रस्तावको मर्म विपरीत भएमा मान्यता दिइनेछैन । | (ग) त्यसरी समूहबाट प्रस्तुत प्रस्तावमा साधारणसभाको कुनै प्रतिनिधिले संशोधन प्रस्ताव पेश गर्न चाहेमा एकजना प्रतिनिधिको समर्थन सहित संशोधन प्रस्ताव पेश गर्न सक्नेछन् ।<br>तर त्यस्तो संशोधन प्रस्तावले मूल प्रस्तावको मर्म विपरीत भएमा मान्यता दिइनेछैन । | संशोधनका लागि विधानमा प्रस्ताव गरिएको व्यवस्थाअनुसार मिलान गरिएको । |
| १८. | **नियम १५. निर्णय** | **नियम १५. निर्णय** | **नियम ११. निर्णय** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको । |
| | | (ख) प्रस्ताव उपर मतदान हुँदा प्रतिनिधिहरूले आ–आफ्नो परिचय पत्र (Voting card) देखाई मत दिनुपर्नेछ । | (ख) प्रस्ताव उपर मतदान हुँदा प्रतिनिधिहरूले आ–आफ्नो भोटिङ्ग कार्ड (Voting card) देखाई मत दिनुपर्नेछ । | भाषा मिलान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| १९. | **नियम १६. नियमपालन सम्बन्धी प्रश्न (Points of Order)** | **नियम १६. नियमपालन सम्बन्धी प्रश्न (Points of Order)** | **नियम १२. नियमपालन सम्बन्धी प्रश्न (Points of Order)** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको । |
| २०. | **नियम १७. सूचनाको माग (Points of information)** | **नियम १७. सूचनाको माग (Points of information)** | **नियम १३. सूचनाको माग (Points of information)** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको । |
| २१. | **नियम १८. मताधिकार** | **नियम १८. मताधिकार** | **नियम १४. मताधिकार** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको । |
| | | (ख) मताधिकार प्राप्त प्रतिनिधिहरूलाई प्रतिनिधि परिचयपत्र (voting card) उपलब्ध गराइनेछ । | (ख) मताधिकार प्राप्त प्रतिनिधिहरूलाई प्रतिनिधि भोटिंग कार्ड (voting card) उपलब्ध गराइनेछ । | भाषा मिलान गरिएको । |
| २२. | **नियम १९. नेसनल बोर्ड को निर्वाचन** | **नियम १९. नेसनल बोर्ड को निर्वाचन** | **नियम १५. निर्वाचन** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको र ....... |
| | | (क) एम्नेस्टी नेपाल नेसनल बोर्ड एवं पुनरावेदन समितिको नियमित निर्वाचन साधारण सभाबाट गरिनेछ । कुनै पद रिक्त भई पदपूर्ति गर्नु पर्ने अवस्थामा वा अविश्वासको प्रस्ताव पारित भई नेसनल वोर्ड वा पुनरावेदन समिति विघटन भई नयाँ समिति गठन गर्नु पर्ने अवस्थामा आकस्मिक साधारण सभा वा विशेष साधारण सभाबाट पनि नेसनल वोर्ड वा पुनरावेदन समितिको निर्वाचन गर्न सकिनेछ । | (क) एम्नेस्टी नेपालको नेसनल वोर्ड, प्रेपकम, नोमिनेसन कमिटि एवं पुनरावेदन समितिको नियमित निर्वाचन साधारण सभाबाट गरिनेछ । कुनै पद रिक्त भई पदपूर्ति गर्नु पर्ने अवस्थामा वा अविश्वासको प्रस्ताव पारित भई नेसनल बोर्ड प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समिति विघटन भई नयाँ समिति गठन गर्नु पर्ने अवस्थामा आकस्मिक साधारण सभा वा विशेष साधारण सभाबाट पनि नेसनल वोर्ड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको निर्वाचन गर्न सकिनेछ । | संशोधनका लागि विधानमा प्रस्ताव गरिएको व्यवस्थाअनुसार मिलान गरिएको । |
| | | (ख) नेसनल वोर्ड वा पुनरावेदनसमितिको निर्वाचन एम्नेस्टी नेपालको विधान बमोजिम प्रजातान्त्रिक प्रक्रियाका आधारमा एक व्यक्ति एक मत अनुरूप गोप्य मतदान प्रक्रियाबाट हुनेछ । | (ख) नेसनल वोड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदनसमितिको निर्वाचन एम्नेस्टी नेपालको विधान बमोजिम प्रजातान्त्रिक प्रक्रियाका आधारमा एक व्यक्ति एक मत अनुरूप गोप्य मतदान प्रक्रियाबाट हुनेछ । | संशोधनका लागि विधानमा प्रस्ताव गरिएको व्यवस्थाअनुसार मिलान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | (ङ) साधारण सभाबाट निम्नानुसारका नेसनल बोर्डका पदाधिकारिहरूको निर्वाचन हुने छ।<br>(क) अध्यक्ष १ जना<br>(ख) कोषाध्यक्ष १ जना<br>(ग) सदस्यहरू ९ जना (कम्तिमा तीन जना महिला र दुई जना युवा सदस्य जसमा एकजना अनिवार्य महिला)।<br>नोटः यस उपखण्डको प्रयोजनका लागि मतदानको अधिकार एम्नेस्टी नेपालमा आवद्धताको मान्यता प्राप्त समूह, युथ नेटवर्क र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई/दुई जना प्रतिनिधिहरूलाई रहनेछ। | (ङ) साधारण सभाबाट नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि र पुनरावेदन समितिका निम्नानुसारका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन हुनेछ।<br>**<u>नेसनल बोर्ड</u>**<br>(क) अध्यक्ष १ जना<br>(ख) कोषाध्यक्ष १ जना<br>(ग) सदस्यहरू ९ जना (कम्तिमा तीन जना महिला र दुई जना युवा सदस्य जसमा एकजना अनिवार्य महिला)।<br>**<u>नोमिनेसन कमिटि</u>**<br>(क) संयोजक १ जना<br>(ख) कम्तिमा १ जना महिलासहित २ जना सदस्य<br>**<u>प्रेपरेटोरी कमिटि (प्रेपकम)</u>**<br>(क) कम्तिमा एकजना महिला सहिता २ जना सदस्य<br>**<u>पुनरावेदन समिति</u>**<br>(क) संयोजक १ जना<br>(ख) कम्तिमा १ जना महिलासहित २ जना सदस्य<br>**नोटः** यस उपखण्डको प्रयोजनका लागि मतदानको अधिकार यस नियमावलीको नियम नं. ४ को (१) (ग) अर्थात एम्नेस्टी नेपालको विधानको दफा ९.३. (१) (ग) बमोजि साधारण सभामा सहभागिता जनाएका प्रतिनिधिहरूलाई रहनेछ। | |
| | | कुनै पदमा उम्मेदवार हुन चाहने विधानबमोजिम योग्यता पुगेका समूह र युथ नेटवर्क सदस्यले आफ्नो समूह वा युथनेटवर्कबाट सो पदमा उम्मेदवार हुनको लागि सिफारिस प्राप्त गर्नुका साथै साधारणसभाको प्रतिनिधि वा नेसनल बोर्ड वा पुनरावेदन समितिको पदाधिकारी रहेको हुनु पर्नेछ। एउटा समूह वा युथनेटवर्कले नेसनल बोर्डका ११ पदमध्ये कुनै एक पदमा र पुनरावेदन | (च) कुनै पदमा उम्मेदवार हुन चाहने विधानबमोजिम योग्यता पुगेका समूह र युथ नेटवर्क सदस्यले आफ्नो समूह वा युथनेटवर्कबाट सो पदमा उम्मेदवार हुनको लागि सिफारिस प्राप्त गरेको हुनु पर्नेछ। एउटा समूह वा युथनेटवर्कले नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको कुनै एक पदमा मात्र उम्मेदवारी दिन सक्नेछ। उम्मेदवारी दिन चाहने व्यक्तिगत सदस्यले नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समितिका विभिन्न पदमध्ये कुनै एक पदमा मात्र | संशोधनका लागि विधानमा प्रस्ताव गरिएको व्यवस्थाअनुसार मिलान गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | समितिको तीनमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिन सक्नेछ ।<br>स्पष्टीकरण : आफ्नो समूह वा युथ नेटवर्क भन्नाले कुनै व्यक्तिको मनोनयन हुँदाको अवस्थामा सो समूह वा युथनेटवर्कको सदस्य रहेको व्यक्ति हुनु पर्नेछ । साथै तोकिए बमोजिमको रित पूरा गरी नोमिनेसन कमिटीले सिफारिस गरेको व्यक्तिले पनि उम्मेदवारी दिन सक्नेछ । | उम्मेदवारी दिन सक्नेछ । यसरी उम्मेदवारी दिने जोसुकैले एम्नेस्टी नेपालको सदस्यता लिएको कम्तिमा एक वर्ष पूरा भएको हुनुपर्छ ।<br>स्पष्टीकरण : आफ्नो समूह वा युथ नेटवर्क भन्नाले कुनै व्यक्तिको मनोनयन हुँदाको अवस्थामा सो समूह वा युथनेटवर्कको सदस्य रहेको व्यक्ति हुनु पर्नेछ । समूह वा युथनेटवर्कअन्तर्गतका सदस्यले उक्त सदस्यताको अवधि समाप्त नभई व्यक्तिगत सदस्यता लिन मिल्ने छैन । साथै तोकिए बमोजिमको रित पूरा गरी नोमिनेसन कमिटीले सिफारिस गरेको व्यक्तिले पनि उम्मेदवारी दिन सक्नेछ । | |
| | | (छ) राष्ट्रिय सचिवालयका कर्मचारी, निर्माणाधिन समूहका पर्यवेक्षक, निर्माणाधीन युथनेटवर्कका पर्यवेक्षक र नेसनल वोर्डबाट मनोनित पर्यवेक्षकहरूलाई उम्मेदवारी दिने अधिकार हुनेछैन । | (छ) राष्ट्रिय सचिवालयका कर्मचारी र नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरूलाई उम्मेदवारी दिने अधिकार हुनेछैन । | भाषा मिलान गरिएको । |
| | | (ज) नेसनल वोर्डद्वारा गठित तीन सदस्यीय नोमिनेसन कमिटीले साधारणसभा प्रारम्भ हुनुभन्दा तीन महिना अगाडिबाट आफ्नो काम थाल्नेछ । एम्नेस्टी नेपालको नेसनल वोर्ड र पुनरावेदन समितिमा उम्मेदवार बन्न चाहने समूह तथा युथनेटवर्कका सदस्य र अन्य सदस्यहरूले उक्त कमिटीसमक्ष तोकिएको प्रावधान पूरा गरी आफ्नो चाहना पत्र पेश गर्नुपर्नेछ । कमिटीले काम थालेको डेढ महिना भित्र त्यसरी आएका चाहनापत्रका वारेमा आफ्नो सिफारिश निर्वाचन समितिलाई पेश गर्नेछ । समूह र युथनेटवर्कमार्फत् सदस्य वनेकाहरूले चाहना पत्रमा समूह र युथनेटवर्क सिफारिस अनिवार्य राख्नुपर्नेछ । समर्थक सदस्यहरूको क्लस्टरबाट इच्छापत्र जाहेर गर्नेले रितपूर्वक फारम भरी सचिवालयमा दर्ता गराई | (ज) नोमिनेसन कमिटीले साधारणसभा प्रारम्भ हुनुभन्दा कम्तिमा तीन महिना अगाडिबाट आफ्नो काम थाल्नेछ । एम्नेस्टी नेपालको नेसनल वोर्ड र पुनरावेदन समितिमा उम्मेदवार बन्न चाहने समूह तथा युथनेटवर्कका सदस्य र अन्य सदस्यहरूले उक्त कमिटिसमक्ष तोकिएको प्रावधान पूरा गरी आफ्नो चाहना पत्र पेश गर्नुपर्नेछ । कमिटीले काम थालेको डेढ महिना भित्र त्यसरी आएका चाहनापत्रका वारेमा आफ्नो सिफारिस सहितको प्रतिवेदन निर्वाचन समितिलाई पेश गर्नेछ । समूह र युथनेटवर्कमार्फत् सदस्य बनेकाहरूले चाहना पत्रमा समूह र युथनेटवर्कको सिफारिस अनिवार्य राख्नुपर्नेछ । व्यक्तिगत सदस्यहरूको क्लस्टरबाट इच्छापत्र जाहेर गर्नेले रितपूर्वक फारम भरी सचिवालयमा दर्ता गराई नोमिनेसन कमिटिद्वारा तोकिएको छानविन (vetting) प्रकृया पार गरेको हुनुपर्नेछ । तोकिएको समयभित्र राष्ट्रिय सचिवालयमा उम्मेदवार वा समूहका प्रतिनिधि उपस्थित भई वा इमेलको माध्यामबाट उम्मेदवारीलाई विधिवत दर्ता गराउनु पर्नेछ । | संशोधनका लागि विधानमा प्रस्ताव गरिएको व्यवस्थाअनुसार मिलान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | नोमिनेसन कमिटिद्वारा तोकिएको छानविन (vetting) प्रकृया पार गरेको हुनुपर्नेछ। तोकिएको समयभित्र राष्ट्रिय सचिवालयमा उम्मेदवार वा समूहका प्रतिनिधि उपस्थित भई, हुलाकमार्फत्, फ्याक्स वा इमेलको माध्यामबाट विधिवत दर्ता गराउनुपर्नेछ। रीतपूर्वक नभरिएको वा तोकिएको समय भन्दा पछि प्राप्त भएका मनोनयन पत्रहरूले मान्यता पाउने छैनन्। | रीतपूर्वक नभरिएको वा तोकिएको समय भन्दा पछि प्राप्त भएका मनोनयन पत्रहरूले मान्यता पाउने छैनन्। | |
| | | (झ) उम्मेदवारी मनोनयन पत्रकासाथ तोकिएको ढाँचामा उम्मेदवारको एक पेजको व्यक्तिगत विवरण (Curriculum vitae) र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ। त्यसरी सचिवालयमा दर्ता भएको उम्मेदवारहरूको मनोनयनको जानकारी उम्मेदवारको व्यक्तिगत विवरणका साथ सचिवालयले साधारणसभा भन्दा १५ दिन अगावै सबै समूह वा निर्माणाधिन समूहहरूमा पठाउनु पर्नेछ। | (झ) उम्मेदवारी मनोनयन पत्रकासाथ तोकिएको ढाँचामा उम्मेदवारको एक पेजको व्यक्तिगत विवरण (Curriculum vitae) का साथै एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेतृत्वदायी भूमिकामा आउन चाहनुको कारण, व्यक्तिगत प्रतिवद्धता तथा संस्थाको लागि आफूले लिएको परिदृष्य र लक्ष्यसमेत समावेश गरिएको बढीमा एक पेजको आवेदन पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरणमा उल्लेख गरेअनुसारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ। त्यसरी सचिवालयमा दर्ता भएको उम्मेदवारहरूको मनोनयनको जानकारी सचिवालयले साधारणसभा भन्दा १५ दिन अगावै सबै सदस्य तथा साधारण सभाका प्रतिनिधिहरूमा पठाउनु पर्नेछ। | |
| | | (थ) मतदाताले मतदान गर्दा उम्मेदवारको नाम अगाडी दिइको कोष्ठम [√] चिन्ह लगाई मतदान गर्नुपर्नेछ। | (थ) मतदाताले मतदान गर्दा उम्मेदवारको नाम अगाडि दिइएको कोष्ठमा [√] चिन्ह लगाई मतदान गर्नुपर्नेछ। | भाषा सच्चाइएको। |
| | | (न) नेसनल बोर्डको अध्यक्ष र कोषाध्यक्षमा अधिकतम मत ल्याउने एक एक जना र सदस्यमा नौ जना (न्यूनतम ३ जना महिला र दुई जना युथ नेटवर्कको प्रतिनिधित्व हुनेगरी उम्मेदवारी दिएका कम्तिमा दुई जना युवा बोर्ड सदस्य जसमा अनिवार्य एक जना महिला सदस्य) अधिकतम मत | (न) नेसनल बोर्डको अध्यक्ष र कोषाध्यक्षमा अधिकतम मत ल्याउने एक एक जना र सदस्यमा नौ जना (न्यूनतम ३ जना महिला र दुई जना युथ नेटवर्कको प्रतिनिधित्व हुनेगरी उम्मेदवारी दिएका कम्तिमा दुई जना युवा बोर्ड सदस्य जसमा अनिवार्य एक जना महिला सदस्य) अधिकतम मत ल्याउने उम्मेदवारलाई निर्वाचित घोषित गरिनेछ। त्यसैगरी पुनरावेदन समिति र | विधान संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | त्याउने उम्मेदवारलाई निर्वाचित घोषित गरिनेछ। त्यसैगरी पुनरावेदन समितिको संयोजक, महिला सदस्य र सदस्य पदमा सर्वाधिक मत हासिल गर्ने एकएक जनालाई निर्वाचित घोषित गरिनेछ। | नोमिनेसन कमिटिका संयोजक, कम्तिमा एक महिलासहित दुई सदस्य तथा प्रेपकमको कम्तिमा एकजना महिलासहित दुई सदस्य पदमा सर्वाधिक मत हासिल गर्नेलाई निर्वाचित घोषित गरिनेछ। | |
| | | (ब) नवीकरण नगरिएका र निर्धारित समयमा साधारण सभा सम्पन्न नगरेका समूह, युथ नेटवर्क वा निर्माणाधिन समूह र निर्माणाधीन युथ नेटवर्कको प्रतिनिधि वा पर्यवेक्षकलाई साधारण सभामा भाग लिने अधिकार रहने छैन। निर्धारित समयमा नवीकरण वो साधारणसभा नगर्ने समूह वा युथ नेटवर्कको तर्फबाट कोही उम्मेदवार भएको अवस्थामा निजको उम्मेदवारी अमान्य हुनेछ। | (ब) नवीकरण नगरिएका र निर्धारित समयमा आफ्नो साधारण सभा सम्पन्न नगरेका तथा सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता नजनाएका समूह र युथ नेटवर्कले निर्वाचनका लागि मनोनयन गर्न पाउनेछैनन्। निर्धारित समयमा नवीकरण वा साधारणसभा नगर्ने र सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता नजनाउने समूह वा युथ नेटवर्कको तर्फबाट कोही उम्मेदवार भएको अवस्थामा निजको उम्मेदवारी अमान्य हुनेछ। | विधान संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको। |
| २३. | **२०. नियमावली संशोधनको प्रस्ताव** | **२०. नियमावली संशोधनको प्रस्ताव** | **१६. नियमावली संशोधनको प्रस्ताव** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको। |
| २४. | **२१. संशोधन भएको मानिने** | **२१. संशोधन भएको मानिने** | **१७. संशोधन भएको मानिने** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको। |
| २५. | **२२. खारेजी तथा बचाऊ** | **२२. खारेजी तथा बचाऊ** | **१८. खारेजी तथा बचाऊ** | क्रमाङ्क नम्बरमा फेरबदल हुन गएको। |

## एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह र युथ नेटवर्क सञ्चालनसम्बन्धी नियमावली २०६२ (सन् २००५) को पाँचौं संशोधन प्रस्तावसम्बन्धी तीन महले दस्तावेज

| क्र. सं | विद्यमान नियम | विद्यमान प्रावधान | संशोधन प्रस्ताव | कारण |
|---|---|---|---|---|
| १. | **प्रस्तावना** | एम्नेस्टी इन्टरनेसनलको अभियानलाई जरैदेखि मजबूत पार्नको लागि समूह र युथनेटवर्कहरूको भूमिका महत्वपूर्ण हुने कुरालाई हृदयङ्गम गर्दै समूह निर्माण तथा सञ्चालनको लागि उपयुक्त नियमहरू तयार गर्न वाञ्छनीय भएकोले एम्नेस्टी इन्टरनेसनल नेपालको विधानले दिएको अधिकार प्रयोग गरी नेसनल बोर्डद्वारा यो "समूह र युथनेटजर्क सञ्चालनसम्बन्धी नियमावली, २०६२ (सन् २००५) को चौथो संशोधन २०७८ (२०२१)" तयार गरी लागू गरिएको छ। | एम्नेस्टी इन्टरनेसनलको मानवअधिकार अभियानलाई स्थानीय तहमा सशक्त र मजबूत पार्नको लागि समूह र युथनेटवर्कहरूको भूमिका महत्वपूर्ण हुने कुरालाई हृदयङ्गम गर्दै समूह र युथ नेटवर्क निर्माण तथा सञ्चालनको लागि उपयुक्त नियमहरू तयार गर्न वाञ्छनीय भएकोले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानले दिएको अधिकार प्रयोग गरी नेसनल बोर्डद्वारा यो "समूह र युथनेटवर्क सञ्चालनसम्बन्धी नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन २०८० (सन् २०२३)" तयार गरी लागू गरिएको छ। | भाषा मिलान गरिएको। |
| २. | **नियम १. संक्षिप्त नाम र प्रारम्भ** | (क) यो नियमावलीको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह र युथ नेटवर्क सञ्चालनसम्बन्धी नियमावली, २०६२ (२००५) को चौथो संशोधन २०७८ (सन् २०२१) रहने छ। | (क) यो नियमावलीको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह र युथ नेटवर्क सञ्चालनसम्बन्धी नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन २०८० (सन् २०२३) रहने छ। | पाँचौं संशोधन भएकोले सोही अनुसार गरिएको। |
| ३. | **नियम २. परिभाषा** | | (ञ) "सदस्यहरूको क्षेत्रीय भेला" भन्नाले एम्नेस्टी नेपाल शाखाको विधानको दफा १० बमोजिमको क्षेत्रीय भेलालाई जनाउनेछ। | विधान संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको। |
| | | | (ट) "प्रेपकम" भन्नाले एम्नेस्टी नेपाल शाखाको विधानबमोजिम गठित प्रेपरेटोरी कमिटि (प्रेपकम) लाई जनाउनेछ। | विधान संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको। |
| | | | (ठ) "अन्तर्राष्ट्रिय सचिवालय (आइएस)" भन्नाले एम्नेस्टी इन्टरनेनसलको अन्तर्राष्ट्रिय सचिवालय भन्ने बुझिन्छ। | ऐ.ऐ. |
| ४. | **नियम ३. निर्माणाधिन समूह र निर्माणाधीन युथ नेटवर्क** | (१) एम्नेस्टी नेपाल शाखाबाट सदस्यता प्राप्त गरिसकेका कम्तिमा पनि ५० व्यक्तिहरू मिलेर स्वयंसेवी रूपमा एम्नेस्टी इन्टरनेसनलको अभियान | (१) नेपालको कुनै पनि स्थानमा रहेका कम्तिमा ३५ जना व्यक्तिहरू मिलेर स्वयंसेवी रूपमा एम्नेस्टी इन्टरनेसनलको अभियान सञ्चालन गर्ने उद्देश्यका साथ एम्नेस्टी नेपाल | ऐ.ऐ. |

| | | | | |
|---|---|---|---|---|
| | | सञ्चालन गर्न चाहेमा उनीहरूले निर्माणाधिन समूह र निर्माणाधीन युथ नेटवर्कको आवद्धताका लागि नेसनल बोर्डमा लिखित निवेदन दिन सक्नेछन् । | शाखाको विधान र नियमावली मातहतमा रहनेगरी आफूहरूले लिएको लक्ष्य, उद्देश्य, आर्थिक लगायतका विषयको दिगो व्यवस्थापन र स्वपरिचालनका आधार आदिका बारेमा खुलाई निर्माणाधिन समूह वा निर्माणाधीन युथ नेटवर्कको आवद्धताका लागि नेसनल बोर्डमा लिखित निवेदन दिन सक्नेछन् । | |
| | | (२) (घ) त्यस्ता समूह र युथ नेटवर्क सञ्चालनको लागि समूह र युथ नेटवर्ककै तर्फबाट आवश्यक स्रोत साधनको व्यवस्थापनको सम्भावना, | (२) (घ) त्यस्ता समूह र युथ नेटवर्क सञ्चालनको लागि समूह र युथ नेटवर्ककै तर्फबाट आवश्यक स्रोत साधनको व्यवस्थापनको सम्भावना भए नभएको, | ऐ.ऐ. |
| | | | (२) (ङ) नयाँ युथ नेटवर्क र समूह खोल्ने विषय एम्नेस्टी नेपाल शाखाको आवश्यकता र प्राथमिकतामा रहे नरहेको, | ऐ.ऐ. |
| | | | (२) (च) नयाँ सदस्यहरू थप गर्न ती सदस्यहरूलाई अभिमूखिकरण लगायत अन्य सशक्तिरणका गतिविधि र प्रशिक्षणका लागि एम्नेस्टी नेपाल शाखामा क्षमता, श्रोत, साधन र समयको उपलब्धता । | ऐ.ऐ. |
| | | | (३) उपनियम (२) का आधारमा यदि निर्माणाधीन समूह वा निर्माणाधीन युथ नेटवर्क खोल्नका लागि नेसनल बोर्डले अस्वीकृत गरेमा सदस्यताका लागि आवेदन दिएका व्यक्तिहरूले एम्नेस्टी नेपाल शाखाको विधानबमोजिम व्यक्तिगत सदस्यता लिनका लागि कुनै बाधा रहने छैन । | ऐ.ऐ. |
| ५. | **नियम ४. समूह र युथ नेटवर्कको रूपमा आबद्धताको मान्यता** | (१) निर्माणाधीन समूह र निर्माणाधीन युथ नटवर्कको रूपमा कम्तीमा ६ महिनाभित्रमा तोकिए बमोजिम एम्नेस्टी इन्टरनेसनलको अभियान सञ्चालन गरे पश्चात् समूहको रूपमा आवद्धताको मान्यता पाउनको लागि प्रस्तावित विनियम तथा तदर्थ कार्यसमितिको नामावलीसहित नेसनल बोर्डमा आवेदन गरेमा नेसनल बोर्डले समूहको आवद्धताको मान्यता दिई अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) मा जानकारी गराउनेछ । अन्तर्राष्ट्रिय | (१) निर्माणाधीन समूह वा निर्माणाधीन युथ नेटवर्कको रूपमा कम्तिमा छ महिनाभित्रमा तोकिएबमोजिम एम्नेस्टी इन्टरनेसनलको अभियान सञ्चालन गरे पश्चात् समूह वा युथनेटवर्कको रूपमा आबद्धताको मान्यता पाउनको लागि प्रस्तावित विनियम तथा तदर्थ कार्यसमितिको नामावलीसहित नेसनल बोर्डमा आवेदन गरेमा नेसनल बोर्डले समूहको आबद्धताको मान्यता दिई अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) सँगको समन्वयमा समूह नम्बर वा | भाषा मिलान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | सचिवालयमा समूह नम्बर सहित जानकारी गराएपछि पूर्ण समूहको आवद्धताको मान्यता प्राप्त हुनेछ । | युथनेटवर्कको नामसहित जानकारी गराएपछि समूह वा युथनेटवर्कको आवद्धताको मान्यता प्राप्त हुनेछ । | |
| | | (२) समूह र युथ नेटवर्क तथा निर्माणाधिन समूह र निर्माणाधीन युथ नेटवर्कहरूको आबद्धताको मान्यता र अमान्यता यसका लागि पारित अन्तर्राष्ट्रिय निर्देशानुसार हुनेछ । एम्नेस्टी नेपालमा आवद्ध भएका समूह र युथ नेटवर्कहरूको मान्यता र अमान्यता सम्बन्धी नेसनल बोर्डको निर्णयमा अन्तर्राष्ट्रिय निर्देशनहरूको पालना भएको हुनुपर्ने छ । | (२) समूह वा युथ नेटवर्क तथा निर्माणाधिन समूह वा निर्माणाधीन युथ नेटवर्कहरूको आवद्धताको मान्यता र अमान्यता यसका लागि पारित अन्तर्राष्ट्रिय निर्देशनअनुसार हुनेछ । एम्नेस्टी नेपालमा आवद्ध भएका समूह र युथ नेटवर्कहरूको मान्यता र अमान्यतासम्बन्धी नेसनल बोर्डको निर्णयमा अन्तर्राष्ट्रिय निर्देशनहरूको पालना भएको हुनुपर्ने छ । | भाषा मिलान गरिएको । |
| | | (३) निर्माणाधिन समूह तथा समूह र निर्माणाधीन युथ नेटवर्क र युथ नेटवर्कको रूपमा आबद्धताको मान्यता प्राप्त गरेपछि त्यस्ता समूह र युथ नेटवर्कहरूले नेसनल बोर्डले तोकेबमोजिमको दर्ता शुल्क र वार्षिक शुल्क बुझाउनु पर्नेछ । | (३) समूह, निर्माणाधिन समूह, युथ नेटवक र निर्माणाधीन युथ नेटवर्कको रूपमा आवद्धताको मान्यता प्राप्त गरेपछि त्यस्ता समूह र युथ नेटवर्कहरूले नेसनल बोर्डले तोकेबमोजिमको दर्ता शुल्क र वार्षिक शुल्क बुझाउनु पर्नेछ । | भाषा मिलान गरिएको । |
| ६. | **नियम ५. समूह र युथ नेटवर्क साधारण सभा** | साधारण सभा समूह वा निर्माणाधिन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कको नीतिगत निर्णय लिने सर्वोच्च निकाय हुनेछ । यसको वैठक प्रत्येक वर्ष बस्नेछ र यस्तो बैठक एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारणसभा हुनुभन्दा दुई महिना अगाडि नै सम्पन्न हुनु पर्नेछ । समूह र युथ नेटवर्कको साधारणसभाले मानवअधिकार अभियानको प्राथमिकता निर्धारण गर्ने, समूह कार्यसमितिको नियमित निर्वाचन गर्ने र समूहको वार्षिक प्रगति विवरण, कार्ययोजना, आर्थिक प्रतिवेदन तथा वार्षिक बजेट पारित गर्नेछ । | साधारण सभा समूह, निर्माणाधिन समूह, युथ नेटवर्क र निर्माणाधीन युथ नेटवर्कको नीतिगत निर्णय लिने सर्वोच्च निकाय हुनेछ । यसको बैठक प्रत्येक वर्ष बस्नेछ र यस्तो वैठक एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको सदस्यहरूको क्षेत्रीय भेला हुनुभन्दा ३० दिन अगाडि नै सम्पन्न हुनु पर्नेछ । समूह र युथ नेटवर्कको साधारणसभाले एम्नेस्टी नेपाल शाखाको प्राथमिकताहरूअनुरुप हुनेगरी मानवअधिकार अभियानको प्राथमिकता निर्धारण गर्ने, समूह वा युथनेटवर्कको कार्यसमितिको नियमित निर्वाचन गर्ने र समूह वा युथनेटवर्कको वार्षिक प्रगति विवरण, कार्ययोजना, आर्थिक प्रतिवेदन तथा वार्षिक बजेट पारित गर्नेछ । | विधान संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| ७. | **नियम ६. समूह र युथ नेटवर्कको कार्यसमिति** | (क) समूह वा निर्माणाधिन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्क सञ्चालनका लागि हरेक समूह वा निर्माणाधीन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कमा देहायबमोजिमको सदस्यहरू रहेको कार्यसमिति हुनु पर्नेछ :<br>१) संयोजक -१<br>२) उप-संयोजक -१<br>३) सचिव -१<br>४) सहसचिव -१<br>५) कोषाध्यक्ष -१<br>६) सदस्यहरू -४<br>कार्य समितिमा कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्नेछ । | (क) समूह, निर्माणाधिन समूह, युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्क सञ्चालनका लागि हरेक समूह, निर्माणाधीन समूह, युथ नेटवर्क र निर्माणाधीन युथ नेटवर्कमा देहायबमोजिमको कार्यसमिति हुनु पर्नेछ :<br>१) संयोजक -१<br>२) उप-संयोजक-१<br>३) सचिव -१<br>४) सहसचिव -१<br>५) कोषाध्यक्ष -१<br>६) सदस्यहरू -४<br>कार्य समितिमा कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्नेछ । | विधान संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुसार भाषा मिलान गरिएको । |
| ८. | **नियम ७. समूह र निर्माणाधिन समूह तथा युथ नेटवर्क र निर्माणाधीन युथ नेटवर्कको काम, कर्तव्य र अधिकार** | **७. समूह र निर्माणाधिन समूह तथा युथ नेटवर्क र निर्माणाधीन युथ नेटवर्कको काम, कर्तव्य र अधिकार** | **७. समूह, निर्माणाधिन समूह, युथ नेटवर्क र निर्माणाधीन युथ नेटवर्कको काम, कर्तव्य र अधिकार** | भाषा मिलान गरिएको । |
| | | (१) नियमित रूपमा ए.आई.द्वारा अन्तर्राष्ट्रिय रुपमा सञ्चालित अभियान सम्बन्धमा स्थानीयस्तरमा गतिविधिहरू सञ्चालन गर्ने, | (१) नियमित रूपमा ए.आई.द्वारा अन्तर्राष्ट्रिय रूपमा सञ्चालित अभियान सम्बन्धमा स्थानीयस्तरमा गतिविधिहरू सञ्चालन गर्ने, | भाषा मिलान गरिएको । |
| | | (२) ए.आई.को क्रियाकलापहरूको प्रचारप्रसार गर्ने | (२) ए.आई.को क्रियाकलापहरूको प्रचारप्रसार गर्ने, | भाषा मिलान गरिएको । |
| | | (३) सदस्यता अभिवृद्धि गर्ने, तिनको अभिलेख दुरुस्त राख्ने र सदस्यहरुलाई अभियानसँग सम्बन्धित जानकारी दिलाउने । | (३) सदस्यता अभिवृद्धि गर्ने, तिनको अभिलेख दुरुस्त राख्ने र सदस्यहरूलाई अभियानसँग सम्वन्धित जानकारी दिलाउने, | भाषा मिलान गरिएको । |
| | | (४) विषयगत संयोजक वा समिति तोकी जिम्मेवारी दिने । | (४) विषयगत संयोजक वा समिति तोकी जिम्मेवारी दिने, | भाषा मिलान गरिएको । |
| | | (५) वार्षिक कार्ययोजना, गतिविधि एवं आर्थिक प्रतिवेदन र वार्षिक बजेट साधारणसभाबाट पारित गराई राष्ट्रिय सचिवालयमा बुझाउने | (५) वार्षिक कार्ययोजना, गतिविधि एवं आर्थिक प्रतिवेदन र वार्षिक बजेट साधारणसभाबाट पारित गराई राष्ट्रिय सचिवालयमा बुझाउने, | भाषा मिलान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | (६) प्रत्येक समूह तथा निर्माणाधिन समूह र युथ नेटवर्क तथा निर्माणाधीन युथ नेटवर्कले ६-६ महिनामा आफ्नो सदस्यता, कार्यसमिति निर्णयको प्रतिलिपि, गतिविधि, आर्थिक विवरण र तोकिए बमोजिमका प्रतिवेदन वा जानकारीहरू राष्ट्रिय सचिवालयमा उपलब्ध गराउने, | (६) प्रत्येक समूह, निर्माणाधिन समूह, युथ नेटवर्क र निर्माणाधीन युथ नेटवर्कले ६-६ महिनामा आफ्नो सदस्यता, कार्यसमितिको निर्णयको प्रतिलिपि, मानवअधिकारसम्बन्धी गतिविधि, आर्थिक विवरण र तोकिए बमोजिमका अन्य प्रतिवेदन वा जानकारीहरू राष्ट्रिय सचिवालयमा उपलब्ध गराउने, | भाषा मिलान गरिएको । |
| | | (७) सामान्यतया प्रत्येक महिना कार्यसमितिको बैठक गर्ने, | (७) सामान्यतया प्रत्येक दुई महिनामा कार्यसमितिको बैठक गर्ने, | |
| | | (८) प्रत्येक वर्ष साधारणसभा सम्पन्न गर्ने | (८) प्रत्येक वर्ष साधारणसभा सम्पन्न गर्ने, | भाषा मिलान गरिएको । |
| | | (९) एम्नेस्टी. नेपालको साधारणसभामा भाग लिने तथा आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म एम्नेस्टी नेपलका कार्यक्रममा सहभागी हुने | (९) एम्नेस्टी. नेपाल शाखाको सदस्यहरूको क्षेत्रीय भेलामा भाग लिने र आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म एम्नेस्टी नेपलका कार्यक्रममा सहभागी हुने, | भाषा मिलान गरिएको । |
| | | (११) अन्तरराष्ट्रिय सचिवालय र नेसनल बोर्डको निर्देशन अनुसार काम गर्ने | (११) राष्ट्रिय सचिवालय र नेसनल बोर्डको निर्देशनअनुसार काम गर्ने, | भाषा मिलान गरिएको । |
| ९. | **नियम ८. समूहगत साधारण सदस्यता प्राप्ति तथा नवीकरण उपनियम (क) सदस्यता प्राप्ति** | (२) विशेष समूह, जस्तै : शिक्षक समूह वा कानुन व्यवसायी समूह, मार्फत् पहिलोपटक सदस्यता लिने व्यक्तिहरुले आफ्नो पेशागत वा विशेष परिचय खुल्ने परिचयपत्रको प्रतिलिपि तथा अन्य समूह मार्फत् सदस्यता लिन चाहने व्यक्तिले नागरिकता वा सरकारी निकायवाट प्राप्त परिचय पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । | × × × | अनावश्यक देखिएकोले हटाइएको । |
| | | (३) सदस्यता आवेदन राष्ट्रिय सचिवालयमा प्राप्त भएपछि नेसनल बोर्डले तोकेको व्यक्तिको सिफारिसमा ए.आई. को साधारण सदस्यता प्रदान गर्न सकिनेछ । | (२) सदस्यता आवेदन राष्ट्रिय सचिवालयमा प्राप्त भएपछि नेसनल बोर्डले तोकेको व्यक्तिको सिफारिसमा ए.आई. को साधारण सदस्यता प्रदान गर्न सकिनेछ । | क्रमाङ्क परिवर्तन गरिएको । |
| | | (४) समूह र युथ नेटवर्कले राष्ट्रिय सचिवालयमा बुझाउनु पर्ने सदस्यता शुल्क वाहेक नेसनल बोर्डको | (३) समूह वा युथ नेटवर्कले राष्ट्रिय सचिवालयमा बुझाउनु पर्ने सदस्यता शुल्क बाहेक नेसनल बोर्डको स्वीकृति लिई | क्रमाङ्क परिवर्तन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | स्वीकृति लिई समूहको कार्यसमितिले तोके बमोजिमको समूह सहयोग शुल्क समेत लिन सक्नेछ । | समूह र युथनेटवर्कको कार्यसमितिले आफ्ना सदस्यहरूबाट समूह वा युथनेटवर्कका लागि सहयोग शुल्क समेत लिन सक्नेछ । | |
| | | | (४) कुनै निश्चित समूह वा युथनेवर्कको मातहतमा एम्नेस्टी नेपाल शाखाको सदस्यता लिएको व्यक्तिले उक्त सदस्यता अवधि समाप्त नभइकन अन्य समूह वा युथनेटवर्कमातहतमा रहने उद्देश्यका साथ आफ्नो सदस्यता स्थानान्तरण गर्न वा व्यक्तिगत सदस्यतामा परिवर्तन गर्न मिल्नेछैन । | नयाँ व्यवस्था थप गरिएको । |
| १०. | **नियम ८. समूहगत साधारण सदस्यता प्राप्ति तथा नवीकरण उपनियम (ख) सदस्यता नवीकरण** | (१) हरेक समूहगत साधारण सदस्यले आफ्नो सदस्यता समाप्त भएको छ महिनाभित्रमा सम्वन्धित समूह वा युथ नेटवर्कको संयोजक, सचिव वा कार्य समितिले तोकेको व्यक्तिको सिफारिससहित आवश्यक शुल्क बुझाई सदस्यता नवीकरण गर्न सक्नेछन् । | (१) हरेक समूहगत साधारण सदस्यले आफ्नो सदस्यता अवधि समाप्त भएको तीन महिनाभित्रमा आवश्यक शुल्क बुझाई सदस्यता नवीकरण गर्न सक्नेछन् । समूह वा युथनेटवर्कको माध्यमबाट लिएको सदस्यता अवधि समाप्त भएपछि सदस्यहरूले व्यक्तिगत सदस्यता पनि लिन सक्नेछन् । तर समूह वा युथनेटवर्कको माध्यमबाट लिएको सदस्यता अवधि नसकिकन कुनै पनि सदस्यले आफ्नो समूह वा युथनेटवर्कको सदस्यता त्याग गरी व्यक्तिगत सदस्यता लिन तथा व्यक्तिगत सदस्यले व्यक्तिगत सदस्यको रूपमा लिएको सदस्यता अवधि समाप्त नभईकन समूह वा युथनेटवर्क मातहतको सदस्यता लिन मिल्ने छैन । | सदस्यता नविकरण र स्थानान्तरणका सवालमा स्पष्ट पार्न आवश्यक देखिएकोले । |
| ११. | **नियम ९. समूह तथा युथ नेटवर्कको खारेजी** | (२) वर्षमा कम्तिमा पनि ए.आई. ले सञ्चालन गरेको अन्तर्राष्ट्रिय अभियानसँग सम्बन्धित ३ वटा सार्वजनिक कार्यक्रम नगरेमा, | (२) वर्षमा कम्तिमा पनि ए.आई. ले सञ्चालन गरेको अन्तर्राष्ट्रिय अभियानसँग सम्वन्धित चारवटा मानवअधिकारका गतिविधि नगरेमा, | विधान संशोधनका लागि प्रस्तावित व्यवस्थाअनुरूप वनाइएको । |
| | | (५) (च) ए.आई. नेपालको साधारणसभामा भाग नलिएमा | (च) ए.आई. नेपालको सदस्यहरूको क्षेत्रीय भेलामा भाग नलिएमा, | भाषा मिलान गरिएको । |
| | | (५) (ज) तोकिए बमोजिम समूह नेतृत्व हस्तान्तरण नगरेमा । | (ज) तोकिए वमोजिम नेतृत्व हस्तान्तरण नगरेमा । | भाषा मिलान गरिएको । |

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

## एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको सदस्यहरूको क्षेत्रीय भेलासम्बन्धी नियमावली, २०८० (सन् २०२३)

**प्रस्तावना**

समूह, युथनेट-वर्क र व्यक्तिगत सदस्यताको माध्यमबाट एम्नेस्टी इन्टरनेसलन नेपाल शाखा (एम्नेस्टी नेपाल)को सदस्यता लिएका सदस्यहरूको निर्णय प्रकृयामा प्रभावकारी सहभागिता र अपनत्व अभिवृद्धि गरी संस्थाको आन्तरिक प्रजातन्त्र र नेतृत्व क्षमतालाई सवल वनाउन, एम्नेस्टी नेपाल शाखाको विधानवमोजिम गरिने वार्षिक साधारण सभाका लागि क्षेत्रीय प्रतिनिधिहरू चयन गर्न, एम्नेस्टी नेपालका मानवअधिकार अभियान, प्राथमिकता, श्रोत र साधनको व्यवस्थापन र परिचालन लगायतका सवालमा क्षेत्रीय तवरमा पृष्ठपोषणका साथै रणनीति र योजना तर्जुमाका लागि समेत सहयोगी भूमिका प्रदान गर्ने उद्देश्यका साथ एम्नेस्टी नेपालको विधानवमोजिम व्यवस्था गरिएको सदस्यहरूको क्षेत्रीय भेला (Members' Regional Forum)लाई सुव्यवस्थित, मर्यादित, नियमित, प्रभावकारी र चुस्त ढङ्गमा आयोजना गर्नका लागि नेसनल वोर्डले यो नियमावली बनाई लागू गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस नियमावलीको नाम "सदस्यहरूको क्षेत्रीय भेलासम्बन्धी नियमावली, २०८० (सन् २०२३) रहनेछ।

(ख) यो नियमावली साधारणसभाबाट अनुमोदन भएपछि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "एम्नेस्टी नेपाल" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई जनाउनेछ।

(ख) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानलाई जनाउनेछ।

(ग) "समूह, युथ नेटवर्क, निर्माणाधिन समूह र निर्माणाधिन युथ नेटवर्क" भन्नाले एम्नेस्टी नेपाल शाखाको विधानबमोजिम आवद्धता प्राप्त गरेका समूह, युथ नेटवर्क, निर्माणाधिन समूह र निर्माणाधिन युथ नेटवर्कलाई बुझाउनेछ।

(घ) "साधारणसभा" भन्नाले एम्नेस्टी नेपाल शाखाको वार्षिक साधारणसभालाई जनाउनेछ।

(ङ) "सदस्यहरूको क्षेत्रीय भेला (Members' Regional Forum)" भन्नाले यस विधानको दफा १० मा व्यवस्था गरिएबमोजिमको भेलालाई जनाउने छ। यसलाई छोटकरीमा क्षेत्रीय भेला (Regional Forum) पनि भनिनेछ।

(च) “नेसनल बोर्ड” भन्नाले साधारणसभाबाट निर्वाचित एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन, २०८० (सन् २०२३) को भाग ४ दफा ११ (१) बमोजिमको नेसनल बोर्डलाई जनाउनेछ।

(छ) “नेसनल बोर्ड पदाधिकारी” भन्नाले नेसनल बोर्डका अध्यक्षदेखि सदस्यसम्मलाई जनाउनेछ ।

(ज) “अध्यक्ष” भन्नाले नेसनल बोर्डका अध्यक्ष वा निजको अनुपस्थितिमा निजको कार्य सम्पादन गर्ने व्यक्तिलाई बुझाउनेछ ।

(झ) “क्षेत्रीय भेलाका प्रतिनिधि” भन्नाले एम्नेस्टी इन्टरनेसन नेपाल शाखाको विधानको दफा १० (४) बमोजिम सदस्यहरूको क्षेत्रीय भेलाबाट चयन भई साधारण सभामा सहभागिता जनाएका सदस्यहरूलाई जनाउने छ जसले एम्नेस्टी नेपालको साधारण सभामा मताधिकारको प्रयोग गर्नेछन् ।

(ञ) “कर्मचारी” भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयमा कार्यरत निर्देशक समेतका कर्मचारीहरूलाई बुझाउनेछ ।

(ट) "प्रेपरेटोरी कमिटि (Preparatory Committee)" भन्नाले एम्नेस्टी नेपाल शाखाको विधानको दफा १४ बमोजिमको कमिटिलाई जनाउनेछ। यसलाई छोटकरीमा प्रेमकम (PrepCom) भनेर पनि बुझिनेछ।

## परिच्छेद - २

## सदस्यहरूको क्षेत्रीय भेला

### २. सदस्यहरूको क्षेत्रीय भेला

(१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा हुनुभन्दा कम्तिमा एक महिना अघि सदस्यहरूको क्षेत्रीय भेला हुनेछ। सामान्यतया क्षेत्रीय भेला भौतिक उपस्थितिमा हुनेछ। विषम परिस्थितिमा प्रेपकमको निर्णअनुसार क्षेत्रीय भेलालाई अनलाईन माध्यमबाट पनि गर्न सकिनेछ। नेपाललाई देहायका जिल्ला सम्मिलित कूल आठ क्षेत्रमा विभाजन गरी उक्त जिल्लाहरूमा रहेका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूको उपनियम (२) बमोजिमका प्रतिनिधिहरू सम्मिलित क्षेत्रीय भेलाहरू आयोजना गरिनेछ।

क) कोशी क्षेत्रीय भेलाः ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, भोजपुर, मोरङ, सुनसरी,धनकुटा, सोलुखुम्बु, खोटाङ, सङ्खुवासभा, उदयपुर, ओखलढुङ्गा

ख) मधेश क्षेत्रीय भेलाः सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट

ग) बागमती क्षेत्रीय भेलाः रामेछाप, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रे, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन

घ) काठमाडौं उपत्यका क्षेत्रीय भेलाः काठमाण्डौं, भक्तपुर, ललितपुर

ङ) गण्डकी क्षेत्रीय भेलाः नवलपरासी पूर्व, गोरखा, लमजुङ, स्याङ्जा, कास्की, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ,

च) लुम्बिनी क्षेत्रीय भेलाः नवलपरासी पश्चिम, रूपन्देही, कपिलबस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, प्युठान, रूकुम पूर्व, रोल्पा, बाँके, बर्दिया

छ) कर्णाली क्षेत्रीय भेलाः रूकुम पश्चिम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, सुर्खेत, दैलेख, जाजरकोट

ज) सुदूर पश्चिम क्षेत्रीय भेलाः कैलाली, कञ्चनपुर, डँडेलधुरा, डोटी, अछाम, बाजुरा, बैतडी, बझाङ, दार्चुला।

**(२) सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता**

सदस्यहरूको क्षेत्रीय भेलामा निम्नबमोजिमको सहभागिता रहनेछः

१. क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य ठहरिएका सम्बन्धित क्षेत्रका समूह, युथनेटवर्क र व्यक्तिगत सदसस्यहरूबाट देहायबमोजिमका क्षेत्रीय भेलाका प्रतिनिधिहरूः

क) प्रत्येक समूह र युथनेटवर्कबाट उक्त समूह तथा युथनेटवर्कमा रहेका कूल सदस्य सङ्ख्याको आधारमा देहायबमोजिम न्यूनतम ५० प्रतिशत महिलाको सहभागिता हुने गरी सम्बन्धित समूह तथा युथनेटवर्कको साधारण सभाद्वारा तोकिएका क्षेत्रीय भेला प्रतिनिधिहरू :

- न्यूनतम ३५ सदस्य रहेको समूह तथा युथनेटवर्कबाट २ जना
- न्यूनतम १०० सदस्य रहेको समूह तथा युथनेटवर्कवाट ३ जना
- न्यूनतम २०० सदस्य रहेको समूह तथा युथनेटवर्कवाट ४ जना
- न्यूनतम ३५० वा सो भन्दा बढी सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ५ जना। (स्पष्टीकरणः तीन जना वा पाँच जना क्षेत्रीय भेलाका प्रतिनिधि पठाउन मिल्ने अवस्थामा क्रमशः एक वर्ष दुई जना पुरूष र तीन जना महिला र अर्को वर्ष दुई जना महिला र तीन जना पुरुष प्रतिनिधि हुनुपर्नेछ।)

नोटः क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य समूह र युथनेटवर्क भन्नाले एम्नेस्टी नेपाल शाखाको विधान एवं नियमावलीबमोजिम न्यूनतम सदस्यता सङ्ख्या कायम राखी वर्षमा कम्तिमा चारवटा मानवअधिकार अभियानका गतिविधिहरू सम्पन्न गरी क्षेत्रीय भेला हुने मितिभन्दा एक महिना अघि नै आफ्नो साधारण सभा सम्पन्न गरी सोको लिखित प्रतिवेदन निर्धारित समयभित्र राष्ट्रिय सचिवालयमा पेश गरेका समूह र युनथेटवर्कलाई बुझाउँछ।

ख) सम्बन्धित क्षेत्रअन्तर्गत रहेका व्यक्तिगत सदस्यहरूमध्येवाट कम्तिमा ५० प्रतिशत महिला र ४० प्रतिशत युवाको प्रतिनिधित्व हुने गरी कूल व्यक्तिगत सदस्यहरूमध्येवाट तोकिएको प्रकृया पूरा गरी प्रेपकमद्वारा सिफारिस गरिएका देहायको सङ्ख्याका व्यक्तिगत सदस्यहरू :

- १०० वा सोभन्दा कम व्यक्तिगत सदस्यको हकमा २ जना
- न्यूनतम ३५० व्यक्तिगत सदस्यहरूको हकमा ४ जना
- न्यूनतम ४५० र सोभन्दा बढी जतिसुकै सङ्ख्याको व्यक्तिगत सदस्यको हकमा ५ जना। (स्पष्टीकरणः पाँच जना क्षेत्रीय भेलाका प्रतिनिधि पठाउन मिल्ने अवस्थामा एक वर्ष तीन जना र अर्को वर्ष दुई जना महिला प्रतिनिधि हुनेगरी प्रतिनिधिको चयन गर्नुपर्नेछ।)

नोटः यस उपनियममा उल्लिखित "युवा" सदस्यले व्यक्तिगत युवा सदस्य भन्ने बुझाउँछ जो १६ वर्षदेखि २५ वर्ष पूरा नभएको उमेर समूहमा रहेका हुन्छन्।

२. प्रेपकमका संयोजक र/वा निजले तोकेका प्रेपकम सदस्य(हरू)।

३. प्रेपकम संयोजकद्वारा आमन्त्रित अतिथि पर्यवेक्षकहरू।

४. नेसनल बोर्डबाट तोकि खटाइएका नेसनल बोर्ड सदस्य(हरू)।

५. निर्देशकद्वारा तोकी खटाइएका राष्ट्रिय सचिवालयका कर्मचारीहरू।

**(३) सदस्यहरूको क्षेत्रीय भेला बैठक सञ्चालन**

सदस्यहरूको क्षेत्रीय भेला बैठकको अध्यक्षता प्रेपकमकका संयोजक वा निजले तोकेको व्यक्तिले गर्नेछ। प्रत्येक क्षेत्रीय भेलाले एम्नेस्टी नेपाल शाखाको केन्द्रीय साधारण सभाका लागि प्रतिनिधि चयन गर्नुका साथै शाखाले सञ्चालन गरिरहेको मानवअधिकार अभियानका विषयमा छलफल र विमर्शका साथै एम्नेस्टी नेपाल शाखाको वार्षिक कार्यक्रम तयारी र तर्जुमाका बारेमा छलफल गर्नेछ। क्षेत्रीय भेलाका अध्यक्षले नेपाल शाखाको केन्द्रीय साधारण सभामा सहभागी हुने प्रतिनिधिहरूको चयन उपनियम (४) बमोजिम प्रजातान्त्रिक विधिवाट सम्पन्न गर्नेछन् र यसमा उनको निर्णय अन्तिम हुनेछ। अन्य भेलाको बैठक सञ्चालनसम्बन्धी अन्य नियमहरू एम्नेस्टी नेपाल शाखाको साधारण सभा सञ्चालनसम्वन्धी नियमविपरित नहुने गरी अध्यक्षले निर्धारण गरेबमोजिम हुनेछ।

**(४) सदस्यहरूको क्षेत्रीय भेलाबाट एम्नेस्टी नेपाल शाखाको साधारण सभाका लागि प्रतिनिधि चयन गर्ने विधि**

१) एम्नेस्टी नेपाल शाखाको केन्द्रीय साधारण सभामा सहभागिताका लागि क्षेत्रीय भेलाबाट उपनियम (२) को १. (क) र (ख) का प्रतिनिधिहरूमध्येवाट प्रतिनिधि चयन गर्नुपर्ने छ। यसरी प्रतिनिधि चयन गर्दा एम्नेस्टी नेपाल शाखामा आबद्ध कूल वैध सदस्यहरू (valid members) को सङ्ख्या बरावर १०० जनाको अनुपातमा नियम नं. २ को उपनियम नं. (१) अनुसार निर्धारण गरिएका क्षेत्रहरूमा रहेका कूल वैध सदस्यहरूको आधारमा चयन गरिनेछ। उदाहरणका लागि यदि एम्नेस्टी नेपाल शाखाको कुल वैध सदस्य सङ्ख्या ५,००० रहेछ भने र कोशी प्रदेशमा यदि कूल ७०० वैध सदस्यहरू रहेछन् भने त्यस प्रदेशबाट (१००x७००)/५००० = १४ सदस्यले एम्नेस्टी नेपाल शाखाको साधारण सभामा सहभागिता जनाउनेछन्।

२) माथि (१) वमोजिम प्रतिनिधिहरू चयन गर्दा कम्तिमा ५० प्रतिशत महिला, ४० प्रतिशत युवा र कम्तिमा एक जना व्यक्तिगत सदस्यको चयन गर्नुपर्नेछ।

नोटः यस उपदफाअन्तर्गत "युवा" भन्नाले एम्नेस्टी नेपाल शाखामा आबद्ध युथनेटवर्कका १६ वर्षदेखि २५ वर्ष उमेर समूहका सदस्यहरूलाई बुझ्नुपर्दछ।

**(५) सदस्यहरूको क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार**

क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार देहयाएवमोजिम हुनेछः

१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभामा सहभागी हुने प्रतिनिधिहरूको चयन गर्ने,

२) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभामा छलफल गर्नु पर्ने मानवअधिकारका मुद्दा र विषयहरूमा छलफल र बहस गर्ने,

३) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको रणनीतिक लक्ष र सो अनुरूको कार्ययोजना तय गर्ने लगायत विषयमा साधारण सभामा निर्णयका लागि आवश्यक तयारी छलफलहरू गर्ने,

४) एम्नेस्टी नेपाल शाखाको संस्थागत विकास र अभियान सबलीकरणका सामयिक विषय र मुद्दामा छलफल गर्ने।

## परिच्छेद-४

## छलफलका विषय र निर्णय प्रकृया

**३. छलफलका विषयहरू (Agenda) :** प्रेपकमले सदस्यहरूको क्षेत्रीय भेला हुने समयमा न्यूनतम एक हप्ता अघि छलफलका विषयहरू सम्बन्धित क्षेत्रका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यका साथै क्षेत्रीय भेलाका प्रतिनिनिधिहरूलाई प्रेशित गर्नुपर्नेछ। एजेण्डा तय गर्ने क्रममा सम्बन्धित क्षेत्रका सदस्यहरूसँग सर्भे वा परामर्श गर्नुपर्नेछ। क्षेत्रीय भेलालाई सकेसम्म मानवअधिकारका विषयवस्तुमा केन्द्रित वनाउनुपर्नेछ र गभर्नेन्ससम्बन्धी प्रकृया निर्धारित कूल कार्यक्रम अवधिको आधा समयभित्रै सकिने गरी आयोजना गर्नुपर्नेछ।

**४. निर्णय प्रकृया :**

(१) क्षेत्रीय भेलाका प्रतिनिधिहरूले मर्यादित, शिष्ट र अनुशासित तवरमा क्षेत्रीय भेलाका अध्यक्षको अनुमतिमा आफ्ना मतहरू राख्नुपर्नेछ।

(२) कुनै विषयमा निर्णय गर्नुपर्ने भएमा अध्यक्षले एक प्रतिनिधि एक मतका माध्यमबाट सामान्य बहुमतका आधारमा गर्नेछन्।

(३) मतको गणना अध्यक्षले स्वयं वा उनले तोकेको राष्ट्रिय सचिवालयका कर्मचारीको सहयोगमा गर्नेछन्।

(४) मतदान हुँदा मत बराबर भएमा क्षेत्रीय भेलाका अध्यक्षले निर्णायक मत हाली निर्णय गर्नेछन्।

## परिच्छेद -९

## नियमावलीको संशोधन

**५.** यस नियमावलीलाई संशोधन गर्नुपर्ने भएमा नेसनल वोर्डले आवश्यक संशोधन प्रस्ताव पेश गरी साधारणसभा उपस्थित प्रतिनिधिहरूको सामान्य बहुमतबाट अनुमोदन गराई संशोधन गर्न सकिनेछ।

**६.** साधारणसभाबाट अनुमोदन भएबमोजिमको संशोधन तुरून्तै लागू हुनेछ।

♣ समाप्त ♣

## एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको आर्थिक नियमावली २०६२ (सन् २००५) को पाँचौं संशोधन प्रस्तावसम्बन्धी तीन महले दस्तावेज

| क्र. सं | विद्यमान नियम | विद्यमान प्रावधान | संशोधन प्रस्ताव | कारण |
|---|---|---|---|---|
| १. | प्रस्तावना | एम्नेस्टी इन्टरनेसनल (एम्नेस्टी नेपाल) नेपाल शाखाको आर्थिक कारोबारलाई व्यवस्थित, पारदर्शी र सरलीकरण गर्ने उद्देश्यले एम्नेस्टी नेपालको विधानले दिएको अधिकार प्रयोग गरी नेशनल बोर्डले यो "आर्थिक नियमावली २०७५ (२०१८)" बनाई लागू गरिएको छ। | एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा (एम्नेस्टी नेपाल) को आर्थिक कारोबारलाई व्यवस्थित, पारदर्शी र सरलीकरण गर्ने उद्देश्यले एम्नेस्टी नेपालको विधानले दिएको अधिकार प्रयोग गरी नेसनल बोर्डले यो "आर्थिक नियमावली, २०६२ (२००५) को पाँचौं संशोधन २०८० (सन् २०२३)" बनाई लागू गरिएको छ। | भाषा मिलान गरिएको। |
| २. | नियम १. संक्षिप्त नाम | (क) यो नियमावलीको नाम " एम्नेस्टी नेपाल शाखाको आर्थिक नियमावली २०६२ (२००५)" को दोस्रो संशोधन २०६७ (सन् २०११), तेस्रो संशोधन २०७३ (सन् २०१६) र चौथो संशोधन २०७५ (सन् २०१८) रहने छ। | (क) यो नियमावलीको नाम "एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको आर्थिक नियमावली, २०६२ (२००५) को पाँचौं संशोधन, २०८० ( सन् २०२३)" रहने छ। | पाँचौं संशोधन भएकोले सोहीअनुसार गरिएको। |
| ३. | नियम २. परिभाषा | (ख) "नेशनल बोर्ड" भन्नाले एम्नेस्टी नेपालको नेशनल बोर्डलाई सम्झनु पर्नेछ। | (ख) "नेसनल बोर्ड" भन्नाले एम्नेस्टी नेपालको नेसनल बोर्डलाई सम्झनु पर्नेछ। | भाषा मिलान गरिएको। |
| | | (घ) "नेशनल बोर्डका पदाधिकारी" भन्नाले नेशनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूलाई जनाउने छ। | (घ) "नेसनल बोर्डका पदाधिकारी" भन्नाले नसनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूलाई जनाउने छ। | भाषा मिलान गरिएको। |
| | | (ङ) "पुनरावेदन समितिका पदाधिकारी" भन्नाले एम्नेस्टी नेपाल, पुनरावेदन समितिका संयोजक र सदस्यहरूलाई जनाउने छ। | (ङ) "पुनरावेदन समितिका पदाधिकारी" भन्नाले एम्नेस्टी नेपालको पुनरावेदन समितिका संयोजक र सदस्यहरूलाई जनाउने छ। | भाषा मिलान गरिएको। |
| | | (ज) "लेखा अधिकृत" भन्नाले आर्थिक कारोबार सञ्चालनका लागि नियुक्त कर्मचारीलाई बुझाउने छ। | (ज) "लेखा अधिकृत" भन्नाले आर्थिक कारोबारहरूको अभिलेख, सञ्चालन र व्यवस्थापनका लागि नियुक्त कर्मचारीलाई बुझाउने छ। | भाषा मिलान गरिएको। |
| ४. | नियम ३. | (क) एम्नेस्टी नेपाल शाखाको आर्थिक कारोबार नेशनल बोर्डका कोषाध्यक्ष र सचिवालयका लेखा अधिकृतको जिम्मामा रहने छ। | (क) एम्नेस्टी नेपाल शाखाको आर्थिक कारोबार नेसनल बोर्डका कोषाध्यक्ष, राष्ट्रिय सचिवालयका निर्देशक र लेखा अधिकृतको जिम्मामा रहने छ। | निर्देशकको भूमिका थप गरिएको। |
| | | (ग) सचिवालयको आर्थिक कारोबारको हिसाव किताव प्रत्येक महिना लेखा अधिकृतले मासिक | (ग) सचिवालयको आर्थिक कारोबारको हिसाव किताब प्रत्येक महिना लेखा अधिकृतले मासिक आर्थिक विवरण तयार गरी निर्देशकलाई नेसनल बोर्ड पदाधिकारीहरूलाई जानकारी गराउनु पर्नेछ। | ऐ. ऐ. |

| | | | | |
|---|---|---|---|---|
| | | आर्थिक विवरण तयार गरी नेशनल बोर्ड पदाधिकारीहरूलाई जानकारी गराउनु पर्नेछ । | | |
| | | (घ) कोषाध्यक्ष र लेखा अधिकृतले एम्नेस्टी नेपाल शाखाको सम्पूर्ण आर्थिक कारोवारको प्रतिवेदन प्रत्येक ३ (तीन) महिनामा नेशनल बोर्डको बैठकमा पेश गर्नु पर्नेछ । प्रत्येक ३ (तीन) महिनामा बैठक बस्न अनुकुल नमिले त्रैमासिक पछिको प्रथम बैठकमा पेश गर्नु पर्नेछ ।<br>तर यो व्यवस्थाले एम्नेस्टी नेपालको विधान वमोजिम वार्षिक आयव्ययको विवरण लेखापरीक्षण गराई साधारणसभामा पेश गर्ने व्यवस्थालाई बाधा परेको मानिने छैन । | (घ) कोषाध्यक्ष, निर्देशक र लेखा अधिकृतले एम्नेस्टी नेपाल शाखाको सम्पूर्ण आर्थिक कारोवारको प्रतिवेदन प्रत्येक ३ (तीन) महिनामा नेसनल बोर्डको बैठकमा पेश गर्नु पर्नेछ । प्रत्येक ३ (तीन) महिनामा बैठक बस्न अनुकुल नमिले त्रैमासिक पछिको प्रथम बैठकमा पेश गर्नु पर्नेछ ।<br>तर यो व्यवस्थाले एम्नेस्टी नेपालको विधान बमोजिम वार्षिक आयव्ययको विवरण लेखापरीक्षण गराई साधारणसभामा पेश गर्ने व्यवस्थालाई बाधा परेको मानिने छैन । | ऐ.ऐ. |
| | | (ग) कुनै पनि आर्थिक हिसावकितावमा अनियमितता भएको देखिएमा तत्काल लेखा अधिकृतले त्यसको जानकारी नेशनल बोर्डका पदाधिकारी तथा सदस्यहरूलाई गराई नेशनल बोर्डको बैठकमा समेत पेश गर्नु पर्नेछ । | (ग) कुनै पनि आर्थिक हिसाबकितावमा अनियमितता भएको देखिएमा तत्काल लेखा अधिकृतले निर्देशकलाई त्यसको जानकारी गराई नेसनल बोर्डको बैठकमा समेत पेश गर्नु पर्नेछ । | ऐ.ऐ. |
| ६. | **नियम ४. खाता सञ्चालन र निकासा उपनियम ४.२ निकासा खाता** | क) एम्नेस्टी नेपाल शाखाको रकम निकासा गर्ने अर्को बैंक खाता रहने छ यसखाताको संचालन निर्देशक र लेखा अधिकृत वा लेखा हेर्न तोकिएको व्यक्तिको सयुक्त दस्ताखतबाट चल्ने गरी व्यवस्था गरिने छ । | (क) एम्नेस्टी नेपाल शाखाको रकम निकासा गर्ने अर्को बैंक खाता रहने छ । यस खाताको संचालन निर्देशक र लेखा अधिकृत वा लेखा हेर्न तोकिएको व्यक्तिको संयुक्त दस्तखतबाट चल्ने गरी व्यवस्था गरिने छ । | भाषा मिलान गरिएको । |
| | | (ख) यस खातामा रकम निकासाका लागि ए.आइ. नेपालमा कार्यरत कर्मचारी तलब भत्ता, मसलन्द खर्च, इन्धन खर्च लगायतका खर्चहरु संस्थाका लेखा हेर्ने कर्मचारीले मागफारम भरी निकासाका लागि निर्देशकको सिफरिस गराई नेशनल बोर्डमा पेश गर्नु पर्ने छ । माग फारमका आधारमा संस्थाको मूल खाताबाट रकम निकासा दिने व्यवस्था गर्नु पर्ने छ । | (ख) यस खातामा रकम निकासाका लागि ए.आइ. नेपालमा कार्यरत कर्मचारीको तलब भत्ता, मसलन्द खर्च, इन्धन खर्च लगायतका खर्चहरू संस्थाका लेखा हेर्ने कर्मचारीले मागफारम भरी निकासाका लागि निर्देशकको सिफारिस गराई नेसनल बोर्डमा पेश गर्नु पर्ने छ । माग फारमका आधारमा संस्थाको मूल खाताबाट रकम निकासा दिने व्यवस्था गर्नु पर्ने छ । | भाषा मिलान गरिएको । |
| ७. | **नियम ५. भुक्तानी** | (ग) दैनिक भैपरी आउने कामका लागि रु. ३०,०००।- (रु.तीस हजार) सम्मको सानो नगदी | (ग) दैनिक भैपरी आउने कामका लागि रु. ४०,०००।- (रु.चालिस हजार) सम्मको सानो नगदी कोपको व्यवस्था गर्न सकिने छ । तर | बढ्दो महङ्गी र मुद्रास्फितिको |

| | | | | |
|---|---|---|---|---|
| | | कोषको व्यवस्था गर्न सकिने छ । तर रु.५०००/- (रु.पाँच हजार) माथिको खर्चको भुक्तानी चेकमार्फत गरिनेछ । | रु.१०,०००/- (रु.दश हजार) माथिको खर्चको भुक्तानी चेकमार्फत गरिनेछ । | अवस्थाअनुरुप सानो नगदी कोषमा वृद्धि गृन वाञ्छनीय देखिएकोले । |
| ९. | **नियम ७. सामान खरिद** | (क) कुनै कामका लागि रु.२०,०००/- (रु.बीस हजार) भन्दा कम मुल्यको जिन्सी सामान खरिद गर्नु परे प्रत्यक्ष खरिद गर्न सकिनेछ । रु.२०,०००/- (रु.बीस हजार देखि रु.७००,००० /- (रु. सात लाख) सम्मको जिन्सी सामान खरिद गर्नु परे तीन वा सो भन्दा बढी कोटेसनहरू माग गरी न्युनतम मुल्याङ्कन गर्ने बिक्रेतासँग सामान खरिद गर्नु पर्नेछ । कोटेसन प्राप्त गर्दा सोही बिक्रेताको प्यान, करचुक्ता तथा अन्य दर्ताको प्रमाणपत्रहरू संलग्न गर्नुपनेर्छ । त्यसैगरी रु.७००,०००/- भन्दा बढीको जिन्सी सामान खरिद गर्नु पर्दा सार्वजनिक सूचनामार्फत सिलबन्दी कोटेशनको माग गरी प्राप्त बोलपत्रमध्ये मूल्यका दृष्टिले न्यूनतम मूल्यको सामान खरिद गर्नु पर्नेछ । सिलबन्दी खोल्ने प्रकृयामा कोषाध्यक्ष र निर्देशकको उपस्थिति अनिवार्य रहनेछ । | **नियम ७. वस्तु तथा सेवा खरिद** (क) कुनै कामका लागि रु.५,००,०००/- (रु.पाँच लाख) भन्दा कम मुल्यको जिन्सी सामान वा सेवा खरिद गर्नु परे प्रत्यक्ष खरिद गर्न सकिनेछ । रु.५,००,०००/- (रु. पाँच लाख) देखि रु. २०,००,०००/- (रु. बीस लाख) सम्मको जिन्सी सामान वा सेवा खरिद गर्नु परे कम्तिमा तीन वा सो भन्दा बढी कोटेसनहरू माग गरी न्युनतम मुल्याङ्कन गर्ने बिक्रेता वा सेवादातासँग सामान वा सेवा खरिद गर्नु पर्नेछ । कोटेसन प्राप्त गर्दा सोही बिक्रेताको स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र तथा अन्य दर्ताको प्रमाणपत्रहरू संलग्न गर्नुपर्नेछ । त्यसैगरी रु.२०,००,०००/- (रु. बीस लाख) भन्दा बढीको जिन्सी सामान वा सेवा खरिद गर्नु पर्दा सार्वजनिक सूचनामार्फत निश्चित समयसीमा भित्रको सिलबन्दी कोटेसनको माग गरी प्राप्त बोलपत्रमध्ये मूल्यका दृष्टिले न्यूनतम मूल्यको सामान वा सेवा खरिद गर्नु पर्नेछ । सिलबन्दी कोटेसनसम्बन्धी सार्वजनिक सूचना जारी गर्दा वस्तु वा सेवा बिक्रेताले उपलब्ध गराउनुपर्ने आवश्यक कागजात र लाग्ने दस्तुर शुल्क खुलाई बढीमा १५ दिनको सीमा राखी गर्नुपर्नेछ । यसरी प्राप्त हुन आएका सिलबन्दी कोटेसनहरू एम्नेस्टी नेपाल शाखाका कोषाध्यक्ष र निर्देशकका साथै सिलबन्दी कोटेसन प्रस्तुतकर्ता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । यदि सिलबन्दी कोटेसन प्रस्तुतकर्ता वा निजको प्रतिनिधि तोकिएको समयमा उपस्थिति नभएमा पनि सिलबन्दी खोल्न बाधा पर्ने छैन । छनौट हुन नसकेका सिलबन्दी कोटेसन प्रस्तुतकर्ताले बुझाएको दस्तुर शुल्क फिर्ता हुने छैन । यदि छनौट गरिएको बिक्रेताले वस्तु वा सेवा उपलब्ध नगराएमा वा गर्न नसकेमा दोश्रो न्यूनतम मूल्य प्रस्ताव गर्ने बिक्रेतालाई सम्पर्क गरी खरिद कार्य अघि बढाउन सकिनेछ । सिलबन्दी कोटेसन प्रस्तुत गर्नेलाई सहभागी हुँदा तथा बिड प्रदान गरेपछि आवश्यकताअनुसार जमानत तोक्न सकिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | (ख) त्यस्तो सामान खरिद गर्नुपर्दा स्टोर हेर्नको निमित्त तोकिएको कर्मचारीले आवश्यक सामानको माग फारम भरी नेशनल बोर्डका पदाधिकारी वा निर्देशक मध्ये कुनै १ जनाको स्वीकृती भए पश्चात मात्र खरिद गर्नु पर्नेछ । | (ख) सामान खरिद गर्नुपर्दा स्टोर हेर्नको निमित्त तोकिएको कर्मचारीले आवश्यक सामानको माग फारम भरी नेसनल बोर्डका पदाधिकारी वा निर्देशकमध्ये कुनै १ जनाको स्वीकृती भएपश्चात मात्र खरिद गर्नु पर्नेछ । | भाषा मिलान गरिएको । |
| | | (घ) स्टोरमा रहेको सामान प्रयोगका लागि आवश्यक परेमा माग फारम भरी पदाधिकारी वा निर्देशक वा उप-निर्देशक मध्ये १ जनाबाट स्वीकृत गराए पश्चात मात्र उपलब्ध गराउनु पर्नेछ । | (घ) स्टोरमा रहेको सामान प्रयोगका लागि आवश्यक परेमा माग फारम भरी पदाधिकारी वा निर्देशकमध्ये १ जनाबाट स्वीकृत गराए पश्चात मात्र उपलब्ध गराउनु पर्नेछ । | |
| | | (ङ) हरेक आर्थिक वर्षको अन्त्यमा निर्देशकले भौतिक सम्पत्ति सम्परीक्षण गरी सचिवालयका भौतिक सम्पत्तिहरूको अवस्थाको बारेमा प्रतिवेदन तयार गरी नेशनल बोर्डमा पेश गर्नु पर्ने छ । सो प्रतिवेदन अनुरूप लिलाम, मर्मत संभार आदि गर्ने सम्बन्धमा नेशनल बोर्डले निर्णय गर्नेछ । | (ङ) हरेक आर्थिक वर्षको अन्त्यमा निर्देशकले भौतिक सम्पत्ति सम्परीक्षण गरी सचिवालयका भौतिक सम्पत्तिहरूको अवस्थाको बारेमा प्रतिवेदन तयार गरी नेसनल बोर्डमा पेश गर्नु पर्ने छ । सो प्रतिवेदन अनुरूप लिलाम, मर्मत संभार आदि गर्ने सम्बन्धमा नेसनल बोर्डले निर्णय गर्नेछ । | भाषा मिलान गरिएको । |
| | | (च) एम्नेस्टी नेपालको सम्पूर्ण सम्पत्तिको विवरण दुरूस्त राखिने छ, र हरेक आर्थिक वर्षको अन्त्यमा मान्यता प्राप्त लेखा परीक्षकबाट सचिवालयको आय व्ययको वार्षिक विवरण तथा सम्पत्तिको विवरण लेखा परीक्षण गराई राखिने छ । | (च) एम्नेस्टी नेपालको सम्पूर्ण सम्पत्तिको विवरण दुरूस्त राखिने छ, र हरेक आर्थिक वर्षको अन्त्यमा मान्यता प्राप्त लेखा परीक्षकबाट एम्नेस्टी नेपाल शाखाको आय व्ययको वार्षिक विवरण तथा सम्पत्तिको विवरणको लेखा परीक्षण गराई राखिने छ । | भाषा मिलान गरिएको । |
| १०. | **नियम ८. कार्वाही र दण्ड** | **नियम ८. कार्वाही र दण्ड** | **८. कारबाही र दण्ड** | भाषा मिलान गरिएको । |
| | | (क) आर्थिक कारोबारमा अनियमितता भएको देखिएमा नेशनल बोर्डले आफूहरूबाट २ र सचिवालयका कर्मचारीबाट १ समेत भएको ३ सदस्यीय एक छानविन समिति गठन गर्न सक्नेछ, तर त्यस्तो अनियमितताको आरोप हुनेलाई समितिमा राख्न सकिने छैन । | (क) आर्थिक कारोबारमा अनियमितता भएको देखिएमा नेसनल बोर्डले सचिवालयका कर्मचारीमध्येबाट कम्तिमा एक जना समेत सम्मिलित तीन सदस्यीय छानविन समिति गठन गर्न सक्नेछ, तर त्यस्तो अनियमितताको आरोप हुनेलाई समितिमा राख्न सकिने छैन । | भाषा मिलान गरिएको । |
| | | (ख) त्यस्तो छानविन समितिलाई छानविन गर्दा नेशनल बोर्डका पदाधिकारी सदस्य वा कर्मचारीहरुसँग बयान लिने तथा आवश्यक प्रमाण | (ख) त्यस्तो छानबिन समितिलाई छानबिन गर्दा नेसनल बोर्डका पदाधिकारी, सदस्य वा कर्मचारीहरूसँग बयान लिने तथा आवश्यक प्रमाण संकलन गर्ने अधिकार हुनेछ र समितिलाई आवश्यक सहयोग गर्नु सबैको कर्तव्य हुनेछ । | भाषा मिलान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | संकलन गर्ने अधिकार हुनेछ र समितिलाई आवश्यक सहयोग गर्नु सबैको कर्तव्य हुनेछ । | | |
| | | (घ) छानविन समितिले आफ्नो प्रतिवेदन तोकिएको समयभित्र नेशनल बोर्डमा बुझाउनु पर्ने छ । | (घ) छानबिन समितिले आफ्नो प्रतिवेदन तोकिएको समयभित्र नेसनल बोर्डमा बुझाउनु पर्नेछ । | भाषा मिलान गरिएको । |
| | | (ङ) छानविनबाट अनियमितता भएको ठहर भएमा नेशनल बोर्डले त्यस्तो अनियमितता गर्ने पदाधिकारी, सदस्य वा कर्मचारीलाई निम्नानुसारको कारवाही गर्न सक्नेछ ।<br>१. अनियमिततामा परेको रकम तत्काल दाखिला गर्न लगाउने ।<br>२. निजले पाउने तलव, भत्ता वा अन्य रकम वाट कट्टा गरी असूल गर्ने ।<br>३. वदनियतसाथ अनियमितता गरेको ठहरेमा त्यसबाट एम्नेस्टी नेपाललाई परेको हानी, नोक्सानीको मूल्याङ्कन गरी सो बराबरको रकम घरघरानाबाट असूल उपर गर्ने ।<br>४. नसिहत दिने वा एम्नेस्टी नेपालको विधान तथा अन्य नियमावली तथा निर्देशिकाहरू अनुरूप उपयुक्त कारवाही गर्ने । | (ङ) छानबिनबाट अनियमितता भएको ठहर भएमा नेसनल बोर्डले त्यस्तो अनियमितता गर्ने पदाधिकारी, सदस्य वा कर्मचारीलाई निम्नानुसारको कारबाही गर्न सक्नेछ:<br>१. अनियमिततामा परेको रकम तत्काल दाखिला गर्न लगाउने,<br>२. निजले पाउने तलब, भत्ता वा अन्य रकमबाट कट्टा गरी असूल गर्ने,<br>३. वदनियतसाथ अनियमितता गरेको ठहरेमा त्यसबाट एम्नेस्टी नेपाललाई परेको हानि, नोक्सानीको मूल्याङ्कन गरी सो बराबरको रकम घरघरानाबाट असूल उपर गर्ने,<br>४. नसिहत दिने वा एम्नेस्टी नेपालको विधान तथा अन्य नियमावली तथा निर्देशिकाहरू अनुरूप उपयुक्त कारवाही गर्ने । | भाषा मिलान गरिएको । |
| ११. | **नियम ९. संशोधन** | यो नियमावली वा नियमावलीका कुनै नियम वा उपनियम संशोधन वा खारेज गर्न आवश्यक भएमा नेशनल बोर्डले सो सम्बन्धी प्रस्ताव साधारणसभामा पेस गरी सभाको बहुमतबाट अनुमोदन भएपश्चात् यो नियमावली संशोधन भएको मानिनेछ । | यो नियमावली वा नियमावलीका कुनै नियम वा उपनियम संशोधन वा खारेज गर्न आवश्यक भएमा नेसनल बोर्डले सो सम्बन्धी प्रस्ताव साधारणसभामा पेस गरी सभाको बहुमतबाट अनुमोदन भएपश्चात् यो नियमावली संशोधन भएको मानिनेछ । | भाषा मिलान गरिएको । |
| १२. | **नियम १०. खारेजी र बचाऊ** | (क) यस नियमावलीमा उल्लेख गरिए बाहेकका कुराका सम्बन्धमा नेशनल बोर्डको निर्णय बमोजिम हुनेछ । | (क) यस नियमावलीमा उल्लेख गरिए बाहेकका कुराका सम्बन्धमा नेसनल बोर्डको निर्णय बमोजिम हुनेछ । | भाषा मिलान गरिएको । |

# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) *

एम्नेस्टी इन्टरनेसनल नेपाल

**प्रस्तावना**

विश्वव्यापी रूपमा भइरहेका मानवअधिकार उल्लङ्घन र ज्यादतीका सन्दर्भमा मानवअधिकारको प्रवर्धन तथा संरक्षणका लागि एक गैरनाफामूलक, गैरसरकारी, गैरराजनीतिक संस्थाको सान्दर्भिकता महसुस गर्दै अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त मानवअधिकार अभियान एम्नेस्टी इन्टरनेसनलको विधानसँग मिल्दोजुल्दो यस विधानको प्रारूप तयार गरी एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको स्थापनाका लागि संस्था दर्ता ऐन २०३४ को अधिनमा रही यो विधान तयार गरिएको हो।

## भाग-१
## प्रारम्भिक

### १. एम्नेस्टी इन्टरनेसनल नेपालको स्थापना :

(१) यो विधानको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) हुने छ। यो विधान स्वीकृत भएपछि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको स्थापना भएको मानिने छ। यसलाई छोटकरीमा एम्नेस्टी नेपाल (Amnesty Nepal)[1] भनेर चिनिनेछ।

(२) यो एक गैरनाफामूलक, गैरसरकारी तथा गैरराजनीतिक संस्था हुने छ।

(३) एम्नेस्टी नेपालको स्वतन्त्र कानुनी अस्तित्व हुने छ। यसको हैसियत कानुनी व्यक्ति सरह हुनेछ।[2]

### २. ठेगाना र कार्यक्षेत्र

(१) यो संस्थाको कार्यालय काठमाडौंमा अवस्थित हुने छ र हाल यसको ठेगाना यस प्रकार हुने छः

एम्नेस्टी इन्टरनेसनल नेपाल
एम्नेस्टी मार्ग, बसन्तनगर, बालाजु
पो.ब.नं. १३५, काठमाडौं, नेपाल।

(२) यस संस्थाको कार्यक्षेत्र काठमाडौंमा भई स्थानीय अधिकारीको स्वीकृति लिएर नेपालभरी रहनेछ।[3]

### ३. प्रारम्भ

यो विधान एम्नेस्टी नेपाल शाखाको साधारणसभाबाट पारित भई एम्नेस्टी इन्टरनेसनलको इन्टरनेसनल बोर्ड (International Board) र नेपाल सरकारले तोकेको निकायको स्वीकृति पश्चात लागू हुनेछ।

### ४. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा बाहेक यस विधानमा :

(१) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) समेतलाई जनाउने छ।

---

* *जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैठौं र सातौं संशोधनद्वारा क्रमशः २०६४, २०६५, २०६८, २०७३, २०७४, २०७६ र २०७८ मा संशोधित प्रावधानहरू समाविष्ट।*

[1] पाँचौं सशोधन २०७४ द्वारा संशोधित। सो अघि "ए.आइ नेपाल" रहेको।

[2] पाँचौं सशोधन २०७४ द्वारा संशोधित। संशोधन अघि निम्न व्यवस्था रहेको :
"ए.आई.नेपालको स्वतन्त्र कानुनी अस्तित्व हुने छ र यसको नामबाट कुनै मुद्दा हाल्नु परेमा वा यसलाई कुनै मुद्दा हाल्नु परेमा यसैको नामबाट गर्न सकिने छ।"

[3] पाँचौं सशोधन २०७४ द्वारा संशोधित। संशोधन अघि निम्न व्यवस्था रहेको :
(ख) यस संस्थाको कार्यक्षेत्र काठमाडौंमा भई स्थानीय अधिकारीको स्वीकृति लिएर नेपाल राज्यभर हुनेछ।

(२) “एम्नेस्टी इन्टरनेसनल” भन्नाले बेलायतको लण्डनमा मुख्य कार्यालय भएको अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनललाई जनाउनेछ।

(३) “संस्था” वा “एम्नेस्टी नेपाल” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई जनाउने छ।

(४) “आई.एस.” भन्नाले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयलाई जनाउने छ।

(५) नेसनल बोर्ड (National Board) भन्नाले एम्नेस्टी नेपालको भाग ४ दफा १० को उपदफा १ (क) बमोजिम गठित नेसनल बोर्ड[4] लाई जनाउनेछ।

(६) “सदस्य” भन्नाले एम्नेस्टी इन्टरनेसनलको सिद्धान्त, आदर्श र विधानलाई स्वीकार्ने र यो विधानको भाग ३ दफा ७ बमोजिम “सदस्यता प्रकार र प्राप्ति” खण्डमा उल्लिखित शर्तहरू पुरा गरी सदस्यता प्राप्त गरेका समर्थक सदस्य, समूहगत सदस्य, युथनेटवर्कका युवा सदस्य र मानार्थ सदस्यहरूलाई जनाउने छ।[5]

(७) “स्थानीय अधिकारी” भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई बुझाउने छ।

(८) “स्थानीय तह” भन्नाले सम्बन्धित गाउँपालिका, नगर/उपमहानगर/महानगरपालिका, जिल्ला समन्वय समितिलाई बुझाउने छ।[6]

(९) “एम्नेस्टी समूह” भत्राले स्थानीय स्तरमा[7] कार्य गर्न एम्नेस्टी इन्टरनेसलन नेपालबाट मान्यता प्राप्त समूहलाई जनाउने छ।

(१०) “निर्माणाधिन समूह” भत्राले समूहको मान्यता प्राप्त भइनसकेको परीक्षणको क्रममा रहेको समूहलाई जनाउने छ।

(१०क) “निर्माणाधीन युथ नेटवर्क” भत्राले युथ नेटवर्कको मान्यता प्राप्त भइनसकेको परीक्षणको क्रममा रहेको युथ नेटवर्कलाई जनाउने छ।[8]

(११) “तोकिएबमोजिम” भत्राले यो विधान र यसअन्तर्गत बनेका नियम, उपनियम वा यो विधानअन्तर्गत बनेका अख्तियारप्राप्त समिति, उपसमितिले तोकेबमोजिमका विषयहरूलाई जनाउने छ।

(१२) “पुनरावेदन समिति” भन्नाले एम्नेस्टी नेपालको साधारण सभाबाट विधानको दफा ११ को उपदफा (१) बमोजिम निर्वाचित हुने पुनरावेदन समितिलाई जनाउने छ।[9]

(१३) “राष्ट्रिय सचिवालय” भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयलाई जनाउने छ।

(१४) “अध्यक्ष” भन्नाले एम्नेस्टी नेपालका अध्यक्षलाई जनाउने छ।

(१५) “निर्देशक” भन्नाले एम्नेस्टी इन्टरनेसन नेपाल शाखाका निर्देशकलाई जनाउने छ।

(१६) “नेसनल बोर्ड पदाधिकारी” भन्नाले “नेसनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सदस्यहरूलाई जनाउने छ।

(१७) “पुनरावेदन समितिका पदाधिकारी” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको पुनरावेदन समितिका संयोजक र सदस्यहरूलाई जनाउने छ।

(१८) “साधारण सभा” भन्नाले यस विधानको साधारणसभा खण्डमा व्यवस्था गरिएबमोजिमको सभालाई जनाउने छ।

(१९) “नेपाल शाखा” भन्नाले एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखालाई जनाउने छ।

---

[4] छैठौं संशोधन २०७६ द्वारा संशोधित।

[5] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्थाः “सदस्य” भन्नाले एम्नेस्टी इन्टरनेसनलको सिद्धान्त, आदर्श र विधानलाई स्वीकार्ने र यो विधानको “सदस्यता” खण्डमा उल्लिखित सर्तहरू स्वीकारी सदस्यता प्राप्त गरेका व्यक्तिलाई जनाउने छ।

[6] संसोधन पहिलाको व्यवस्था ***“स्थानीय निकाय” भन्नाले सम्बन्धित गाविस, नगरपालिका, महानगरपालिका, जिल्ला विकास समितिलाई बुझाउने छ।***

[7] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सो अघि “रूपमा” रहेको।

[8] सातौं संशोधन २०७८ द्वारा थप गरिएको।

[9] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्थाः “पुनरावेदन समिति” भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय परिषद् बैठकबाट विधान बमोजिम निर्वाचित हुने पुनरावेदन समितिलाई जनाउने छ।

(२०) "युथ नेटवर्क" भन्नाले एम्नेस्टी नेपालले सञ्चालन गर्ने अभियानका उद्देश्यमा आधारित भई विभिन्न गतिविधि गर्नका लागि एम्नेस्टी नेपालबाट युवा सदस्यता लिएका व्यक्तिहरूको स्थानीय नेटवर्कलाई जनाउने छ।[10]

## ५. एम्नेस्टी नेपालको प्रतीक चिन्ह तथा छाप

(१) आयाताकार पहेँलो पृष्ठभूमिमा दायाँतर्फ काँडेतारले बेरिएको बलिरहेको मैनबत्ति र बायाँतर्फ पहिलो हरफमा "एम्नेस्टी" र दोस्रो हरफमा "इन्टरनेसनल" लेखिएको र दुवै हरफहरूको लम्बाई बराबर भएको तथा पहेँलो भागको ठिक तल पहेँलो भागको लम्बाईको बराबर हुनेगरी "एम्नेस्टी इन्टरनेसनल नेपाल" लेखिएको (अनुसूची १ अनुसारको) एम्नेस्टी नेपालको प्रतीक चिन्ह हुनेछ ।

(२) यस संस्थाको प्रतीक चिन्ह अङ्कित भएको एक छाप हुने छ ।

# भाग-२

# परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यदिश

## ६. यस संस्थाको परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यदिश निम्नबमोजिम हुनेछ :

### ६.१. परिदृश्य :

मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा मानवअधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका मानवअधिकारहरूलाई संसारका हरेक व्यक्तिले स्वतन्त्रतापूर्वक उपभोग र प्राप्ति गर्न पाएको विश्व नै एम्नेस्टी इन्टरनेसनल नेपालको परिदृष्य हुनेछ।[11]

### ६.२ उद्देश्यः

एम्नेस्टी नेपालको परिदृश्यलाई साकार पार्न सबै प्रकृतिका मानवअधिकारहरूको गम्भीर उल्लङ्घन र ज्यादतीको रोकथाम र अन्त्यका लागि अध्ययन-अनुसन्धान तथा अभियानहरू सञ्चालन गर्नु एवं मानवअधिकार प्रवर्द्धनका लागि कार्य गर्नु एम्नेस्टी इन्टरनेसनल नेपालको उद्देश्य रहेको छ।

### ६.३ मूल आदर्शः

मानव जीवनमा हुने सबै प्रकारका भेदभावको अन्त्य, स्वतन्त्रता, निष्पक्षता, अन्तर्राष्ट्रिय ऐक्यबद्धता, विश्वव्यापकता, अविभाज्यता, अन्तर्निर्भरता, प्रजातान्त्रिक अभ्यास र आचरण तथा आपसी सद्भावको सिद्धान्तमा आधारित मानवअधिकार रक्षकहरूको विश्व समुदाय निर्माण गर्ने।[12]

### ६.४. कार्यविधिः

(क) मानवअधिकारसम्बन्धी कुनै निश्चित घटना वा ज्यादतीका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलका तर्फबाट गरिएका अनुसन्धानहरूका आधारमा प्राप्त तथ्यहरूलाई सार्वजनिक गरी कुनै पनि देशका सरकार, कम्पनीहरू, अन्तरसरकारी संस्था, सशस्त्र राजनीतिक समूह तथा अन्य गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घन र ज्यादती रोक्नका लागि एम्नेस्टी नेपालमा आबद्ध सदस्य, यसका सहयोगीहरू र मानवअधिकार रक्षकहरूद्वारा नेपालको कानुनको परिधिभित्र रही दबाब सिर्जना गरिने छ।

(ख) मानवअधिकार उल्लङ्घन र ज्यादतीको रोकथामका लागि सरकारहरूलाई कानुनी शासनको सिद्धान्तको पालना गर्न र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन एवं कार्यान्वयनका लागि आह्वान गर्ने छ। मानवअधिकार शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुका साथै अन्तरसरकारी

[10] पाँचौ संशोधन २०७४ द्वारा एम्नेस्टी नेपालको स्थानीय संरचनाको रूपमा रहेको ***"युथ नेटवर्क"*** को परिभाषा विधानमा समावेश गर्न उपयुक्त भएकोले थप गरिएको।

[11] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्थाः मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भए बमोजिमका सबै मानवअधिकार हरू हरेक मानव मात्रले उपभोग गर्न पाएको विश्व नै एम्नेस्टी इन्टरनेसनल नेपाल को परिदृश्य हुनेछ।

[12] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्थाः भेदभावको अन्त्य तथा स्वतन्त्रता, प्रजातन्त्र तथा आपसी सद्भावको सिद्धान्तमा आधारित मानवअधिकार रक्षकहरूको समुदाय निर्माण।

सङ्गठन, व्यक्ति तथा समाजका हरेक अङ्गलाई मानवअधिकारको सम्मान र समर्थन गर्न प्रोत्साहित गर्ने छ।

**६.५. कार्यदिश**

एम्नेस्टी इन्टरनेसनलबाट विश्वव्यापी रूपमा मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि सञ्चालित विभिन्न अभियानप्रति ऐक्यबद्धता प्रकट गर्न, सहभागी हुन र वकालत गर्न एम्नेस्टी नेपाल क्रियाशील हुनेछ । एम्नेस्टी इन्टरनेसनलको अन्तराष्ट्रिय सचिवालयबाट प्राप्त कार्यक्रम र एम्नेस्टी नेपालको वार्षिक साधारण सभाबाट पारित गरिएका वार्षिक कार्यक्रमहरू (Annual Work Plan) का आधारमा राष्ट्रिय सचिवालयले एम्नेस्टी नेपालमा आबद्ध सदस्य, समूह तथा युथ नेटवर्कहरूलाई अभियानसम्बन्धी गतिविधिहरूमा संलग्न हुन निरन्तर *एक्सन सर्कुलर* (Action Circuluar) हरू जारी गर्नेछ । यसरी अभियान सञ्चालन गर्दा नेपालमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी घटनाहरूको बारेमा एम्नेस्टी नेपालले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयसँगको परामर्शका आधारमा भएको अनुसन्धान र अध्ययन पछिमात्र आफ्नो धारणा र अभिव्यक्ति राख्नेछ जसलाई एम्नेस्टी नेपालमा आबद्ध समूह, निर्माणाधिन समूह, युथ नेटवर्क तथा समर्थक सदस्यहरूले अक्षरशः पालना गर्नुपर्नेछ र उनीहरूले आफ्नै निर्णयका आधारमा कुनै धारणा बनाउने वा अन्य गतिविधिहरू गर्ने कार्य गर्न पाउने छैनन्।[13]

## भाग-३
## सदस्यता

### ७. सदस्यताको प्रकार र प्राप्ति

**७.१. सदस्यताको प्रकार**

**क) समर्थक सदस्यता :**

संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुऱ्याउन चाहने १६ वर्ष र सोभन्दा माथिका कुनै पनि नागरिकले आस्था, धर्म, वर्ण, लिङ्ग, उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना निर्धारित शुल्क तिरी एम्नेस्टी नेपालको सचिवालयबाट समर्थक सदस्यता प्राप्त गर्न सक्नेछन्। समर्थक सदस्यहरू एम्नेस्टी नेपालका मानवअधिकार अभियानहरूमा संलग्न हुन सक्नेछन्।[14] उनीहरूले नेतृत्वका लागि प्रतिस्पर्धामा सहभागिता जनाउन पाउने छन्। समर्थक सदस्यहरूलाई प्रतिनिधित्व गर्दै दुई जना सदस्य (एक जना महिला र एक जना पुरुष)ले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयाहरूमा मताधिकारसहित सहभागिता जनाउनेछन्। समर्थक सदस्यहरूमध्येबाट निर्णय प्रर्कयामा सहभागी हुने दुई जना प्रतिनिधिको चयन तोकिएबमोजिम हुनेछ।[15]

**ख) समूहगत सदस्यता :**

एम्नेस्टी नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पुऱ्याउन र सहभागी हुन चाहने १६ वर्ष वा सोभन्दा माथिका कुनै पनि व्यक्तिले आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषा भाषा आधारमा विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध समूह वा निर्माणाधिन समूहको

[13] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्थाः एम्नेस्टी इन्टरनेसनलले विश्वव्यापी रूपमा मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि सञ्चालन गर्ने अभियानको उद्देश्य प्राप्तिका लागि त्यस्ता अभियानप्रति ऐक्यबद्धता प्रकट गर्न, सहभागी हुन र कार्यक्रम सञ्चालन गर्न एम्नेस्टी नेपाल क्रियाशील हुने छ। यसरी अभियान सञ्चालन गर्दा नेपालमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी घटनाहरूको अनुसन्धा सँग सम्बन्धित कार्यमा भने एम्नेस्टी इन्टरनेसनल नेपाल शाखामा आबद्ध समूह, निर्माणाधिन समूह, सञ्जाल तथा सदस्यहरूले आफ्नै निर्णयका आधारमा मात्र संलग्न हुन पाउने छैनन्।

[14] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्थाः संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुऱ्याउन चाहने तर निर्णय प्रकृयामा मताधिकार नचाहने १६ वर्ष र सोभन्दा माथिका कुनै पनि नागरिकले आस्था, धर्म, वर्ण, लिङ्ग, उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपाल शाखाको समर्थक सदस्यमा गणना गर्न सकिने छ।

[15] सातौं संशोधन २०७८ द्वारा थप गरिएको।

कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा एम्नेस्टी नेपाल शाखाको समूहगत सदस्यता प्राप्त गर्न सक्नेछन्। यस्ता सदस्यहरूलाई सम्बन्धित समूहमा र सम्बन्धित समूहमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ।

**(ग) युवा सदस्यता :**

एम्नेस्टी इन्टरनेसनल नेपालको विधानको पालना गर्दै यसको परिदृष्य र उद्देश्यहरू प्राप्ति गर्ने अभियानमा सहयोग पुर्याउन र सहभागी हुन चाहने १४ देखि २५ वर्षसम्मका कुनै पनि व्यक्तिले निर्धारित शुल्क तिरी आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषा वा अन्य कुनै आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न सक्नेछन्। युथ नेटवर्कमार्फत बनेका सदस्यहरू सम्बन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागी हुन सक्नेछन्। उनीहरूले राष्ट्रिय सचिवालयबाट समर्थक सदस्यता पनि लिन सक्ने छन्।[16] यस्ता सदस्यहरूलाई सम्बन्धित युथ नेटवर्कमा र सम्बन्धित युथ नेटवर्कमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ।[17]

**(घ) मानार्थ सदस्यता**

समाजको विभिन्न क्षेत्रमा रही सामाजिक प्रतिष्ठा हाँसिल गरेका वा मानवअधिकार प्रवर्र्धन र संवर्धनमा योगदान पुर्याउँदै आएका व्यक्तिलाई तोकिएबमोजिम एम्नेस्टी नेपाल शाखाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।[18]

### ७.२. सदस्यता प्राप्ति

विधानको दफा ७ को उपदफा १ बमोजिमको प्रकृया पुरा गरी राष्ट्रिय सचिवालयबाट सदस्यता प्रदान गरिने छ। यसरी प्रदान गरिएको सदस्यहरूको सदस्यता अवधि दुई वर्षको रहनेछ र सो अवधि पश्चात पुनः नवीकरण गरी सदस्यता कायम गर्न सकिनेछ।[19]

### ७.३. सदस्यताका लागि आवश्यक योग्यताः

एम्नेस्टी नेपालको सदस्यता प्राप्त गर्नका लागि आवश्यक प्रावधानहरू निम्नानुसार रहेका छन्ः

(क) एम्नेस्टी नेपालको विधान र उद्देश्यहरू पालनाको प्रतिबद्धता।

(ख) एम्नेस्टी नेपालबाट निर्धारित शुल्कको भुक्तानी।

(ग) मानसिक सन्तुलन नगुमाएको।

(घ) भ्रष्टाचारमा दोषी नठहरिएको।

(ङ) मानवअधिकार ज्यादती र उल्लङ्घन हुने खालका कुनै कार्यमा संलग्न नरहेको।

### ७.४. सदस्यता नवीकरण :

[16] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्थाः एम्नेस्टी नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पुर्यउने र सहभागी हुन चाहने १४ देखि २५ वर्षसम्मका कुनै पनि व्यक्तिले आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न सक्नेछन्। युथ नेटवर्कमार्फत बनेका सदस्यहरू सम्बन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागी हुन सक्नेछन्। साथै तोकिएअनुसार एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ।

[17] सातौं संशोधन २०७८ द्वारा थप गरिएको।

[18] पाँचौं सैशोधन २०७४ मार्फत संशोधन गरिएको । संशोधन अघि निम्न प्रावधान रहेको थियोः

(घ) साधारण सदस्यता

एम्नेस्टी नेपालले संचालन गर्ने अभियान संचालनका लागि नियमित रूपमा आर्थिक सहयोग प्रदान गर्ने, यसको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाले संचालन गर्ने अभियानमा सहभागि हुदै सहयोग पुऱ्याउदै आएका दक्ष, अनुभवी तथा प्रतिष्ठित व्यक्तिलाई तोकिए वमोजिम एम्नेस्टी नेपाल शाखाले साधारण सदस्यता प्रदान गर्न सक्नेछ। यसरी सदस्यता दिदा आस्था, धर्म, बर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद गरिने छैन।

[19] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्था : नेसनल बोर्डले निर्धारण गरे बमोजिमको प्रक्रिया पुरा गरी राष्ट्रिय सचिवालयबाट सदस्यता प्रदान गरिने छ।

(क) हरेक सदस्यले आफ्नो सदस्यता समाप्त भएको छ महिनाभित्र आफ्नो सदस्यता नवीकरण गराउनु पर्ने छ। तोकिएको समय भुक्तान भइसकेपछि नवीकरण गरिने छैन, तर नयाँ सदस्यता प्राप्तिका प्रकृयाका लागि बाधा भने पुग्ने छैन।

(ख) नेसनल बोर्डले उपयुक्त कारण खुलाई कुनै व्यक्तिको सदस्यता नवीकरण नगर्ने भन्ने निर्णय गर्न सक्दछ।

(ग) नेसनल बोर्डले सदस्यता नवीकरण नगर्ने निर्णय गरिएका व्यक्तिलाई पुनरावेदन गर्ने अधिकार भने हुनेछ।[20]

## ८. सदस्यताको समाप्ति

(१) देहायको कुनै एक अवस्थामा एम्नेस्टी नेपालको कुनै पनि सदस्यको सदस्यता समाप्त हुनेछः

(क) लिखित राजिनामा दिई स्वीकृत भएमा,

(ख) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी नेपालको विधान, नीति र उद्देश्य विपरीत कार्य गरेमा,

(ग) सदस्यताको म्याद समाप्त भएमा,

(घ) विधानको भाग ३ दफा ७.३ बमोजिमको योग्यता नरहेमा,

(ङ) मृत्यु भएमा

(च) युथ नेटवर्क सदस्यको हकमा सम्बन्धित सदस्यको उमेर पच्चीस वर्ष पूरा भएमा ।

(२) समूहगत सदस्यको हकमा सम्बन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहको सिफारिसमा नेसनल बोर्डले सदस्यता समाप्तिसम्बन्धी निर्णय गर्नेछ। यदि सम्बन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहले सिफारिस नगरेमा नेसनल बोर्डले सदस्यता समाप्तिको निर्णय गर्ने छ।

(३) समर्थक सदस्यको सदस्यता समाप्तिसम्बन्धी निर्णय नेसनल बोर्डले गर्नेछ।

# भाग-४
# साङ्गठनिक संरचना

## ९. साधारणसभा

### ९.१. साधारणसभाको स्वरूपः

वर्षमा एकपटक आयोजना गरिने साधारण सभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। साधारण सभाले हरेक दुई/दुई वर्षमा नेसनल बोर्ड र पुनरावेदन समितिको नियमित निर्वाचन गर्नेछ। साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ।[21]

९.२. साधारण सभाको बैठक हरेक वर्ष बस्नेछ ।. . . ✂[22]

### ९.३. (१) साधारण सभाको गठनः

साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :

(क) नेसनल बोर्डका पदाधिकारीहरू,

---

[20] पाँचौं सैशोधन २०७४ मार्फत संशोधन गरिएको। संशोधन अघि निम्न प्रावधान रहेको थियोः (ग) यसरी नवीकरणवाट वन्चित भएकालाई पुनरावेदन गर्ने अधिकार हुनेछ ।

[21] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्था : साधारणसभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। राष्ट्रिय परिषद् र समूहहरूको राष्ट्रिय बैठक गरी यसको दुईओटा स्वरूप हुनेछ। नेसनल बोर्ड र पुनरावेदन समितिको नियमित निर्वाचन गर्ने, संस्था विघटनको सिफारिस गर्ने तथा यस विधानमा राष्ट्रिय परिषद्ले गर्ने भनी तोकिएकामा बाहेक समूहहरूको राष्ट्रिय बैठकका सबै अधिकार राष्ट्रिय परिषद् सरह हुने छ।

[22] छैठौं संशोधन २०७६ द्वारा हटाइएको। सोअघिको व्यवस्थाः साधारण सभाको बैठक हरेक वर्ष बस्ने छ। प्रत्येक २÷२ वर्षमा राष्ट्रिय परिषद्को बैठक बस्ने छ। राष्ट्रिय परिषद्को बैठकको अन्तरालमा समूहहरूको राष्ट्रिय बैठक बस्ने छ।

(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,
(ग) मान्यता प्राप्त समूहबाट अनिवार्य एक जना महिलासहित दुई जना प्रतिनिधि,
(घ) मान्यता प्राप्त युथ नेटवर्कबाट अनिवार्य एक जना महिलासहित दुई जना प्रतिनिधि,
(ङ) समर्थक सदस्यहरूमध्येबाट अनिवार्य एक जना महिलासहित दुई जना प्रतिनिधि,
(च) निमार्णाधिन समूहबाट अनिवार्य एक जना महिलासहित दुई जना पर्यवेक्षक,
(छ) निमार्णाधिन युथ नेटवर्कबाट अनिवार्य एक जना महिलासहित दुई जना पर्यवेक्षक,
(ज) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,
(झ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,
(ञ) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू,
(ट) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू।

**(२) मताधिकारः**

एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त समूह र युथ नेटवर्कका दुई/दुई जना प्रतिनिधि र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई जना प्रतिनिधिहरूमा मताधिकार रहनेछ।[23]

९.४. ✂ ✂ ✂

**९.५ विशेष सधारणसभा :**

(क) एम्नेस्टी नेपाल अन्तर्गतका २५ प्रतिशत समूह र युथनेटवर्कहरूले तोकिएबमोजिम विशेष कारण देखाई विशेष साधारणसभाको माग गरेमा नेशनल बोर्डले त्यस्तो अनुरोध प्राप्त भएको ४५ दिनभित्र विशेष साधारणसभा बोलाउने छ।
(ख) तत्काल विशेष साधारण सभाबाट कुनै विषयमा अन्तिम निर्णय लिनुपर्ने परिस्थिति सिर्जना भएमा नेसनल बोर्डले आवश्यकताअनुसार विशेष सधारणसभा बोलाउन सक्नेछ ।
(ग) विशेष साधारणसभा जुन कार्यका लागि माग गरिएको वा बोलाइएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय लिइनेछ।
(घ) विशेष साधारण सभाको गठन दफा ९.३ बमोजिम हुने छ ।
(ङ) विशेष साधारणसभा माग भएको ९० दिनभित्र नियमित वार्षिक साधारणसभा बस्ने भए त्यस्तो विशेष साधारणसभा बोलाउन नेसनल बोर्ड बाध्य हुने छैन तर विशेष साधारणसभामा पेस गर्ने भनिएका प्रस्ताव नियमित साधारणसभामा प्रस्तुत गर्न पर्नेछ।
(च) विशेष सधारणसभाको जानकारी ३० दिन अगाडि नै समूह र युथनेटवर्कहरूलाई पठाउनु पर्नेछ ।

**९.६. साधारणसभाको बैठक :**

(क) साधारणसभाको बैठक प्रत्येक वर्ष नेसनल बोर्डबाट निर्धारण भएको मिति, समय र स्थानमा हुने छ र एम्नेस्टी नेपालअन्तर्गतका सबै समूह, युथ नेटवर्क, समर्थक सदस्य, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कहरूलाई[24] यस्तो बैठकको सूचना ४५ दिन अगावै गरिने छ।
(ख) साधारणसभाको अध्यक्षता नेसनल बोर्डले तोकेको व्यक्तिले गर्ने छ।
(ग) साधारणसभाको गणपूरक सङ्ख्या दुई तिहाई (६७ प्रतिशत) हुनेछ। तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ।[25]

[23] सातौं संशोधन २०७८ द्वारा संशोधित।
[24] सातौं संशोधन २०७८ द्वारा संशोधित।
[25] पाँचौं संशोधन २०७४ ले थपेको।

(घ) साधारणसभामा कुनै विषयउपर मतभेद भई निर्णय गर्नुपरेमा एक व्यक्ति एक मतका आधारमा बहुमतबाट गरिने छ।

(ङ) साधारणसभामा कुनै विषयउपर विवाद भई पक्ष विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन्।

**९.७. साधारणसभाको काम, कर्तव्य र अधिकार :**

(क) एम्नेस्टी इन्टरनेसनलको एकीकृत रणनीतिक लक्ष्य (Strategic Goals)[26] मा आधारित एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजना तर्जुमा गर्ने,

(ख) एम्नेस्टी इन्टरनेसनलको आर्थिक नीतिमा आधारित एम्नेस्टी नेपालको आर्थिक नीति तर्जुमा गर्ने,

(ग) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचन गर्ने,

(घ) एम्नेस्टी नेपालको कार्यप्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, बजेट, कार्ययोजना तथा राष्ट्रिय सचिवालयको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने,

(ङ) लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने,

(च) अन्य आवश्यक प्रस्तावहरू पारित गर्ने।

## १०.१ नेसनल बोर्ड

**(क) नेसनल बोर्ड (National Board) को गठनः** एम्नेस्टी नेपालको वार्षिक साधारणसभाको अन्तरालमा आवश्यक पर्ने नीतिगत निर्णय गर्न एवं एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि निम्नबमोजिम नेसनल बोर्ड (National Board) गठन हुने छ।

(क) अध्यक्षः १

(ख) उपाध्यक्षः १ जना

(ग) महासचिवः १ जना

(घ) कोषाध्यक्षः १ जना

(ङ) उपमहासचिवः १ जना

(च) सदस्यहरू : छ जना (कम्तिमा एक महिला सहित दुईजना युवा सदस्य सहित)[27]

**(ख) नेसनल बोर्डको निर्वाचन**

(१) साधारण सभाबाट निम्नानुसारका पदाधिकारीहरूको निर्वाचन हुने छ ।

(क) अध्यक्षः १ जना

(ख) कोषाध्यक्षको १ जना

(ग) सदस्य ९ जना (कम्तीमा ३ जना महिला र दुई जना युवा सदस्य जसमा एकजना अनिवार्य महिला)।

नोटः यस उपखण्डको प्रयोजनका लागि मतदानको अधिकार एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त समूह, युथ नेटवर्क र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई/दुई जना[28] प्रतिनिधिहरूलाई रहनेछ।

(२) ✂ ✂ ✂ [29]

[26] पाँचौं संशोधन २०७४ द्वारा संशोधित। सोअघि ". . .एकीकृत रणनीतिक योजना . . ." रहेको ।
[27] पाँचौं संशोधन २०७४ ले थपेको।
[28] सातौं संशोधन २०७८ द्वारा संशोधित।
[29] सातौं संशोधन २०७८ द्वारा हटाइएको।

(३) यसरी विधानको भाग ४, दफा १०.१ (ख) (१) अनुसारका अध्यक्ष, कोषाध्यक्ष र सदस्यहरूको पहिलो बैठक[30]बाट दफा १०.१ (क) को बाँकी पदाधिकारीहरू (उपाध्यक्ष, महासचिव र उपमहासचिव) को नियुक्ति हुनेछ।

(४) निर्वाचन प्रयोजनका लागि नेसनल बोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा निर्वाचन समिति गठन गर्ने छ। निर्वाचन समिति तोकिए बमोजिम हुनेछ।[31]

(५) निर्वाचनसम्बन्धी कार्यविधि अन्यथा तोकिएकामा बाहेक संयोजक वा निर्वाचन समितिले तोकेबमोजिम हुने छ।

(६) नेसनल बोर्डको पदावधि निर्वाचित भएको मितिबाट दुई वर्षको हुनेछ।

(७) अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्षले लगातार दुई कार्यकालसम्म निर्वाचित भइसकेपछि पुनः तेश्रो कार्यकालका लागि सोही पदमा उम्मेदवारी दिन पाउने छैन भने नेसनल बोर्डमा एउटै व्यक्तिले लगातार छ वर्षभन्दा बढी कार्यकालका लागि उम्मेदवारी दिन सक्ने छैन ।

**(ग) नोमिनेसन कमिटि**

(१) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिने व्यक्तिको क्षमता तथा दक्षता मूल्याङ्कन गर्न नेसनल बोर्डले एक नोमिनेसन कमिटि गठन गर्नेछ । जसमा संयोजक र दुई जना सदस्य रहनेछन् ।

(२) यस कमिटिले एम्नेस्टी इन्टरनेसनलको परिदृश्य, उद्देश्य र मूल आदर्श बुझेका एवं एम्नेस्टी नेपालको बोर्डमा रही कार्य गर्न दक्षता हाँसिल गरेका व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई नेसनल बोर्डको निर्वाचनमा उम्मेदवारी दिन प्रोत्साहित र आमन्त्रित गर्न सक्नेछ ।

(३) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिन चाहने एम्नेस्टी नेपाल समूह, युथ नेटवर्क र समर्थक सदस्यहरूले सम्बन्धित पदमा कार्य गर्नका लागि आफूसँग भएको योग्यता र क्षमता लगायतका विषय उल्लेख गरी तोकिएबमोजिमको चाहनापत्र कमिटिसमक्ष पेश गर्नु पर्नेछ ।

(४) कमिटीमा प्राप्त हुन आएका चाहनापत्रहरूको आधारमा सम्बन्धित पदमा नीजको योग्यता र क्षमता पुगे नपुगेको विषयमा तोकिएको कार्यक्षमता ढाँचा (competency framework) का आधारमा मूल्याङ्कन गरी उक्त उम्मेदवारीका सम्बन्धमा नोमिनेसन कमिटिले सिफारिश गर्न सक्नेछ । उम्मेदवारी दिनु अगावै उक्त व्यक्तिले एम्नेस्टी नेपालको सदस्यता भने लिएको हुनुपर्दछ ।

(५) कमिटिको गठन एवं काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।[32]

## १०.२. उम्मेदवारको योग्यता तथा अयोग्यता

(क) एम्नेस्टी नेपालको साधारण सभामा हुने नेसनल बोर्ड वा पुनरावेदन समितिको निर्वाचनमा एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कका सदस्य, समर्थक सदस्य र नोमिनेसन कमिटिले[33] आमन्त्रित सदस्यले मात्र उम्मेदवारी दिन पाउने छन्।

---

[30] सातौं संशोधन २०७८ द्वारा संशोधित।

[31] पाँचौं संशोधन २०७४ ले संशोधन गरेको। सो अघि निम्न व्यवस्था रहेको थियो :

(२) तोकिए वमोजिम चयनहुने गरी युथ नेटवर्कबाट कम्तिमा एकजना महिला सहित दुईजना सदस्य।

(३) उल्लेखित १ (ग) र २ अनुसरका सदस्यहरु मध्येबाट तोकिए अनुसार दफा १०.१ (क) को वाँकी पदाधिकारीहरुको कार्यविभाजन हुने छ।

(४) निर्वाचन प्रयोजनका लागि नेसनल बोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा संस्थाका पूर्व अध्ययक्ष मध्येवाट एक जनाको संयोजनमा निष्पक्ष निर्वाचन समिति गठन गर्ने छ।

[32] पाँचौं संशोधन २०७४ द्वारा संशोधित। सोपूर्व निम्न व्यवस्था रहेको : **(ग) उमेदवारको क्षमता र दक्षता मूल्यांकन समिति (नोमिनेसन कमिटि)**

(क) संस्थाको पूर्व अध्यक्षको संयोजकत्वमा तिन सदस्यीय नोमिनेसन कमिटी गठन गरिने छ। यस कमिटिले तोकिए अनुसार नेसनल बोर्डका उमेदवारहरुको क्षमता र दक्षताको मूल्यांकन गर्नेछ।

(ख) यस कमिटिले साधारण सदस्यहरूमध्येबाट पनि एआईको परिदृश्य, उदेश्य, मूल आदर्श बुझेका क्षमता र दक्षवान व्यतित्वहरूलाई नेतृत्वमा आउनको लागि त्यस्ता व्यक्तिहरूको पहिचान गरि उनिहरूलाई नेसनल बोर्डको उमेदवारीको लागि प्रोत्साहित र आमन्त्रित गर्न सक्ने छ।

[33] सातौं संशोधन २०७८ द्वारा संशोधित।

(ख) नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय पाएको, विगतमा मानव अधिकार विरोधी कार्यमा संलग्न भएको, एम्नेस्टी इन्टरनेसनलको नीति तथा कार्यक्रमप्रति अनास्था राखे, एम्नेस्टी इन्टरनेसनललाई कुनै रकम तथा जिन्सी तिर्न बाँकी बक्यौता भएको, महिला हिंसा, बाल हिंसा, दुराचार, जालसाजी र छलकपटजन्य कुनै पनि गतिविधिमा संलग्न रहेको, कुनै पनि राजनीतिक दलको स्थानीय, प्रादेशिक, जिल्ला वा केन्द्रीयस्तरका समिति, कार्य दल वा भातृ सङ्गठनको कार्यसमिति[34] सदस्य रहेको वा नोमिनेसन कमिटिको मूल्यांकनबाट तोकिएबमोजिमको योग्यता नपुगेको व्यक्ति नेसनल बोर्ड वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन। साथै उल्लेखित कुनै कुरा लुकाई उम्मेदवार भई निर्वाचित भएको तथ्य पछि खुल्न आएमा निर्वाचित भइसकेपछि पनि त्यस्ता समितिहरूको सदस्य भएमा निज स्वतः पदमुक्त भएको मानिने छ। यसरी पदमुक्त भएको घोषणा गर्दा नेसनल बोर्डले निजलाई सफाइको मौकाबाट वञ्चित गर्ने छैन।

### १०.३. नेसनल बोर्डको काम, कर्तव्य र अधिकार

(क) एम्नेस्टी इन्टरनेसनल नेपालको रणनीतिक दिशा र लक्ष्य निर्धारण गर्ने,

(ख) एम्नेस्टी इन्टरनेसनलको ग्लोबल गभर्नेन्ससम्बन्धी प्रकृयाहरू जस्तै ग्लोबल असेम्ब्ली (global assembly), रिजनल फोरम, भर्चुअल असेम्ब्ली वा फोरम लगायतमा एम्नेस्टी नेपालको तर्फबाट प्रभावकारी अन्तर्राष्ट्रिय प्रतिनिधित्व र सहभागिताको सुनिश्चित गर्ने र सो बैठकका निर्णयहरूलाई परिपालना गर्ने गराउने,

(ग) इन्टरनेसनल बोर्ड र अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) बाट प्रेषित रणनीति तथा निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(घ) एम्नेस्टी नेपालको साधारण सभाबाट पारित वार्षिक कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन गर्ने,

(ङ) एम्नेस्टी नेपालको प्रशासनिक तथा आर्थिक श्रोत आर्जन र व्यवस्थापन सम्बन्धी संरचनात्मक मापदण्डहरू तयार गरी संस्थाको वित्तीय यथार्थता र संभाव्यता (financial viability and feasibility) लाई सुनिश्चित गर्न आवश्यक रणनीतिहरू निर्माण गरी लागू गर्ने गराउने,

(च) संस्थाको आवश्यकताअनुरुप विभित्र समिति र उपसमितिहरूको गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,

(छ) संस्थाका लागि आवश्यक सल्लाह र सुझाव लिने उद्देश्यका साथ नेसनल बोर्डले बढीमा तीन जना (एकजना अनिवार्य महिला) सल्लाहकार नियुक्त गर्न सक्नेछ।[35]

(ज) एम्नेस्टी इन्टरनेसनल नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम, उपनियम तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

(झ) कुनै सदस्यको सदस्यता, निर्माणाधिन तथा मान्यता प्राप्त समूह, युथ नेटवर्क वा नेसनल बोर्डका पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावलीअनुरूप निलम्बन, निष्कासन वा खारेज गर्ने,

(ञ) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी इन्टरनेसनल नेपालको नीति एवं विधानअनुरूपको कार्यमा सदस्य, समूह एवं युथ नेटवर्कलाई सक्रिय बनाउन आवश्यक निर्देशिका एवं कार्यविधि(हरू) निर्माण गरी लागू गर्ने र

(ट) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

---

[34] सातौं संशोधन २०७८ द्वारा संशोधित।

[35] छैठौं संशोधन २०७६ द्वारा हटाइएको। सोअघिको व्यवस्थाः

(क) एम्नेस्टी इन्टरनेसनलको ग्लोबल एसेम्ब्ली र इन्टरनेसनल बोर्ड एवं अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) का निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(ख) साधारणसभाबाट निर्धारित नीतिअनुरूप कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) एम्नेस्टी नेपालको प्रशासनिक, आर्थिक, श्रोत व्यवस्थापन र अभियान सञ्चालन जस्ता कार्यहरूको अनुगमन गर्नु,

(घ) नेसनल बोर्डलाई आवश्यक सल्लाह दिन बढीमा तीन जना सल्लाहकार नियुक्तज्ञछ गर्न सक्ने,

(ङ) संस्थाको विशेष आवश्यकताअनुरूप विभित्र उपसमिति र विशेष समिति (हरू) को गठन गरी त्यसको काम, कर्तव्य र अधिकार तोक्ने,

(च) एम्नेस्टी नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम, उपनियम तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

### १०.४. नेसनल बोर्ड पदाधिकारीहरूको[36] काम, कर्तव्य र अधिकार

नेसनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) नेसनल बोर्ड बैठकको अध्यक्षता तथा सञ्चालन गर्ने,

(ख) एम्नेस्टी नेपालको निर्देशकको नियुक्ति गर्ने र नीजको कामको सुपरीवेक्षण एवं कार्यसम्पादन मूल्याङ्कन गर्ने।[37]

(ग) एम्नेस्टी नेपालका तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(घ) आवश्यकताअनुसार अन्य पदाधिकारी तथा सदस्यहरूलाई कार्यभार सुम्पने, र

(ङ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

. . . ✂[38]

(क) अध्यक्षले तोकेको जिम्मेवारी पूरा गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र

(ग) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

(३) महासचिवको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको सल्लाहमा नेसनल बोर्डको बैठक तथा अन्य सभाहरू बोलाउने,

(ख) अभिलेखहरू तयार गरी सुरक्षित राखिएको सुनिश्चित गर्ने,

(ग) वार्षिक साधारण सभामा नेसनल बोर्डको गतिविधिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने, र

(घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

(४) उपमहासचिवको काम, कर्तव्य र अधिकार

. . . ✂[39]

(क) महासचिवको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र

(ख) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

(५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) एम्नेस्टी नेपालको कोषको सञ्चालन नियमानुसार भएको सुनिश्चित गर्ने,

(ख) वार्षिक साधारणसभामा एम्नेस्टी नेपालको आय-व्यय विवरण प्रस्तुत गर्ने,

(ग) एम्नेस्टी नेपालको लेखा दुरुस्त राखिएको सुनिश्चित गर्ने,

(घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

(६) सदस्यहरूको काम, कर्तव्य र अधिकार

(क) नेसनल बोर्डको बैठकमा नियमित उपस्थित भई छलफलमा सक्रिय रूपमा सहभागी हुने,

(ख) एम्नेस्टी नेपालद्वारा आयोजना गरिएका कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउने,

(ग) एम्नेस्टी नेपालको गतिविधि तथा कार्यक्रमहरूलाई प्रभावकारी बनाउन रचनात्मक सहयोग गर्ने,

(घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

---

[36] छैठौं संशोधन २०७६ द्वारा परिवर्तित। सोअघि "अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको" रहेको।

[37] पाँचौं संशोधन २०७४ द्वारा संशोधित। सोअघि निम्न व्यवस्था रहेकोः

ख) मतदानको कार्यमा मत बराबर भएमा निर्णायक मत दिने,

[38] पाँचौं संशोधन २०७४ द्वारा हटाइएको। सोअघि निम्न व्यवस्था रहेकोः क) अध्यक्षलाई निजको काममा सहयोग गर्ने,

[39] पाँचौं संशोधन २०७४ द्वारा हटाइएको। सोअघि निम्न व्यवस्था रहेकोः क) महासचिवलाई निजको काममा सहयोग गर्ने,

### १०.५. नेसनल बोर्डको बैठक

(१) नेसनल बोर्डको बैठक विशेष परिस्थितिमा बाहेक प्रत्येक तिन महिनामा एकपटक बस्ने छ।

(२) नेसनल बोर्ड बैठकको गणपूरक सङ्ख्या (कोरम) ५१ प्रतिशत हुने छ।

(३) नेसनल बोर्डको बैठकमा मतभेद भई दुबैतर्फ मत बराबर भएको खण्डमा अध्यक्षले निर्णायक मत दिने छन्।

(४) नेसनल बोर्डको बैठक नबसेको समयमा गर्नुपर्ने आवश्यक कार्यहरू महासचिवले अध्यक्षको परामर्श र सहमतिमा कार्यान्वयन गर्न सक्ने छन् र त्यसलाई आगामी नेसनल बोर्ड बैठकमा आवश्यकताअनुसार पेस गरी अनुमोदन गराउनु पर्ने छ।

(५) एम्नेस्टी नेपालका निर्देशक नेसनल बोर्ड बैठकमा सहभागी हुने छन् तर निजलाई मताधिकार भने हुने छैन।

(६) राष्ट्रिय सचिवालयका अन्य कर्मचारीलाई पनि नेसनल बोर्ड बैठकमा आमन्त्रण गर्न सकिने छ तर बैठकमा उनीहरूको पनि मताधिकार हुने छैन।

### १०.६. पदरिक्तता

देहायका मध्ये कुनै एक अवस्थाहरूमा नेसनल बोर्डको कुनै पदाधिकारीको पद रिक्त भएको मानिने छः

(१) मृत्यु भएमा,

(२) अध्यक्षले नेसनल बोर्ड समक्ष र अन्य पदाधिकारीले अध्यक्षसमक्ष दिएको राजिनामा नेसनल बोर्डबाट स्वीकृत भएमा,

